# अध्याय एक

# शोधपरिचय

## १.१ विषय प्रवेश

डोटेली लोकसाहित्य र लोकसंस्कृतिका अध्येता निर्मलकुमार भण्डारी लोकसाहित्य र लोकसंस्कृतिको इतिहासमा परिचित नाम हो । उनको जन्म वि.सं. २०१३ साल माघ १२ गतेका दिन सेती अञ्चल डोटी जिल्ला सरस्वतीनगर गा.वि.स. वडा नं. ६ वेल्टुक्रा जोरायल डोटीमा भएको हो । सानैदेखि नै धेरै लगनशील, मेहनती र मिलनसार भण्डारीले शिक्षण पेशा कै सिलसिलामा २०३८ सालदेखि नै साहित्य क्षेत्रमा कमल चलाउन सुरु गरेको पाइन्छ । छन्द कविता, डोटेली गीत तथा विविध विधामा कलम चलाउने भण्डारीले २०५२ सालमा कर्तव्यबोध कविता संङ्ग्रह प्रकाशन गरी आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिएको पाइन्छ ।

डोटेली लोक साहित्य र लोक सँस्कृतिप्रति अभिरुचि तथा अध्ययनमा अनुसन्धानात्मक ज्ञान र सीप देखाएर आफ्नो प्राज्ञिक र अनुसन्धानात्मक बाटो रोजेको पाइन्छ । निर्मलकुमार भण्डारीले २०७५ सालमा आइपुग्दा माया दुरिदैन जस्तो डोटेली गीतिसङ्ग्रह प्रकाशन गरी डोटेली लोक साहित्यलाई अतुलनीय योगदान पुऱ्याएका छन् । भण्डारीले कर्तव्यबोध (कविता संग्रह २०५२), चेलीवेटीको बिलौना (गीति विश्लेषण २०५२), सावधान नयाँ युग आउँदैछ (खण्डकाव्य २०५४), आमा (शोककाव्य २०७१), दरबार हत्याकाण्ड (शोककाव्य २०५८), निर्मलमणि (कविता सङ्ग्रह २०७२), प्रेमराज (शोक काव्य २०६५) र माया दुरीदैन (डोटेली गीतिसंङ्ग्रह २०७५) जस्ता कृति र विभिन्न पत्रपत्रिकाहरूको सम्पादनबाट सम्पादक व्यक्तित्व पनि उचाईमा पुगेको पाइन्छ । यसै गरी लोक साहित्य र लोक सँस्कृति सम्बन्धी ६० भन्दा बढी लेखहरू दैनिक पत्रपत्रिकामा प्रकाशित भएका छन् । भण्डारी वि.सं. २०३३ बाट शिक्षण सेवामा प्रवेश गरेपनि आफ्नो लोक साहित्यिक यात्रालाई निरन्तरता दिइरहने एक लगनशील प्रतिभा हुन् । नेपाली लोकसाहित्यका अध्येता भण्डारी मूलतः कविता विधा र डोटेली लोकसाहित्यको अध्ययनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । नेपालको २०४६ सालको जनआन्दोलनमा विभिन्न आरोपमा जेल जीवन भोगेका भण्डारी स्थायी शिक्षक भई सेवारत रहँदा २०५२ सालको ने.क.पा. माओवादीको सशस्त्र द्वन्द्वका कारण बाध्यतात्मक परिस्थितिमा नोकरीबाट राजिनामा दिई डोटीबाट कैलाली बसाई सार्नुपर्ने बाध्यता भयो । विविध परिस्थितिको

सामना गर्दागर्दै पनि भण्डारीले आफ्नो लेखन यात्रा कहिल्यै रोक्न् भएन । डोटी मुडभराका साहित्यकार गिरिराज जोशीको त्रैमासिक साहित्यिक पत्रिका रैबारे पढेर जोशीबाट प्रमावित भई डोटेली लोकसाहित्यमा कलम चलाउन सुरु गरेका भण्डारीले आफ्नो जीवनका थुप्रै आरोह अवरोहहरू छिचोल्दै निरन्तर डोटेली लोक साहित्य तथा कविता विधाको अध्ययन र अनुसन्धान गर्ने कुरामा पछाडि पर्नु भएको छैन ।

## १.२ समस्याकथन

वि.सं.२०३८ सालबाट लोकसाहित्यको अध्ययन यात्रा प्रारम्भ गरेका निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरू रहेका छन् उनले कविता विधाको अध्ययन, लेखन तथा डोटेली साहित्यको अध्ययन र विश्लेषण गरी थुप्रै कृतिहरू प्रकाशन गर्नुका साथै पत्रपत्रिकाको सम्पादन गरेका छन् । उनका प्रकाशित कृति र फुटकर रचनाको बारेमा सामान्य चर्चा पाइएपनि अरु अझसम्म तिनको व्यवस्थित अध्ययन विश्लेषण हुन सकेको छैन, त्यसैले प्रस्तुत शोध कार्य भण्डारीको जीवनी र व्यक्तित्वका विविध पाटाहरू बारे अध्ययन गर्न निम्नानुसारका समस्यामा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

(क) निर्मलकुमार भण्डारीको जीवनी के कस्तो छ ?

(ख) निर्मलकुमार भण्डारीका व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?

(ग) निर्मलकुमार भण्डारीका कृतिहरूमा के कस्ता विषय र विशेषताहरू रहेका पाइन्छन् ?

## १.३ शोध कार्यको उद्देश्य

शोधकार्यको क्रममा शोध समस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेकोले समस्याकथनमा औल्याइएका विषयहरू नै अध्ययनका उद्देश्यहरू हुन् तसर्थ प्रस्तुत शोधपत्रका उद्देश्यहरूलाई निम्नलिखित बुँदाहरूका माध्यमबाट औल्याइएको छ ।

(क) निर्मलकुमार भण्डारीको जीवनीको अध्ययन गर्नु ।

(ख) निर्मलकुमार भण्डारीका व्यक्तित्वका पाटाहरूको अध्ययन गर्नु ।

(ग) निर्मलकुमार भण्डारीका प्रकाशित कृतिहरूको अध्ययन र विश्लेषण गरी तिनमा रहेका विशेषताहरू पाहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्य र डोटेली लोक संस्कृति एवं लोक साहित्यका विविध विधाहरूको संकलन अध्ययन, अनुसन्धान र विश्लेषण जस्ता महत्वपूर्ण कार्यहरू विगत चार दशकदेखि हुँदै आएको छ । यस क्रममा विगत दुई दशक भन्दा बढी समयदेखि डोटेली लोक साहित्यको संकलन र अध्ययनमा समर्पित नाम हो निर्मलकुमार भण्डारी । यति हुँदा हुँदै पनि दुई दशकदेखि लोक साहित्यमा साधनारत निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व, कृतित्व र योगदानका बारेमा अध्ययन, विश्लेषण र मूल्यांकन गर्ने कार्य आजसम्म भई नसकेको देखिन्छ । तापनि उनका बारेमा जेजति छिटफुट रूपमा भएका समीक्षात्मक टिप्पणीहरूलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिन्छ ।

१) कर्तव्यबोध सन्देश (कविता संग्रह) २०५२ को प्रकाशकीयमा निर्मलकुमार भण्डारीको बारेमा सामान्य चर्चा गरिएको पाइन्छ । ग्रामीण जीवनमा रहेका लोकसाहित्यलाई अध्ययन अनुसन्धान तथा संकलन गरी त्यसको जगेर्ना गर्ने कुशल अध्येताका रूपमा उनको बारेमा चर्चा गरिएको पाइन्छ ।

२) चेलीवेटीको विलौना (गीति विश्लेषण) २०५२, को प्रकाशनपछि निर्मलकुमार भण्डारीको बारेमा सामान्य चर्चा गरिएको पाइन्छ । ग्रामीण डोटेली जीवनमा रहेको साहित्यलाई अध्ययन अनुसन्धान गरी त्यसको जर्गेना गर्ने अध्यताका रूपमा उनको बारेमा चर्चा गरिएको पाइन्छ । सो कृति प्रकाशन भएपछि सो कृतिका केही अंशहरू त्रैमासिक पत्रिका सुदूर चिनारीको पेज नं. ३६ मा छापिएको पाइन्छ । जसका सम्पादक एन.के. जोशी रहेका थिए ।

३) सावधान नवयुग आउँदैछ, २०५४, प्रकाशनपछि निर्मलकुमार भण्डारीको बारेमा सामान्य चर्चा गरिएपनि यस खण्ड काव्यमा उनले दिनानुदिन पतनोन्मुख विश्व समुदाय खास गरी आर्य संस्कृतिका अनुयायीहरूलाई आफ्ना पूर्वजहरूले दिएर गएका सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नतर्फ अभिप्रेरित गर्नु भएको छ ।

४) आमा (शोककाव्य), २०७१ प्रकाशनपछि भण्डारीका बारेमा समाजमा सामान्य चर्चा रहेपनि यस काव्यका केही अंशहरू स्थानीय पत्रपत्रिकामा प्रकाशनमा छापिएको देखिन्छ । जस्तै प्रमुख सम्पादक वासुदेव पाण्डे रहेको सुदूरपश्चिम साहित्य समाज धनगढीको

वार्षिक मुखपत्रको पेज नं. ५० मा आमा (शोककाव्य) का केही अंशहरूको बारेमा छापिएको पाइन्छ । मानव जीवन यात्रा अनन्त छ । यो कहिल्यै टुंगिदैन । एउटा जीवन समाप्त पश्चात्को मृत्यु, यात्राजन्य विश्रामको श्रेणीको चौतारी जस्तो मात्रै हो । आफू जन्मिएको घर्ती सबैलाई उत्तिकै प्यारो लाग्छ । रमाइलो, मनमोहक र सुन्दर लाग्छ । त्यस्तै आफ्नो संसार विधाता आमा पनि त्यतीकै प्यारी हुन्छन् । मातृ शोकमा परेको प्रवेशमा छोराले आमाप्रति गर्नुपर्ने सबै कर्मको बारेमा यस कृतिमा उल्लेख गरिएको पाइन्छ ।

५) दरबार हत्याकाण्ड २०५८, यो काव्य शोककाव्य हो । यस काव्यको प्रकाशनपछि निर्मलकुमार भण्डारीको बारेमा सामान्य चर्चा रहेपनि यस काव्यको केही अंशहरू स्थानीय पत्रपत्रिकामा छापिएको पाइन्छ । जस्तै सम्पादक दिनानाथ भट्टज्यूको कैलाली जनपुस्तकालयको वार्षिक मुखपत्रको पेज नं. ३४ मा छापिएको पाइन्छ । उक्त काव्य नेपालको २०५८ जेठ १९ को दरबार हतयाकाण्डको मुख्य विषयवस्तु उठान गरिएको पाइन्छ । यो पूर्णरूपमा शोककाव्य हो ।

६) निर्मलमणि कविता सङ्ग्रह २०७२, प्रकाशन पछि निर्मलकुमार भण्डारीको बारेमा केही थोरधेर चर्चा पाइएपनि जति चर्चा हुनु पर्ने थियो त्यति चर्चा नभएको पाइएको छ । सो काव्य कैलालीका महाकाव्यकार मनिराज जोशी र निर्मलकुमार भण्डारी दुवैजनाको संयुक्त कृति हो । यस कृतिका बारेमा सामान्य चर्चा रहेपनि धनबहादुर शाह सम्पादक रहेको परिचर्चा साप्ताहिकको पृ.४ मा यस कृतिका केही अंशहरू छापिएका पाइन्छन् ।

७) प्रेमराज शोककाव्य २०६५, प्रकाशनपश्चात् कवि निर्मलकुमार भण्डारीको बारेमा सामान्य चर्चा गरिएको पाइएपनि यस कृतिको केही अंशहरू डोटेली भाषाको द्वैमासिक पत्रिका गुगुल्टीमा छापिएको पाइन्छ । जसका सम्पादक वीरबहादुर चन्द 'विश्राम' रहेको पाइन्छ । प्रेमराज काव्य पूणतया सत्य घटनामा आधारित कृति रहेको पाइन्छ ।

८) माया दुरीदैन, २०७५ प्रकाशन पश्चात् कवि तथा विश्लेषक निर्मलकुमार भण्डारीको बारेमा त्यति चर्चा नभएपनि स्थानीय रेडियो, एफ.एम. जस्तै रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र दिपायलको देउडा गीतको सेरोफेरो कार्यक्रम तथा दिनेश एफ.एम.,

शुक्लाफाँटा एफ.एम.बाट पनि प्रसारण भएको पाइन्छ । त्यस्तै एन.के. जोशीको सुदूर चिनारी पत्रिकामा पनि यस काव्यका केही अंशहरू छापिएको पाइएको छ । पृ. १६ ।

**पत्रपत्रिकाहरू**

१) निर्मलकुमार भण्डारीका कृतिहरूको भूमिकामा विभिन्न पत्रपत्रिकामा आएका लेखहरूलाई पनि पूर्वकार्यको समीक्षाको आधार बनाइएको छ । यस क्रममा सुदूरपश्चिम साहित्य समाजको वार्षिक मुखपत्रको पेज नं. ५० मा साहित्यकार निर्मलकुमार भण्डारीको साहित्यिक यात्रा शीर्षकमा आलेख प्रकाशित भएको पाइन्छ । डोटेली लोक साहित्य र विभिन्न जातजातीको संस्कृतिको अध्ययनमा योजनाबद्ध ढङ्गले अघि बढिरहेका साहित्यकार भण्डारीले आफ्ना कृतिहरू मार्फत् लोकसाहित्यमा पुऱ्याएको योगदान अतुलनीय मानिन्छ । विशेष गरी डोटेली भाषा जगेर्ना गर्ने हेतुले उनको कलम भाषागत संरक्षणमा बढी नै चलेको पाइन्छ ।

२) वीरबहादुर चन्द विश्रामको द्वैमासिक पत्रिका गुगुल्टीको पृ.४५ मा साहित्यकार निर्मलकुमार भण्डारीका कृतिहरूको चर्चा शीर्षकमा भण्डारीका सबैजस्तो प्रकाशित कृतिहरूको बारेमा चर्चा गरिएको छ । विशेष गरी कविता विधामा बढी कलम चलाउने भण्डारीको लेखन उद्देश्यमा लोपोउन्मुख रहेको साहित्यको एउटा सशक्त विधा कवितालाई लोप हुनबाट कसरी जोगाउन सकिन्छ भन्ने रहेको छ । भने पश्चात् संस्कृतिले हाम्रो संस्कृतिमाथि हमला गरिरहेको बेलामा संस्कृति स्वतन्त्रताको अभियानमा उनी बढी नै होमिएको जस्तो देखिन्छ ।

३) प्रतिभा सामुदायिक पुस्तकालयको वार्षिक स्मारिकामा पृ.२०७ मा प्रकाशित डोटेली लोक साहित्य एक विश्लेषण शीर्षकको एउटा विश्लेषणात्मक लेख प्रकाशित भएको पाइन्छ । यस लेखमा डोटेली लोकसाहित्यको बारेमा चर्चा गरिएको पाइन्छ । वि.सं. १८४७ मा नेपालको सुदूरपश्चिम एकीकरण भएर सिंगो नेपालमा गाभिनु पूर्वको वाईसे चौविसे कालखण्डमा सुदूरपश्चिमको डोटी राज्य एउटै बेग्लै राज्यमा स्थापित भएको, विभाजन अनुसार हालको डोटी र डडेल्धुरा, डोटी राज्यमै रहेको, डोटी र डडेल्धुराको सिमानामा सदरमुकाम भएको पछि सिलगढी सारिएको जस्ता ऐतिहासिक विषयवस्तुहरू उक्त विश्लेषणात्मक लेखमा उल्लेख रहेको पाइन्छ ।

## १.५ शोध कार्यको औचित्य

पूर्व कार्यको अध्ययनबाट के कुरा स्पष्ट भएको छ भने डोटेली लोकसाहित्यका कुशल, अनुसन्धाता, समालोचक, विश्लेषक एवं संकलकका रूपमा परिचित व्यक्ति निर्मलकुमार भण्डारीका बारेमा आजसम्म विस्तृत अध्ययन नहुँदा लोकसाहित्यिक साहित्य प्रेमीहरूका लागि दुःखको कुरा हो । उनका बारेमा अहिलेसम्म जे जति अधययन भएको छ । त्यो पूर्ण छैन । त्यसैले उनको समग्र व्यक्तित्वका साथै उनका कृतिहरूको व्यवस्थित, वैज्ञानिक र तथ्यपरक अध्ययन गरी नेपाली लोक साहितयको अध्ययन परम्पराको इतिहासमा उनको स्थान निर्धारण गर्नु नै यस शोधपत्रको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

निर्मलकुमार भण्डारीको डोटेली लोक साहित्यको संकलन, विश्लेषण, अध्ययन र कविता विधा क्षेत्रमा पुऱ्याएको योगदान तथा विभिन्न पत्रपवित्रका र कृतिहरूको अध्ययन, सम्पादन आदिका क्षेत्रमा विशेष योगदान पुऱ्याएको पाइन्छ । वि.सं. २०७७ मा आइपुग्दा उनको जीवनी, व्यक्तित्व र कृतिहरूको अध्ययन गर्नुपर्ने सीमांङ्कन हो । तापनि यहाँ उपलब्ध कर्तव्यबोध ( कविता संग्रह), चेलीवेटीको विलौना गीति विश्लेषण, सावधान नवयुग (खण्डकाव्य) आउँदैछ, आमा शोकाव्य), दरबार हत्याकाण्ड (शोकाव्य), निर्मलमणी (कविता संग्रह), प्रेमराज ( शोककाव्य) र माया दुरीदैन (डोटेली गितीकाव्य) गरि जम्मा आठ वटा कृतिहरूको अध्ययन गरिएको छ ।

## १.७ सामग्री सङ्कलन

क) प्रस्तुत शोधपत्र निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित भएकाले पुस्तकालयबाट उपलब्ध उनका पुस्तकहरू र पत्रपत्रिकाहरूबाट आवश्यक सामग्रीहरू सङ्कलन गरी अध्ययन गरिएको छ ।

ख) गौण श्रोतः

साहित्य सर्जक एवं अनुसन्धाता निर्मलकुमार भण्डारीका परिवारका सदस्यहरू का साथै शोधनायक निर्मलकुमार भण्डारी र सकभर लोकसाहित्यका ज्ञाताहरूसँग छलफल र सोधपुछ गरी सबै सामग्रीहरू संकलन गरिएको छ । साथै उनका सहकर्मी

सञ्चारकर्मीहरू र आवद्ध संचार माध्यम तथा संघसंस्थाहरूसँग पनि सोधपुछ गरी संकलन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा शोधविधि

प्रस्तुत शोधपत्र निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित भएकाले विशेष गरी पुस्तकालय अध्ययन विधिमा केन्द्रित रहेको छ भने स्वयं सर्जक एवं अध्यता, साहित्यकार निर्मलकुमार भण्डारीसँग र आवद्ध संस्थाका सदस्यज्यूहरूसँग शोधपुछ गरी शोधपत्र तयार पारिएको छ । सङ्कलित सामग्रीहरूको प्रस्तुतीकरण र विश्लेषणका क्रममा वर्णनात्मक, विश्लेषणात्मक विधिलाई अँगाली शोधकार्य सम्पन्न गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र सुव्यवस्थित र वैज्ञानिक रूपमा समपन्न गर्नको लागि निम्नलिखित पाँच अध्यायमा विभाजन गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : निर्मलकुमार भण्डारीको जीवनी

अध्याय तीन : निर्मलकुमार भण्डारीको व्यक्तित्व

अध्याय चार : निर्मलकुमार भण्डारीको कृतित्वको अध्ययन

अध्याय पाँच : उपसंहार/निष्कर्ष

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी अन्त्यमा सन्दर्भसामग्री सूची दिइएको छ ।

# अध्याय दुई

# निर्मलकुमार भण्डारीको जीवनी

## २.१ जन्म र जन्म स्थान

पिता स्वर्गीय भानदत्त भण्डारी र माता स्वर्गीय धर्मादेवी भण्डारीका कोखबाट वि.सं. २०१३ साल माघ १२ गते सरस्वतीनगर वडा नं.६ बेलटुक्रा, जोरायल डोटीमा साहित्यकार भण्डारीको जन्म भएको हो । साहित्य क्षेत्रमा निर्मल कुमर भण्डारी तिरस्कृत नामले चिनिएको भण्डारीको जन्म एक सामान्य परिवारमा भएको हो । सानै उमेरदेखि लगनशील, मिलनसार र मेहिनेती भण्डारीले प्राथमिक तहको शिक्षा गाउँकै श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टे २०२१ सालमा भर्ना भएका थिए, वि.सं. २०२६ सालमा श्री रघुनाथ मा.वि. निरौली डोटीमा कक्षा ६ मा भर्ना श्री घण्टेश्वर मा.वि. जोरायल डोटीबाट वि.सं. २०३० सालमा एस.एल.सी. पास गरेका थिए ।

आमा वुवा सामान्य कृषि पेशामा संलग्न देखिन्छन्, भण्डारीले एस.एल.सी. दिइसकेपछि घरका विविध समस्याका कारण उच्च शिक्षा हासिल गर्न नसकिने अवस्था सिर्जना भयो । घरमै बसी तीन वर्ष सम्म गाई भैसी हेर्ने, गोठालो जाने काम मै व्यस्त भए । गाई भैसी हेर्न जाँदा होस् या पानी पधेरो जाँदा होस साहित्यिक यात्रा त्यतिबेला देखि नै सुरु भैसकेको देखिन्छ । विभिन्न समस्याहरूसँग चुनौती दिँदै भण्डारीले वि.सं.२०३३ साल देखि २०३५ साल स्रम्म श्री घण्टेश्वर साधारण मा.वि. जोरायल डोटीमा अस्थायी रूपमा शिक्षण कार्य गरेको देखिन्छ । उनले २०३६ सालमा स्थायी शिक्षकमा नाम निकालेपछि उनलाई थप उर्जा मिल्यो । त्यसपछि उनी २०३९ साल मा श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टे जोरायल डोटीमा स्थानान्तीरीत भए । भण्डारीले गाउँ समाजमा राम्रा काम गर्दा गर्दै पनि धेरै जसो ठाउँबाट आफ्नो अवमूल्यन भएको, देश, प्रवेश र शासन व्यवस्था भित्र देखिएका व्यथिति प्रतिको चिन्ता राष्ट्र, राष्ट्रियता प्रतिको खेलवाड आदिको विषयमा सधै चिन्तीत रहने भण्डारी हाल गोदावरी नगरपालिका वडा नं. ४ मा पर्ने बासकोटा भन्ने ठाउँमा रहँदै आउनुभएको छ ।

## २.२ वाल्यकाल र शिक्षादीक्षा

निर्मलकुमार भण्डारीका आमावुवाले जोरायलको बेलटुक्रा मै बसोवास गरेका थिए । उनको वाल्यकाल बेलटुक्रा मै वितेको थियो सानैदेखि लगनशील, मेहनती र मिलनसार

भण्डारीको जीवन एक सामान्य पारिवारिक वातावरणमा हुर्किएको देखिन्छ । आमा वुवा सामान्य खेतीपातीको काम गरी जीवन धान्ने भएकाले गाउँकै स्थानीय विद्यालय श्री शिवपुर प्राथमिक विद्यालयमा २०२१ सालमा भर्ना भई प्राथमिक तहको शिक्षा हासिल गरे । त्यसपछि २०२६ सालमा श्री रघुनाथ माध्यमिक विद्यालय जोरायल डोटीबाट एस.एल.सी परीक्षा लिई पास गरे ।

घरमा आर्थिक अवस्था कमजोर भएका कारण उच्च शिक्षा हासिल गर्न नसकी गाई भैसी डुलाउन जानुपर्ने भयो । भण्डारी गाई भैसी गोठालो जाँदा होस् या पानी पँधेरो मेलापात जाँदा होस् उनको साहित्यिक यात्रा सुरु भै सकेको थियो । २०३३ सालदेखि २०३५ सालसम्म उनले श्री घण्टेश्वर साधारण माध्यमिक विद्यालयमा अस्थायी शिक्षकको रूपमा काम गरे । २०३६ सालमा शिक्षक सेवा आयोगले लिएको परीक्षामा उत्तीर्ण भई श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टेमा जोरायलमा पदस्थापन भई विभिन्न वाध्यताकाका कारण आफ्नो पढाइ विचैमा छोडेका भण्डारीले पुनः पढाइ गर्ने मनसाय बनाई २० वर्षको अन्तराल पछि वि.सं. २०५० सालमा कैलाली बहुमुखी क्याम्पस कैलालीबाट इन्टर पास गरेका थिए । वि.सं. २०३९ सालदेखि श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टेमा कार्यरत रहेका भण्डारीलाई अकस्मात् ठुलो वज्रपात पऱ्यो । उनका पिताको स्वर्गारोहण भयो र घरको सम्पूर्ण जिम्मेवारी उनकै ठाउँकोमा पऱ्यो । त्यसपछि उनको पढाई प्रमाणपत्र तहसम्म मात्र सीमित रह्यो । २०४६ सालबाट उनी गायत्री तीर्थ शान्तिकुञ्ज हरिद्वारबाट प्रकाशित हुने विशुद्ध, धार्मिक पत्रिका अखण्ड ज्योति हुलाकबाट मगाई पढ्ने गर्दथे । तत्कालीन स्थानीय पञ्चेहरूले उनलाई वि.पी. कोइरालाका साहित्यिक विचार कृतिहरू हुलाकबाट मगाई पढ्ने गरेको आरोप लगाई जिल्ला प्रहरी कार्यालय डोटीमा थुनाई दिनेसम्म दुःख दिएका थिए । त्यसपछिका दिनमा भण्डारीले अझ धेरै ठूलो समस्या झेल्नु पऱ्यो ।

देशमा ठूलो परिवर्तन ल्याउने भनेर ने.क.पा. माओवादीले १० वर्षे जनयुद्ध सञ्चालन गरिरहेका थिए । भण्डारीले माओवादीलाई असहयोग गरेको आरोपमा माओवादीले भण्डारीलाई नौकरीबाट राजीनामा दिन बाध्य बनाए । वि.सं. २०६२ कार्तिक ३० गतेका दिन माओवादीले दिएका पीडा सहन नसकी डोटीबाट बसाइ सरी नौकरी राजीनामा दिई कैलालीमा जानु भएको थियो । पढाइ र जागिर एकै साथ अगाडि बढाउन नपाएका भण्डारीले जीवनमा बेला बेला चोटैचोट खाएको पाइन्छ ।

## २.३ पारिवारिक जीवन

निर्मलकुमार भण्डारीले १७ वर्षको कलिलै उमेरमा विवाह बन्धनमा बाँधिनु भएको थियो । २०३० साल फागुन २८ गते डोटी गडसेरा निवासी यज्ञराज जोशी र देवी जोशीकी जेठी सुपुत्री चित्रा जोशीसँग लगन गाठो बाँधिएको थियो । भण्डारीको जीवन सामान्य तवरले चलि रहेको बेला उनीमाथि फेरि अर्को वज्रपात थपियो । २०३८ सालमा वुवाको स्वर्गवास भएपछि भण्डारी पितृ शोकमा डुबेको बेला घरको जिम्मेवारी उनको टाउको थपियो । फलस्वरूप उनको साहित्यिक यात्रामा ढिलासुस्ती चल्यो । २०४६ सालमा भण्डारीले गायत्री तीर्थ शान्तिकुन्ज हरिद्वारबाट प्रकाशित हुने विशुद्ध धार्मिक पत्रिका अखण्डज्योति हुलाकबाट मगाई पढ्ने गर्दथे । तत्कालीन स्थानीय पञ्चेहरूले उनलाई विपीको विचार एवं साहित्यिक रचनाहरू पढेको आरोप लगाई जिल्ला प्रहरी कार्यालय डोटीमा थुनाई दुःख दिनुभयो ।

त्यसपछि देशमा नेक.पा. माओवादीको जनयुद्ध चलिरहेका बेला माओवादीले आफूलाई असहयोग गरेको भन्दै सत्य कुरा नबुझी भण्डारीको जोरायल बेलटुक्रामा रहेको घरबाट निकाली दियो र घर कब्जा गऱ्यो । भण्डारी छिमेकी रिठारा गाउँमा बस्न गए । फेरि माओवादीहरू त्यही गएर मार्ने, नोकरी खाईदिने धम्की दिन थाले । भण्डारी भन्छन्, एक दिन जोरायलमा मैले माओवादीका सुदूरपश्चिम इन्चार्ज लेखराज भट्टलाई भेटे र मेरो घर फिर्ता गरिदिन पहल गरिदिनु भनी अनुरोध गरे उनले पनि आफ्नो तर्फबाट भण्डारीको घर छोड्न चिठ्ठी लेखे । फेरी पनि घर छोडेन वरु उल्टै लेखराजलाई चिठ्ठी लेख्न लगाउने भन्दै मलाई धम्की आउन थाल्यो । जोरायलमा बस्ने वातावरण नभएपछि मैले २०६२ सालमा आफ्नो शिक्षकको नोकरी राजिनामा गरी कैलाली बसाई सरे । कैलालीमा बसिरहँदा वेरोजगारी अवस्थामा थिए । २०६३ भाद्र महिना देखि माघ महिनासम्म ६ महिना अस्थायी करार सेवामा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र दिपायलमा काम गर्ने अवसर पाए त्यसपछि त्यहाँबाट पनि विदा लिनुपर्ने भयो । त्यसपछि कैलालीको स्थानीय एफ.एमहरूमा काम गर्न सुरु गरे । काम गर्दै जाँदा फेरि मलाई अर्को वज्रपात पऱ्यो । २०७० सालमा मेरो आमाको स्वर्गवास भयो । हाल मेरो परिवारमा म, श्रीमती २ वटा छोरा, २ वटा वुहारी, १ नाती र २ नातनी गरि ९ जनाको परिवार छ । छोराहरू घरमै कृषि पेशामा छन् । जेठी वुहारी गाउँकै एउटा स्कुलमा राहत दरबन्दी कोटामा शिक्षण गर्छिन् ।

मानिसका आफ्नै इच्छा आकांक्षा र चाहनाका साथै अनेक कल्पनाहरू हुन्छन् । जन्मेदेखि नमरुन्जेलसम्म अनेक विवशता र वाध्यतासँग संघर्ष गरिरेहेका मानिसहरू जीवन सञ्चालनका लागि यत्रतत्र दोडिन्छन् । एक ठाउँबाट अर्को ठाउँ, त्यहाँबाट पनि अर्कै ठाउँ सर्ने गर्दछन् । यस किसिमको विशेषताबाट पनि जीवन अछुतो रहेको छैन । भण्डारीको जन्म डोटीमै भएपनि विवसतापूर्वक कैलाली बस्नुपर्ने भयो । भएको सरकारी जागिर छोड्नु पर्ने भयो । भण्डारी विहानै उठ्ने, पत्रपत्रिका पढ्ने लेखन साधना गर्ने, सामान्य घरायसी काम गर्ने घरछेउको फूलवारीमा बस्ने, फूलवारीको हेरचाह गर्ने गरेको पाइन्छ । भण्डारी सधैँजसो घरदेखि अत्तरिया स्थित प्रतिभा सामुदायिक पुस्तकालयमा जाने, पुस्तक पढ्ने तथा साहित्य साधना गर्ने गरेको पाइन्छ । साहित्य साधक भण्डारीको हालको जीवन साहित्य साधना मै वितिरहेको पाइन्छ

**।२.४ कार्य क्षेत्र**

जीवनयापनका क्रममा प्रत्येक व्यक्तिले विभिन्न कार्य गरेका हुन्छन् । निर्मलकुमार भण्डारीले विभिन्न संघ संस्थामा रहेर काम गरेको पाइन्छ । कार्यक्षेत्रको आधारमा जागीरे र संस्थागत संलग्नता गरि दुई पाटाहरू रहेका छन् ।

**२.५ जागिरे जीवन**

` जागिरे जीवन प्रारम्भ वि.सं. २०४० साल देखि २०६२ साल सम्म श्री शिवपुर माध्यमिक विद्यालय चनकट्टे जोरायलमा कार्यरत भएको पाइन्छ । २०५२ साल देखि नेपालमा ने.क.पा. माओवादीले गरेको सशस्त्र जनयुद्धको चपेटामा परी माओवादीहरूलाई असहयोग गरेको आरोपमा माओवादीले भण्डारीको जोरायल बेलटुक्रा स्थित घर कब्जामा लिई भण्डारीलाई घर छोड्न बाध्य बनाएको थियो । नजिकको छिमेकी गाउँमा डेरा लिएर बसेपछि माओवदीहरूले त्यहा पनि शान्तिसँग बस्न नदिई उल्टै ज्यान मार्ने धम्कि, जागिर खाईदिने धम्की दिन थाले पछि भण्डारीले सम्बन्धित सरकारी निकायहरूसँग सरुवाको निम्ति अनुरोध गरेपनि कसैले नसुनी दिएपछि कुनै उपाय नलागेर बाध्यात्मक परिस्थितिमा २०६२ साल कार्तिक ३० गतेको दिनमा आफूले राजिनामा दिई कैलाली बसाई सरेको पाइन्छ । आफ्नो जीवनको कालखण्डमा बेला बेलामा जागिरे जीवनमा पनि दुःख पाइरहेबाट भण्डारीको जागिरे जीवन सन्तोषजनक नभएको पाइन्छ ।

## २.६ रुचि र स्वभाव

सादा जीवन उच्च विचारका धनी निर्मलकुमार भण्डारीलाई आधुनिकताको तडकभडकप्रति कुनै रुचि छैन । उनी अहिलेसम्म आफ्नो मातृभाषा डोटेलीमा नै कुरा गर्छन् । अधिकांश नेपालीले मनपराउने साधारण खानेकुराहरू खान्छन् । उनलाई दालभात, तरकारी मनपर्नुका साथै फलफूलमा सुन्तला र स्याउ मन पर्छ । माछा मासुप्रति त्यति रुचि राख्दैनन् । उनलाई घरमै बनाएको गुन्द्रुक, दुध दही र मोही साह्रै मनपर्ने बुझिन्छ । उनलाई नेपाली दौरा सुरुवाल धाकाटोपी मनपर्ने भएपनि सजिलोका लागि साधारण सर्ट पाइन्ट र धाकाटोपी लगाउने गर्दछन् । माटो र देशप्रति इमान्दार हुनुपर्छ, आफ्ना पूर्वजका सद्‌गुणको पालना गर्नुपर्छ र सन्ततीलाई सतमार्गमा हिँडाउने प्रयास गर्नुपर्छ भन्ने भण्डारी नेपाली सभ्यता र राष्ट्रियताप्रति विश्वास गर्दथे । उनी पत्रपत्रिका पढ्ने, साहित्यिक लेखरचनाहरू लेख्ने तथा लोक संस्कृति सम्बन्धी लेख्न विशेष रुचि भएका व्यक्ति मानिन्छन् ।

लेखन, अध्यापन, अध्ययन, सामाज सेवा साधाना, उपासनाप्रति रुचि राख्ने भण्डारी स्वाभिमानी, राजनीतिबाट अलग रहने, स्पष्ट बोल्ने, सहयोगी, मिलनसार स्वच्छ समाजको निर्माणमा सहयोग पुऱ्याउने, जुनसुकै मानिसलाई मनपराउने खालको हुनुहुन्छ । माटोपरक र राष्ट्रपरक भावनाले ओतप्रोत साहित्य मनपराउने उनमा मिजासिलो र प्रष्ट विचार राख्ने स्वभाव रहेको पाइन्छ ।  निर्मलकुमार भण्डारी शान्त र एकान्त वातावरण प्रेमी कविका रूपमा आफूलाई परिचित गराउँछन् । सत्य बोल्ने, शान्त बोल्ने र स्पष्ट बोल्ने भण्डारी, साहित्य लेखन, धार्मिक साधना, उपासना, भाषासेवा तथा समाजसेवा जस्ता स्वभावका धनीका रूपमा चिनिन्छन् ।

## २.७ भ्रमण

लोक कवि एवं सर्जक निर्मलकुमार भण्डारीले जीगरे जीवन र जागिर छुटेपछिको जीवनमा केही धार्मिक तथा पर्यटकीय रूपमा भ्रमण गर्नुभएको पाइन्छ । उहाँले धार्मिक भ्रमणको रूपमा हरिद्वार शान्ति कुञ्ज भारत र आन्तरिक पर्यटकीय भ्रमणको रूपमा देशको राजधानी काठमाडौँ लगायतका ठाउँहरूको भ्रमण तथा अवलोकन गर्नुभएको छ । धार्मिक भ्रमणमा साह्रै रुचि राख्ने भण्डारी बाँकी छँदाको जीवनमा थुप्रै ठाउँको धार्मिक भ्रमण गर्ने

सोचको विकास भएको भन्ने पाइन्छ । जीवन छदा सकेसम्म देश भरिका धार्मिक तथा पर्यटकीय भ्रमणमा जाने सोच रहेको बताउँछन् ।

## २.८ तालिम तथा प्रशिक्षण

निर्मलकुमार भण्डारीले औपचारिक शिक्षाका अतिरिक्त विभिन्न संघ संस्था एवं प्रशिक्षण केन्द्रबाट तालिम प्राप्त गरेर आफूलाई योग्य व्यक्तिका रूपमा स्थापित गरेका छन् । निर्मलकुमार भण्डारीले प्राप्त गरेका तालीम तथा प्रशिक्षणहरू यस प्रकार रहेका छन् ।

सेवाकालीन शिक्षक तालिम १० महिने ।

प्रौढ शिक्षा तालिम (१ महिने)

१. किताब लेखन तालिम (१० दिने)

२. रेडियो पत्रकारीता तालिम (२४ दिने)

३. स्वास्थ्य तालिम (१ महिने)

निर्मलकुमार भण्डारीले विभिन्न तालिम केन्द्रबाट विभिन्न तालिम तथा प्रशिक्षण लिएर योग्य नागरिक भई देशका विभिन्न क्षेत्रमा सेवा दिँदै आउनु भएको छ ।

## २.९ सम्मान, पुरस्कार र पदक

असल कार्य गरेवाफत प्राप्त गरिने इमान नै पुरस्कार हो । जसले मानिसलाई अझ अरु असल कार्य गर्ने प्रेरणा प्रदान गर्दछ । व्यक्तिको मनोबल बढाउन र असल कार्यलाई निरन्तरता दिन पुरस्कारले ठूलो सहयोग गर्दछ । निर्मलकुमार भण्डारीले साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उहाँलाई विभिन्न पुरस्कार र सम्मान गरिएको छ ।

- विद्यार्थी साहित्य प्रतिष्ठान, कैलाली क्याम्पस धनगढीद्वारा सम्मान (२०४५)
- राष्ट्रिय शिक्षा पुरस्कार, शिक्षा मन्त्रालय नेपाल (२०४९)
- सरस्वतीनगर गा.वि.स. र लक्ष्मीनगर गा.वि.स., जोरायलद्वारा सम्मान (२०५७)
- जिल्ला विकास समिति, डोटीद्वारा सम्मान (२०४७ र २०६१)
- सुदूरपश्चिम साहित्य पुरस्कार, धनगढी, कैलाली (२०६१)
- चण्डेश्वरी युवा क्लब, जोरायल, डोटीद्वारा सम्मान (२०५८)
- लोटस आई इङ्लिस बोर्डिङ स्कुल, अत्तरियाद्वारा सम्मान (२०६६)

- नेत्रज्योती यूवा क्लब, मालाखेती, कैलालीद्वारा सम्मान (२०६६)
- सुदूरचिनारी द्वैमासिक, डोटेली पत्रिकाद्वारा सम्मान (२०७१)
- नवरत्न साधना सम्मान (२०६९)
- खप्तड एफ.एम. धनगढी मोहनपुरद्वारा सम्मान (२०६४)
- लोकदोहोरी प्रतिष्ठान धनगढीद्वारा सम्मान (२०७१)
- सुदूरपश्चिम महोत्सव धनगढीद्वारा सम्मान (२०७१)
- रेडियो महाकाली एफ.एम. महेन्द्रनगरद्वारा सम्मान (२०७३)
- दिनानाथ राष्ट्रिय प्रतिभा पुरस्कार (२०७३)
- घण्टेश्वर सेती महाकाली बहुमुखी क्याम्पस जोरायलद्वारा सम्मान (२०७४)
- ज्योति सामुदायिक पुस्तकालय, पुनर्वास कञ्चनपुरद्वारा पुरस्कार (२०७४)
- एभरेष्ट एकेडेमी स्कुल अत्तरियाद्वारा सम्मान (२०७४)
- दुर्गालक्ष्मी बहुमुखी क्याम्पस अत्तरियाद्वारा सम्मान (२०७५)
- अवधी सँस्कृति प्रतिष्ठान नेपालगञ्ज बाँकेद्वारा सम्मान (२०७५)
- श्री शिवपुर माध्यमिक विद्यालय जोरायल डोटीद्वारा सम्मान (२०७५)
- दुर्गालक्ष्मी बहुमुखी क्याम्पस, अत्तरियाद्वारा सम्मान (२०७६)

### २.१० संस्थागत संलग्नता

कार्य क्षेत्रको अध्ययन गर्दा यिनको संस्थागत संलग्नता पनि जीवनको महत्वपूर्ण पाटो बनेको छ । निर्मलकुमार भण्डारीले जीवनका विभिन्न समयमा संघ संस्थामा संलग्नता रहेको देखिन्छन् । जस्तै :

- सुदूरपश्चिम साहित्य समाज धनगढी (आजीवन सदस्य)
- कैलाली जन पुस्तकालय धनगढी (आजीवन सदस्य)
- प्रतिभा सामुदायिक पुस्तकालय अत्तरिया (आजीवन सदस्य)
- विगतमा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र दिपायल तथा स्थानीय एफ.एम. रेडियोहरूमा पनि विविध साहित्यिक एवं साँस्कृतिक कार्यक्रम सञ्चालन गरेको ।

- सुदूरचिनारी डोटेली द्वैमासिक पत्रिकाको कार्यकारी सम्पादक ।
- सम्झनाको संगालो (जोरायल बस दुर्घटना २०७१) को स्मृतिग्रन्थको सम्पादन

## २.११ सहभागिता

साँस्कृतिक तथा साहित्यिक स्थानीय तथा राष्ट्रिय स्तरका गोष्ठी, मेला, सम्मेलन, सभा र समारोहमा व्यक्तिगत, संस्थागत र राष्ट्रिय प्रतिनिधिका रूपमा सहभागिता कवि गोष्ठी, किताब विमोचन कार्यक्रम, साहित्यक मेला तथा प्रशिक्षण गोष्ठीहरूमा सहभागिता विभिन्न पत्रपत्रिका तथा सामुदायिक पुस्तकालयहरूको सम्पादक आदि ।

## २.१२ अभिमत प्रसारण

स्थानीय तथा राष्ट्रिय विभिन्न एफ.एम.हरू रेडियो नेपाल केन्द्रिय प्रसारण केन्द्र काठमाण्डौं, वि.वि.सी. नेपाली सेवा लण्डनको साहित्य श्रष्टा कार्यक्रम दिनेश एफ.एम. धनगढी, प्रदेश नं. ७ एफ.एम. अत्तरिया, घोडाघोडी एफ.एम., महाकाली एफ.एम. महेन्द्रनगरका विभिन्न कार्यक्रमहरूमा अभिमत प्रसारण एवं प्रत्यक्ष अन्तरवार्ता प्रसारण आदि ।

## २.१३ लेखन प्रेरणा र आरम्भ

वि.सं.२०३८ सालमा डोटी मुडभराका साहित्यकार गिरिराज जोशीको रैबारे त्रैमासकि पत्रिकाबाट प्रभावित सर्जक, साहित्यकार निर्मलकुमार भण्डारी २०३८ सालदेखि नै साहित्यलेखनमा होमिएका देखिन्छन् । भण्डारीका हजारैं फुटकर रचनाहरू रहेका छन् । जसमध्येका केही रचनाहरू प्रकाशनमा आएको पाइन्छ । वाल्यकालदेखि सरल स्वभावका लगनशील एवं अनुशासित श्रष्टा भण्डारी आफ्नो जीवनका थुप्रै घुम्तीहरू पार गर्दै कयौं हण्डर खाँदै विभिन्न कहाली लाग्दा प्रवेश र परिस्थितिको सामना गर्दै आजको मितिसम्म निरन्तर साहित्य साधनामा लागरहेका देखिन्छन् ।

डोटी मुडभराका साहित्यकार गिरिराज जोशी सम्पादक रहेको त्रैमासिक पत्रिका रैबारेबाट प्रारम्भिक चरणमा प्रभावित भएपनि उनी आफ्नो जीवनका कयौं घत लाग्दा घटनाहरूबाट नै  साहित्य लेखन स्फूरण भएको पाइन्छ । छन्दोवद्ध कविता लेखनमा सिपालु भण्डारीले कयौं फुटकर कविताहरू लेखेपनि सबै लेख रचनाहरू प्रकाशनमा ल्याउन उनको आर्थिक स्थितिले साथ दिएको छैन । २०४० साल देखि २०६२ साल सम्म शिक्षण पेशामा रहेपनि विभिन्न साहित्यिक एवं साँस्कृतिक तथा सामाजिक क्षेत्र, गोष्ठीमा समावेश भई डोटेली

लोक संस्कृतिको स्तरोन्नतिमा सहयोग पुऱ्याएको देखिन्छ । उनले हालसम्म कर्तव्यबोध, चेलीवेटीको बिलौना, सावधान नयाँ युग आउँदैछ, आमा, दरबार हत्याकाण्ड, निर्मलमणि प्रेमराज र माया दुरीदैन जस्ता कृतिहरू प्रकाशनमा ल्याएर डोटेली लोकसाहित्य तथा संस्कृतिमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

साहित्य साधनामा निरन्तर लागिरहेका निर्मलकुमार भण्डारीले आफ्नो जीवनको अन्तिम घडीसम्म साधना मै रमाउने, भेटमा बताएका छन् । सुदूरपश्चिममा भएका धेरै जसो साहित्यिक संस्थाहरूमा संलग्न साहित्यकार निर्मलकुमार भण्डारीले आफ्नो महत्वपूर्ण समय साहित्यसाधना र समाजसेवामा लगाएको पाइन्छ । साहित्यिक क्षेत्रका स्रष्टाहरूका धार्मिक तथा साहित्यिक पुस्तक एवं रचनाहरूको अध्ययन गरेको आरोपमा २०४६ सालमा स्थानीय पञ्चेहरूको सिकायतमा  पक्राउ परी जेलजीवन भोगिसकेका भण्डारीले आफ्नो सोझोपनको फाइदा उठाउनेहरू प्रशस्त भएकाले जीवनमा विभिन्न क्षेत्रमा पाउनु दुःख पाएको कुरा भण्डारीले भेटमा बताएका छन् ।

### २.१४ पुस्तकाकार कृति

बहुप्रतिभाका धनी निर्मलकुमार भण्डारी डोटेली लोक साहित्यमा प्रखर व्यक्तित्वका रूपमा चिनिएका छन् । वि.सं. २०३८ सालदेखि नै डोटी मुडमराका साहित्यकार गिरिराज जोशीको त्रैमासिक पत्रिका रैबारेबाट प्रभाव ग्रहण गरी साहित्य क्षेत्रमा हाम फालेका भण्डारीले आफूलाई डोटेली लोक साहित्यमा स्थापित गरेको पाइन्छ । साहित्यकार भण्डारीका लोक साहित्य सम्बन्धी थुप्रै कृतिहरू प्रकाशनमा आएको पाइन्छ । भण्डारीका प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् ।

### २.१४.१ प्रकाशित कृतिहरू

- कर्तव्यबोध सन्देश (कविता संग्रह) (२०५२)
- चेलीवेटीको विलौना (गीति विश्लेषण) (२०५२)
- सावधान नयाँयुग आउँदैछ (खण्डकाव्य) (२०५४)
- आमा (शोक काव्य) (२०७१)
- दरवार हत्याकाण्ड (शोक काव्य) (२०५८)
- निर्मलमणि (कविता संग्रह) (२०७२)

- प्रेमराज (शोक काव्य) (२०६५)
- माया दुरीदैन (डोटेली गीत) (२०७५)

### २.१४.२ अप्रकाशित कृतिहरू

आर्थिक स्थिति कमजोर भएका कारण प्रकाशन गर्न नसकेको र भविष्यमा प्रकाशनमा आउन सक्ने कवि निर्मलकुमार भण्डारी बताउँछन् ।

कवि तथा साहित्यकार निर्मलकुमार भण्डारी थुप्रै अप्रकाशित कृतिहरू रहेतापनि आर्थिक अभावका कारण सो कृतिहरू प्रकाशनमा ल्याउन नसकिएको पाइन्छ । भण्डारीका केही फुटकर रचनाहरू विभिन्न पत्रपवित्रकामा छापिएका छन् । जस अन्तर्गत प्रतिभा सामुदायिक पुस्तकालय अत्तरिया कैलालीको प्रतिभा स्मारिकामा छापिएको एक लेखको बारेमा यहाँ चर्चा गरिन्छ ।

### डोटेली लोक साहित्य एक विश्लेषण

डोटी मूल शब्दमा 'एली' परसर्ग लागेर बनेको डोटेली विशेष शब्दले डोटीको वा डोटी सम्बन्धी भन्ने कुरा जनाउँछ । अझ विस्तृतमा डोटेली जनमानसको आफ्नोपन परम्परा र त्यसको स्थानीय विशेषतालाई इङ्गित गर्दछ । डोटीको समग्र भाषा कला साहित्य संस्कृति, रिति, स्थिति, सभ्यता र मूल्य मान्यता नै डोटेली शब्दले बहन गरेको छ ।

डोटी स्थान विशेषका समग्र बाह्यान्तर क्रियाकलापहरूको उद्घोष गर्ने डोटेली शब्दले डोटीको समग्र भौगोलिक भावनात्मक तथा पारस्परिक परिवेशलाई छर्लङ्ग पारेको छ । त्यसै गरि डोटी नाम शब्दको अपभ्रंशता र भुगोल बारेका मत मतान्तर पनि भिम्न रहेका छन् । डोटी शब्द देवाटबीबाट द्यौती हुँदै डोटी भएको हो भन्नेकुरा यस क्षेत्रका विद्वानहरूले स्वीकारेका छन् । विविध स्थानीय देवी देवताहरू बस्ने ठाउँलाई डोटेली भाषिका अनुसार द्यौतट वा द्यौटी भनिने भएर कालान्तरमा द्यौटी शब्दले नै अपभ्रंश भएर डोटीमा रूपान्तरित हुन गएको अनुमान पनि सहजै गर्न सकिन्छ ।

अंग्रेजी भाषामा प्रयोग हुने डोटी सम्बन्धी शब्दाक्षर (Do-ti) को अर्थ चिन्तन गर्दा ठुटी वा दुटी यस्तै भएबाट उपर्युक्त शब्द द्यौटीलाई नै सम्बल मिल्ने देखिएकाले पनि द्यौटीकै अपभ्रंश डोटी भएको परिभाषालाई नकार्न सकिदैन । यस क्षेत्रका हरेक पर्वत शिखर ग्रामिण कुना कन्दरा, दुर दराज र त्यस परिवेश वरपर विविध स्थानीय देवी देवताहरूको राजवास र स्थापन छ । जहाँ समय तिथि र पर्वपक्ष अनुसार वर्षै भरि पूजा आजा र जात्रा मेला चलि नै रहन्छ ।

देवभूमि डोटी देवाटबी हुँदै डोटी नामाकरण हुन गएको हो । जहाँका प्रत्येक गाउँ भेग एवं सुरम्य पर्वत श्रृंखलाका टापुरहरूमा देव सिलाहरू विराजमान छन् । यसबाट पनि नेपालको उत्तराखण्ड पहाडी भेगलाई धर्तीको स्वर्ग भन्न र मान्न सकिन्छ । डोटी क्षेत्रका भुगोलको बारेमा भन्नु पर्दा वि.सं. १९४७ मा नेपालको सुदूरपश्चिम एकिकरण भएर सिङ्गो नेपालमा गाभिनु पूर्वका वाईसे चौविसे कालखण्डमा सुदूरपश्चिमको डोटी राज्य एउटा बेग्लै राज्यमा स्थापित थियो भन्ने किंवदन्ती पनि पाइन्छ । त्यसैगरी एक अर्को कथन अनुसार उतिबेलाको राज्य विभाजन अनुसार हालको डोटी र डडेल्धुरालाई नै डोटी राज्यको नामले पुकारिन्थ्यो भने डोटी राज्यको सदरमुकाम पनि डडेल्धुराको डोटीखोला र सोही आसपासमा थियो भन्ने भनाई पनि छ र पछि भौगोलिक विकटता र दुरता र सबैको पहुँच तथा प्राप्यता  नभएकाले सबैको सहजताका लागि पछि डोटी जिल्लाको सिलगढीमा सारिदा त्यो प्रशासनिक क्षेत्रको नाम डोटी रहन गएको हो भन्ने भनाई पाइन्छ ।

मूलतः डडेल्धुरा जिल्लामै डोटीखोला भन्ने ठाउँ भएकोले त्यस वरपर बस्ने मानिसहरू डोटीको उच्चारण गर्दा त्यही डोटी खोलालाई सम्झँन्छन् । जसलाई चिर अतीतदेखि गीती थेगोले पनि यसरी दृष्टान्त थपेको छ । जस्तैः

डोटी राम्रो डडेल्धुरा, अछाम राम्रो साँफे, ।
मान्छे राम्रो मन बस्याको, पंक्षी राम्रो डाँफे ॥

समग्रमा खप्तड क्षेत्रको दक्षिणपट्टी रहेको डोटी, डडेल्धुरा र कैलाली जोड्ने सिमाना भन्दा वरतिर रहेको प्राचीन खसान क्षेत्र हो डोटी । उसो त डडेल्धुरा जिल्लाको डोटी खोला मूल स्रोत भई सुर्नया नदीसम्म मिल्ने भू-भाग एवंम् वाईसपाटा कुमाउ समेत विगतमा सोलसय डोटी राज्य अन्तर्गत पर्ने कुरा पनि सुन्न पाइन्छ । जेहोस् हाल प्रशासनिक क्षेत्रका हिसाबमा डोटी भन्नाले सुदूरपश्चिम प्रदेशको सेती अञ्चलमा पर्ने पहाडी जिल्ला डोटीलाई अनि त्यसकै परिसर क्षेत्रलाई बुझ्न सकिन्छ । अतः हाल आएर उक्त डोटेली गीति थेगो पनि आफ्नो बेग्लै अस्तित्व वहन गरेको छ ।

डोटी राम्रो सिलगढी, अछाम राम्रो साँफे ।
मलाई पनि उठाई लैजा, हिउँचुलिका डाँफे ॥

यो त रह्यो डोटी सम्बन्धी नामाकरण र यसको भौगोलिक तथा प्रशासनिक विश्लेषण अब रह्यो लोकसाहित्यको कुरा ।

लोक शब्दले मानीस, जनता, जनजीवन र लोकजीवन यस्तै यस्तै अर्थ वहन गर्दछ । साहित्य भनेको त्यही जनजीवन, मान्छे र समग्र लोक जीवनको कलात्मक अभिव्यक्ति हो । जो जीवन जगतजन्य घटना बस्तुस्थिति र वातावरण अनुसार यथार्थ रूपमा प्रकट एवम् प्रतिबिम्बित हुन्छ । त्यसो त साहित्यमा समाजहित, सुधार र चेतनाको भावना अभिव्यक्त हुन्छ । तथापी यदाकदा जीवन यात्राका अकल्पनिय पीर पीडा प्रेमप्रसंग र जैवानिक व्यवहार बोकेको लोक साहित्य लोकजीवनको त्यो संगालो हो जस भित्र जीवनचक्रको विविध छायांकन पाइन्छ ।

वास्तवमा कला साहित्य र संस्कृतिको जन्मदाता मान्छे हो । मान्छेले आफू भित्र रहेको कला र सिल्पले सृष्टिलाई सुन्दर सुमधुर, सुसज्जित र शोभायमान पारेको छ भने मान्छे जहाँ जहाँ स्नान्तरित हुन्छ उसमा रहेको कला गला सिल्पहरू पनि स्थानान्तरित, प्रकटीत एवं समय अन्तराल अनुरूप रूपान्त्रीत हुँदै जीवन रहि रहन्छन् । लोक साहित्य यद्यपी अलिखित भएपनि श्रृतिपरम्परामा बाँचेका हुन्छन् । त्यसै गरी व्यक्ति विशेषका एक गला देखि अर्को गला सम्म र एक पिँडी देखि अर्को पिँडी सम्म अनुभुतिहरूमा स्थानान्तरित भइरहेका हुन्छन् भन्ने कुराका ज्वलन्त दृष्टान्त यस्तो छ ।

सर्छन मान्छे जब यस धरा, बाट अर्को धरामा ।
सर्छन भाका अनि एक गला, बाट अर्को गलामा ॥

डोटेली लोकसाहित्य पनि यसरी नै पिँडि पिच्छे र मान्छे पिँच्छे स्थानान्तरिक हुँदै । प्रकट हुँदै र संरक्षित हुँदै यहाँ सम्म आईपुगेको  एक अविनासी धरोहर हो । जसको उत्पत्ति, स्थिति र विलय पनि व्यक्तिकै आगम र निर्गम सितै हुन्छ । व्यक्ति विशेष कै उत्थान पतन र समाप्ति सितै हुन्छ ।

यसरी जीवन यात्रका क्रममा जिन्दगीका क्षेणभंगुर मार्गमा व्यक्ति पिच्छे फरक फरक निजानुभूति र अन्य विविध सांसारिक उतार चढावहरू आईलाग्छन् र तिनको सामना पनि व्यक्ति स्वयमले गर्नुपर्ने हुन्छ । त्यस क्रममा फरक-फरक अवस्थाका फरक-फरक अनुभतिहरू व्यक्तित्वमा देखा पर्दछन् तिनै अनुभूतिहरूलाई जब मान्छे शब्दको रूप दिन्छ तब त्यो कथा कविता, गीत फाग, मांगल, गजल, उपन्यास आदि बन्दछन् । लोक जीवनका दुःखान्त र

सुःखान्त, संयोगान्त वा वियोगान्त अनुभूतिबाट स्वतः स्फूर्त भएर सार्वजनिक भएका विविध खाले अभिव्यक्तिहरूनै लोक साहित्यका स्वरूप हुन् । लोक साहित्यको जन्म लोक जीवनकाो वस्तुस्थिति वातावरण, परिवेश र अन्य विविध खाले घटना  अनुसार भएको पाइन्छ । जैवनीक आरोह अवरोहले मान्छेलाई नचस्काए सम्म मान्छे भित्रको अनुभूतिहरूले शब्द दिदैन, बोल्दैन र राग अलाप्दैन ।

आफूलाई चोट पटक वा पीडा नभएसम्म कोही रुदैन, आफूमर्माहत नभएसम्म कोही द्रवित हुँदैन । लोक साहित्यको जन्म यिनै आँसु, हाँसो, मिलन, विछोड र यिनै जैवनिक आरोह अवरोधहबाट भएको मान्न सकिन्छ । वस्तुतः यस सृष्टि, समष्टिमा जे जति वा जस्तो भएको छ । त्यो सबै मानविय अनुभूति, विचार र तिनको कार्यानुवादबाट भएको छ भन्ने तथ्यलाई कसैले नकार्दैन ।

संसारमा यो सृष्टि संरचनापछि मान्छेको विचार र अनुभूतिलाई नै जेठो मान्नुपर्ने हुन्छ । किनभने, संसारबाट नै मान्छेले विचार र अनुभूति पायो एवम् त्यहि अनुभूति र विचारलाई कार्यानुवाद गरेर उत्कृष्ट वा निकृष्ट बन्यो । संसारलाई सिगारियो र विगाऱ्यो । तसर्थ लोक साहित्यको उद्भव पनि मानव अनुभूतिकै उपज हो । प्रकारान्तरमा लोक साहित्य नै विशुद्ध साहित्य भन्दा पक्कै पनि जेठो हुन आउँछ भने लोक साहित्यकै धरातलमा नेपाली साहित्यको भवन ठडिएको छ भन्दा अत्युक्ति हुँदैन ।

समग्रमा मानव मनस्तलका अनुभूतिहरूको धरातलबाट जन्मेको डोटेली लोक साहित्यका विविध पक्ष र पाटाहरू छन् । जसलाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

**डोटेली लोक गीत :** यस अन्तर्गत ड्यौडा, संस्कारगीत, पर्वगीत, वनगीत र फुटकर गीत आदि पर्दछन् ।

**लोककथाः** यस अन्तर्गत श्रृतिपरम्परामा संरक्षित मनोरञ्जनात्मक विविध काल्पनिक दन्त्य कथाहरू आदि पर्दछन ।

**लोकगाथा :** यस अन्तर्गत हुड्केली, भैनी र भारत गाथाहरू पर्दछन् ।

**उखानटुक्का :** यस अन्तर्गत कुराकानीका बिच बिचमा प्रसंग र सन्दर्भ अनुसार कुनै उधाहरणका रूपमा प्रयोग हुने चोटीला वाक्यांशहरू पर्दछन् ।

**गाउँखाने कथा :** यस अन्तर्गत प्रश्नोउत्तरका रूपमा रोचक र जानकारी मूलक वाक्यहरू पर्दछन् ।

**लोक नृत्य :** यस अन्तर्गत, चौलो, भूवा, छलिया, हुड्केली, ड्यौडा, ढोलीनाच, होरी र गौरा महेश्वर सम्बन्धी नृत्यहरू पर्दछन् ।

**डोटेली लोक साहित्यको पक्ष र पाटाहरू**

**१. डोटेली लोक गीत :**

डोटेली भाषा भाषिकद्वारा संरचित भएर स्थान प्रचलन अनुसारका विविध लय र भाकामा गाईने गीतलाई नै डोटेली गीत भनिन्छ । ड्यौडा डोटेली लोक गीतको अमूल्य धरोहर हो । यसलाई समूहमा खेलमालको रूपमा खेलिने र बनपाखामा एक्ला एक्लैरूपमा गाईने गरी दुई भागमा बाड्न सकिन्छ । भाका र पदचाल समेतको प्रयोगरी खेलिने प्रक्रियालाई ड्यौडा र मेलापात गर्दा वनमा एक्लै आत्मा मनोरञ्जनका लागि गाईने गीति प्रक्रियलाई ठाडी भाका भनिन्छ ।

पदचाल सहितको सार्वजनिक हुन्छ भने ठाडी भाका एक हुन्छ । त्यसैगरी सामुहिक रूपमा खेलिने स्वेचिक र आत्मापरक हुन्छ । सवाल जवाफमा प्रयोग हुने देउडा गीतका रचनाहरू यस्ता छन् :

केटाः हाँसेर रमाईलो हुन्या, रोया मन फाटन्या ।
बोल मैना बोलिजापन, पारी घाँस काटन्या ॥

केटीः कैसित पिरती साटु, कैसीत मन खोलु ।
काको है तु बाजपरेवा, के नाताले बोलु ॥

केटाः आश दिन्या काईआछीन, कैको मानु भर ।
प्रिति साटन्या बाजकलिको, कै ठउर हो घर ?

केटीः आमा बा होस अरेई, भन्ना भाउजु लाउनी कुरा ।
कर्म घर काँ हुन्या हो, जन्म डडेल्धुरा ॥

केटाः घर लाउने हेराली गरी, पिर्ता लाउनु लोटी ।
डडेल्धुरा कति बस्छेई, गैजाउ मेरा डोटी ॥

केटीः मगमग वासना आउनो, वासमतीको भात ।
म डोटी कसोरी गैजाऊ, नमिलेको जात ॥

केटीः पखालीन्या वरणलिन्या, धोयर गैजाने ।

जात नमिल्या क्या हुनेहो, मन मिल्या होईजाने ॥

गीतमा दुई हरफ मध्ये पहलिो हरफले गीतहरूले भन्न खोजेको कुराको आशय त्यति प्रकट गर्दैन । तर गीतमा के भन्न खोजिएको हो भन्ने कुरा त्यसको तल्लो हरफले मात्र इङ्गित गर्दछ । तरपनि कुनै कुनै गीतका दुवै हरफमा यदा कदा दोहोरो अर्थ बोध पनि पाइन्छ ।

धनहोई जाऊ, सम्पती होईजाउ, वाटाखी घर होईजाऊ ।

जत्तिको मायाजाल थियो, उतिको भर होईजाऊ ॥

रोटी मिठो तालेमाणो, तरकारी दैकैला ।

रुन्छ मन छड्कन्छ छाती, सम्झँन्छु जैवेला ॥

यस प्रकार डोटेली गीतका विभिन्न पाटाहरूमा डोटेली लोक जीवन खुलेर बोलेको हुन्छ । यथार्थमा लोक साहित्य भनेको नै लोक जीवनका दुःख सुखको मूर्त अभिव्यक्ति हो । सुःखान्त एवं दुःखान्त जैवनीक यात्राको एउटा विसौनी हो । एउटा चौतारी हो । एवम् प्रकारले डोटेली लोक साहित्य अन्तर्गत लोक गीतका विविध पक्ष पाटाहरूमा वन गीत, पर्वगीत, संस्कार गीत, बालगीत र ड्यौडाले आफ्नो समय र अस्तित्वलाई बचाएर राखेका हुन्छन् । डोटेली लोक साहित्यरूपी ती अनमोल धरोहरहरू जसको प्रयोग अन्य गायन, विश्लेषण र लेखनमा मनग्य पाइन्छ । जसको संक्षिप्त दृष्टान्त यसरी प्रस्तुत गर्न सकिन्छ ।

- बझाङ पुगन्या बस, खोड्पे किलाई रोकी ।
  लोकतन्त्रमा मनका कुरा, भन्न पाईने होकी ?
- के इसो समय आयो, एक्काईसौं सदीको ।
  हिउपानी रगत भयो, बगन्या नदीको ॥
- सोझा हेपी निर्धा चेपी, को कति खान्या हौ ।
  यो चोला बदली भया, खालीहात जान्या हौ ॥
- दिनदिनै परेट खेल्ला, सेना बरखका ।
  सुन्या छौकी कसाहुन्छन, पीडा नरकका ॥

♦ जन्म दिन्या वाबु छैन, दुध दिन्या मा छैन ।
हृदय लागेकी साट, कसैलाई था छैन ॥

उपयुक्त फुटकर गीतहरू पनि मानविय जीवन जगतसँग सम्बन्धित हुन्छन् र मानविय दुःख पीरसँग एकदम निकट सम्बन्ध राख्दछन् भने, देशकाल परिस्थीतिका परिचायक समेत हुन्छन् ।

**२. लोक कथा**

लोक जीवनसित सम्बन्धित आख्यानहरू जो काल्पनिक वा यदाकदा वास्तविक घटनामा आधारित हुन्छन् । यिनैलाई नै लोक कथाको नामले पुकारिन्छ । त्यस प्रकारका लोककथाहरू सरल र सरस हुनुका साथै लोक जीवनलाई प्रसस्त मनोरञ्जन दिने खालका हुन्छन् ।

प्राय हिउँदका लामा रातहरूमा खानपिन गरी सकेर अगेनुतिर बसी कथा भन्न जान्नेहरूले आफ्ना घरपरिवार र घरमा केही समयका लागि कथासुन्न आउने छिमेकीहरूलाई त्यस्ता कथाहरू सुनाएर प्रसस्त ज्ञान र मनोरञ्जन दिन्छन् । डोटेली लोकसाहित्य अन्तर्गका केही कथाहरूमा :

- भूतको कथा
- स्यालको कथा
- दुरेमलेको कथा
- बिना बाखरीको कथा
- घोस्से बुढाको कथा आदि ।

उपर्युक्त कथाका अतिरिक्त लोकजीवनका फरक फरक प्रान्तमा प्रचलित फरक फरक शीर्षक, शैली र अभिमान भएका कथाहरू सुन्न पाइन्छ । यस्ता कथाहरू कतिपय अवस्थामा अलिखित भएपनि श्रृति परम्परामा बाँचेका र पछिल्ला पिँढिहरूको स्मृति पटलमा सञ्चित एवम् अविस्मृत भएर रहेका हुन्छन् । जो आवश्यक परेका बेला-बखत जस्ताको-त्यस्तै अभिव्यक्त हुन्छन् । मूलतः मानिस कलाप्रिय र मनोरञ्जन प्रिय प्राणी हो । दुःख, व्यथा धकान महसुस भएका बेला मानिसले गीत संगीतका शरण लिन्छन् । गीत संगीत देखि अछुतो मानिसहरू विरलै भेटिएलान् ।

### ३. लोक गाथा

कुनै विर महापुरुष राजा रजौटा पैकलाहरूबाट उनिहरूको जीवन जगतमा भए गरेका कुनै विरता र आचार्यजनक क्रियाकलापहरूको प्रदर्शनिको विषयमा कसैले आखात्मक संरचना गरी लोक जीवनमा प्रस्तुत गर्ने लोक साहित्यको एउटा मनोरञ्जनात्मक पाटोलाई नै लोक गाथा भनिन्छ । त्यस्ता लोकगाथाहरू लयात्मकरूपमा प्रस्तुत गर्ने गरिन्छ । उनिहरूको विरता एवं बहादुरीजनक कार्यहरूको प्रसंशा गर्नुको साथै यदा कदा नाचखेल पनि गरिन्छ । यसलाई हुडकेली, वीरगाथा र भारत गाथा पनि भनिन्छ । सेतो घाँघर र सेतै पकरी पहिरेर हातमा हुड्को लिएर कुनै सार्वजनिक स्थान, कुनै विशेष आयोजना, सभा समारोह वा लोक जीवनका घरदैला चहारेर आफ्ना कला प्रदर्शनबाट जीवीकोपार्जन गर्ने एक थरी दमाई जातीहरू विगतमा हिउँदका फुर्सदिला समयमा पहाडी गाउँघर तिर देखिन्छन् ।

समयको परिवर्तन सितै आजभोली फाट्ट-फुट्टरूपमा विवाह उत्सव वाहेक अचेल त्यस्ता हुड्केहरू लोप भईरहेका छन् । सायद यो पाटो र बाटोलाई पछिल्लो पिँडीले कालान्तरसितै विलय हुँदैछ । भन्नेमा संस्कृति कर्मीहरूलाई चिन्ता र चासोको विषय बनेको छ ।

### ४. उखान टुक्का

सामान्य कुराकानीको सिलसिलामा वा बोलीचालीको प्रसङ्गमा कुनै वस्तुस्थिति घटना र वातावरणसित सन्दर्भ मिल्ने चोटीला र कुराकानीको प्रसंग प्रेरक दृष्टान्तमा स्वतः स्फूर्तरूपमा प्रयोग हुन आउने वाक्य वा वाक्यांशलाई नै उखान टुक्का भन्दछन् । जसले वातचितको सन्दर्भलाई सुस्वाद पार्न चटनीको काम गर्दछन् ।

डोटेली भाषामा संरचित तथा प्रयुक्ति र श्रृति परम्परामा जीवन्त त्यस्ता उखान टुक्कालाई श्रृति परम्परामा जीवन्त ती उखान टुक्काहरू मनग्यै छन् । उदाहरणका लागि डोटेली उखानका केही नमूनाहरू यहाँ प्रस्तुत गरिन्छ । जस्तैः

- त भन्या हातजन सोरेई, भै दिउला रे खाल्ली
- लाटीका विवाहका अठार खाचा
- जति जति काला उति तेरा बा का साला
- गोबर ल्याउनी वुहारी, बाच्छो पाँण
- भगुलीको फर्को त्यो नभएर झर्को

- नौला बल्ल, नौ पुला घाँस
- जैखी जोई नाई, उईको कोई नाई
- मनमरी पट्कै आयो, जीउका चेला देखि
- आफ्नो मानो, घुमाई, घुमाई खानु
- भाग्य चेलाका भुत कमारा
- बेलाई राँण पोयल जा, कुवेरलाई काँ जा
- मेराई पाले कुत्ता, मै खाना उड्डा
- अगाएका बाहुन, बडुकु तिता
- पडी बाग हाली कलाहा
- भाग्यमानी दुई लगन, अभागी राणै छ
- नै खानो, नै खानो, भन्नी खानपाए हन्काउनी
- खान जाने पिरती हुन्छ नत्र बिखजडी
- खाउ भन्या डल्ला, हातगोडा नै चल्ला
- मन बस्दैन पापी देश, हड लाग्दैन घाम
- खाने पिने कर्म भया, गोठउडी पड्डी है

यस किसिमका थुप्रै उखानटुक्काहरू, कुराकानीको सन्दर्भ प्रसंग र सिलसिला अनुसार दृष्टान्त बोधका रूपमा स्वःस्फूत र आकस्मिकहरूमा उच्चरित भएर कथनिलाई प्रष्ट्याउनुको साथै वातचिजलाई बढी सारगर्भित बनाउँछन् । मूल शब्द उपाख्यानबाट उपखान हुँदै उखान भएको र कुराकानीको सिलसिलामा उदाहरणको रूपमा ट्वाक्क प्रयुक्त हुने भएकाले टुक्का शब्द जोडिन पुगको उखान टुक्का समग्रमा एउटा दृष्टान्त बोधक वाक्य वा वाक्यांश हो ।

**५. गाउँखाने कथा**

सरल, जटिल र अनुमान फरक प्रश्न र उत्तरको रूपमा प्रयोग हुने रोचक वाक्य र वाक्यांशहरू नै गाउँखाने कथाका आधारसिला विशेषता हुन् । यसमा एउटा जानकारकले गाउँखाने कथाका लागि प्रश्न गर्दछन् भने, सुन्ने स्रोता जो सुकैले पनि त्यसको उत्तर दिनुपर्ने

हुन्छ । यदि प्रश्नको रूपमा सोधिएको गाउँखाने कथाको प्रश्नकर्ताले अनुत्तरीत स्रोताहरूले भावनात्मक रूपमा एउटा कुनै गाउँको नामउच्चारण गर्दै गाउँ दिनु पर्छ , अनिमात्र प्रश्नकर्ताले त्यसको उत्तर स्रोतालाई भनिदिन्छन् । यसरी नै यो क्रम चलिरहन्छ । हिउँदका लामा लामा रातमा आगो ताप्दै गर्दा भनिने यस्ता गाउँखाने कथाका थुप्रै नमूनाहरूबाट दृष्टान्तका लागि केही नमूना गाउँखाने कथाहरूलाई यहाँ प्रस्तुत गरिन्छ ।

- नानानी मुलाईका पेटभरी पैसा के हो ?
  उत्तरः खुर्सानीको बियाँ
- लामी बेलीको मिठो फल के हो ?
  उत्तरः माछा
- अल्को पहाडमा झाँगरो फुलाई बसेकी के हो ?
  उत्तरः बाबीयो
- जीउन रातो, मरेपछि कालो के हो ?
  उत्तरः आगोको कोईला
- नाम राती आफू काली के हो ?
  उत्तरः रातको समय
- तीन भाईकी एकै पगडी के हो ?
  उत्तरः जाती व ओदान
- आफ्ना चेला पाल्ली, मेरी पिठी पोल्ली के हो ?
  उत्तरः ताँवा
- बाहिर सुन, भित्र पानी पानी भित्र चानी के हो ?
  उत्तरः पाकेको अमिला
- आगाको कलेजो पानीको हाड धर्तीको लिस्नु सर्गको वाड के हो ?
  उत्तरः कोईला, वरफ, इन्द्रेणी, कुहिरो

यस प्रकारका अनुमानपरक र प्रतिकारात्मक गाउँखाने कथाहरू डोटेली लोक जीवनमा प्रशस्त प्रचलनमा आएका छन् । यो एक किसिमको ग्रामीण शैलीको हाजिरीजवाफ प्रतियोगिता

जस्तो पनि हो । जसलाई सुदूरपश्चिमेली स्थानीय जनजिब्रोले वातै पनि भन्दछन् र वात एवम् मनोरञ्जनको रूपमा प्रयोग हुन्छ ।

**६. लोक नृत्य :**

डोटेली लोक साहित्य गायन प्रदर्शन र कथानमा मात्र सिमित नभई लोकनृत्यतिर पनि यसको पहल र पाइला छ । जस्तैः

- भुँवा नृत्य
- चौलो नृत्य
- छलिया नृत्यु
- हुड्केली नृत्य र
- गौरा नृत्य

उपयुक्त सबै किसिमका आदर्श एवं मन्द पद चालयुक्त नृत्यहरू डोटेली लोक नृत्य अन्तर्गत पर्दछन् । पञ्चेवाजाका ताल र सुरमा हातमा खुकुरी लिएर तदनुसारको शारीरिक नृत्य अभिनय गरिनु चौलो छलिया र भुवा डोटेली लोक नाट्यका वेजोड नमूना हुन भने गीतको लय र ताल अनुसार शारीरिक चाल, चेष्टा अभिनय गरिने सुदूरपश्चिमको सुप्रसिद्ध धरोहर ड्यौडा पनि डोटेली साँगितिक लोक नृत्यको अनुपम नमूना हो ।

यस्ता नृत्यहरू गीत र संगीतका आधारमा दुई भागमा विभाजन गरेको पाइन्छ । जस्तै

**भुवा नृत्यः** संगीतको आधारमा गरिने नृत्य

**छलिया नृत्यः** संगीत र गीतको आधारमा गरिने नृत्य

**चौलो :** संगीत मात्रको आधारमा गरिने नृत्य

**हुड्केली :** गीत र संगीत दुवैका आधारमा गरिने नृत्य

**ड्यौडाः** गीत र संगीत दुवैका आधारमा गरिने नृत्य

**गौरा :** गीत र संगीत दुवैका आधारमा गरिने नृत्य

विश्रान्तिमा मुखबाट गीतको लय र राग पछ्याउँदै गरिने ड्यौडा नृत्य र हुड्केली नृत्यले सुदूरपश्चिमको कलात्मक अभिव्यक्तिलाई मूर्तरूप दिएको देखिन्छ । सुदूरपश्चिम कला, साहित्य, संगीत नाट्य र संस्कृतिको त्यो सुन्दर चौतारी, रमाईलो विसौनी एवम् त्यो मनमोहक

आँखीझ्याल हो । जहाँबाट सम्पूर्ण मानषखण्डको भावना नियाल्न सकिन्छ । समग्र मेचीकाली नियाल्न र आत्मासाथ गर्न सकिन्छ ।

जस्तैः

मेचीलाई उखेल्न खोज्छ सहजै, सेती, काली पनि ।
कर्णाली वगीदिन्छ तीव्र गतिमा, धन्काई देउडा ध्वनी ॥
आफ्नै संस्कृतिको कला कुशलले सम्वृद्ध यो पश्चिम ।
यै हो भाषिक जनउत्थान अघिको यै हो कला उद्म ॥

### २.१४.३ सम्पादित पत्रपत्रिका र कृति

कवि एवं साहित्यकार निर्मलकुमार भण्डारी ग्रामीण परिवेशमा अनुशासित वातावरणमा हुर्केका, बाल्यकालमा प्रकतिबाट प्रशिक्षित हुने अवसरप्राप्त गरेका, पढेर मात्र नभई परेर पनि ज्ञान सिप र सृजनशील शक्ति वृद्धि हुन्छ भन्ने कवि, भण्डारीले साहित्य लेखन र सम्पादनको आजसम्मको यात्रामा आफ्ना प्रकाशित कृतिहरू सम्पादन गरेको पाइन्छ । साथै साहित्यप्रेमीका रचनाहरू सम्पादनको काममा निरन्तर लाग्नु भएको, सुदूर चिनारीको सम्पादक, प्रतिभा स्मारिकको कार्यकारी सम्पादक, लगायतका सम्पादित कृतिहरूले निर्मलकुमार भण्डारी आफूलाई एउटा सफल सम्पादकको रूपमा चिनाउन सफल भएका छन् ।

### २.१५ जीवनका अविष्मरणीय क्षण

ग्रामीण परिवेशमा अनुशासित वातावरणमा हुर्केका, बच्चामा प्रकृतिबाट प्रशिक्षित हुने अवसर प्राप्त गरेका भण्डारी पढेर मात्र होइन परेर पनि ज्ञान, सिप र सिर्जनशील शक्तिको भण्डार बढाउन सकिने कुरामा विश्वास गर्दछन् । बाल्यकालमा गाई भैसी डुलाउँदै बनपाखामा डुलेको जुनेली रातमा आँगनमा बसेर आकासका तारा गन्दै, पाठ घोकेको, निगालाको कलमले, विभन्न वनस्पतिका जरा कुटेर बनाएको मसीले लेखेको कुरा उनको वाक्यकालीन अनुभव सुन्न पाइयो । यस्तो अनुभवले उनलाई सरल जीवन शैलीको पक्षधर बनायो । उनका जीवनका अविस्मरणीय क्षणहरूमा २०३१ सालमा एस.एल.सी. पास गरी २०४० सालदेखि २०६२ सालसम्म स्थायी शिक्षकको रूपमा आफ्नो स्थानीय विद्यालयमा सेवा गरेको पाइन्छ । एस.एल.सी. पास गरेको (२०) वीस वर्षपछि अर्थात् २०५१ सालतिर कैलाली क्याम्पस कैलालीमा इन्टरमा भर्ना गरी त्यहाँबाट इन्टर पास गर्नुभयो । २०२९ सालतिर घरमा आगलागी

भई धनसम्पत्तिको नास भयो । फेरि २०२९ सालतिर घरमा चोरी भई सबैथोक सर्वनास भयो । जब उहाँ २०३८ सालमा गाउँकै स्थानीय विद्यालयमा पढाउनु हुन्थ्यो त्यति बेला कैलालीको सहजपुरमा बस दुर्घटनामा परी खुट्टामा चोट लाग्यो २ महिनासम्म स्कुल जान नपाई दुई महिनाको तलब स्कुलबाट मिलेन । राजा वीरेन्द्रसँग तलब उपलब्ध गराइ पाउँ भनी विन्तीपत्र लेखी पठाए । राजाले निज भण्डारीको तलब नरोक्नु दिई दिनु भनी स्कुलको नाममा चिठ्ठी पठाउँदा समेत स्कुल व्यवस्थापन समितिले उहाँलाई २ महिनाको तलब नदिएको दुःखद कुरा पाइयो ।

नेपालमा २०४६ सालमा जनआन्दोलन चलिरहेको थियो । शान्तिकुञ्ज हरिद्वार भारतबाट प्रकाशित हुने विशुद्ध धार्मिक पत्रिका अखण्ड ज्योति हुलाकबाट मगाई पढ्ने गर्दथे, तत्कालीन स्थानीय पन्चेहरूले उनलाई वि.पी. कोइरालाको विचार र साहित्य रचना पढेको आरोप लगाई प्रहरीले भण्डारीलाई पक्रेर जिल्ला प्रहरी कार्यालय सिलगढीमा थुनामा राख्यो । बयान लिइयो । दिनु सम्म दुःख दियो । उनी निर्दोष ठहरिएपछि उनलाई रिहा गरियो । २०३८ सालमा भण्डारीका बुबाको स्वर्गवास भयो । त्यसपछि २०७० सालमा आएर आमा पनि वित्नुभयो । यसरी जीवनभरि  पीडा खेपेर बाँचेका भण्डारीको साहित्य लेखनमा यथार्थता प्रष्ट रूपमा झल्किन्छ । कल्पनाशक्तिको खर्च गरी लेखिने साहित्य भन्दा यथार्थ भोगाइबाट निखारिएर लेखिएको साहित्य निकै प्रभावकारी हुने भण्डारीको भनाई रहेको छ ।

## २.१६ जीवन दर्शन

मानिसका जीवन सम्बन्धी आआफ्नै धारणाहरू छन् । मानिस चेतनशील प्राणी भएकाले आफ्नो भोगाई र लेखाई सम्बन्धी आफ्नै दर्शन निर्माण गर्दछन् । जीवनलाई अगाडि बढाउने क्रममा उकाली, ओराली, उतार चढाव, आँसु, हाँसोलाई सामान गर्नुपर्ने हुन्छ । यिनै कुराहरूको प्रभावबाट साहित्यको निर्माण हुने गर्दछ । निर्मलकुमार भण्डारी माटो र देशप्रति इमानदार हुनुपर्ने पूर्वजहरूको सदगुनलाई शिरोधार्य गर्नुपर्ने र आफ्ना सन्ततीहरूलाई सत्मार्गमा विश्वास गर्दा सफला प्राप्त हुन्छ र सिर्जना माटो र जनताको निम्ति हुनुपर्ने छोटो जीवनलाई सदुपयोग गर्नुपर्ने क्रममा विश्वास गर्नुपर्ने र कर्तव्यलाई कहिल्यै विर्सन नहुने बताउनु हुन्छ ।

मानिसमा तमाम शोक र चिन्ता हुन्छन् । कसैसँग केही कुरा भएर चिन्ता छ त कसैसाग केही कुरा नभएर चिन्ता छ । कसैको जीवन मखमली फूलझैं फुलेको छ त कसैको

जीवन फुलेझैँ भएर मात्र ओइलाएको छ । राम्रो काम गर्ने मानिसलाई भगवानले पनि धेरै पटक दुःख दिएको पाइन्छ । त्यसैले जीवन जतिठूलो वज्रपात परेपनि आत्तिनु हुँदैन । होसले प्रगतिगामी पाइलाहरू चाल्नु पर्छ । सतकर्म गर्नुपर्छ, सत्य बोल्नु पर्छ । सत्यको जित कुनै न कुनै दिन अवश्य हुनेछ ।

पूर्वकाल देखि नै ऋषिहरूले शिक्षालाई शरिर मन र आत्माको विकासद्वारा मुक्तिको साधना मानेका छन् । शिक्षाले केवल भौतिक उपलब्धि सम्म मात्र सिमित नराखी आध्यात्मिक चिन्तन सम्मको लक्ष्यलाई निर्धारण गर्दछ । त्यसैगरी शिक्षाको उद्देश्य अर्थोपार्जन गरी भौतिक सामग्री जुटाउनु मात्र होइन । सर्वाङ्गिण विकासद्वारा पूर्ण मानव निर्माण गर्नु पनि हो । मानिस यस्तो हुनुपर्छ जो परिवार समाज र राष्ट्रका लागि परम उपयोगी हुनुपर्छ ।

परम उपयोगी मानव निर्माणका लागि माता पिता र गुरु महत्वपूर्ण घटक हुन जान्छन् । जुन बालबालिकालाई प्रसस्त गुणहरूले युक्त माता, पिता र गुरु प्राप्त हुन्छन् । ती बालबालिकालाई जस्तो बनाउन चाहन्छन् । उनिहरू पनि त्यस्तै बन्न सक्नु पर्छ । जीवनमा ज्ञानरूपी धन नै स्थायी वस्तु ठान्ने भण्डारी मानिस जहिलेपनि सादाजीवन उच्च विचारको हुनुपर्ने कुरामा जोड दिन्छन् ।

ईश्वरीय ज्ञान भण्डारण र जीवन उपयोगी शैक्षिक शक्ती भएको मानिसले मात्र जीवन सार्थकता भएको ठान्नु उपयुक्त हुने कुरामा भण्डारी जोड दिनुहुन्छ । छायाँ वृक्षको परिणाम हो । वृक्ष नमए छायाँको कल्पना समेत गर्न नसकिने कुरा लेखकको आशय बुझिन्छ ।

आजभोली समाजमा जुन भौतिक दानवरूपी स्वार्थ शक्ति बढेको छ । जसको मुकाबिला हामी गर्न असमर्थ छौं । हामीले आवश्यकताको अति बोझलाई छोड्न सिक्यौं भनेर भोगवादी विलासी सभ्यताको विकासको साधन मात्र अस्वीकार गर्ने साहस गऱ्यो भने हाम्रो सामाजिक समस्या सरल र सहज बन्दै जानेछ । त्यसपछि मात्र हामीले उच्च विचार तर्फ आफ्नो मस्तिष्कलाई केन्द्रित गर्न अवसर प्राप्त गर्ने छौं ।

जीवनमा समृद्धि धेरै परको विषय होइन । यसरी अचेतन मनलाई चेतन तर्फ धकेल्ने एउटै उपाय हो पुस्तक अध्ययन । अध्ययन मार्फत पनि हामीले धेरै लौगिक ज्ञान हासिल गर्न सक्छौं । सञ्चारको विकासले सबैभन्दा भौतिकवादी विकासले तीव्रता पाइ रहेको छ । मानिसका गास, बास र कपास प्रमुख आवश्यकता भएपनि ती आवश्कयता परिपूर्ति गर्नका लागि चाहिने

संघर्ष बलिदान र निरन्तरताको खाचो रहिरहेको हुन्छ । पेट भर्नु आङ् ढाक्नु र छानाभित्र बस्नु मात्र जीवन होइन । जीवनमा सम्पूर्ण जगतलाई उज्यालो पार्न आफू जलेर पनि जगतलाई प्रकाशमान बनाउँदै लगोस जीवनको साचो सार्थकता त्यसैमा हुनेकुरा साहित्यकार निर्मलकुमार भण्डारी जोड दिनु हुन्छ ।

विचारमा सकारात्मक परिवर्तन आउँदैन भने त्यस्तो शिक्षालाई शिक्षा भनिदैन । शारीरिक, मानसिक र वैचारिक रूपमा जीवन अब्बल दर्जामा गणना गरियोस् त्यस्तो व्यक्तिले मात्रै समाज र राष्ट्रलाई बलियो बनाउन सक्छ । लोकतन्त्रात्मक राज्य व्यवस्थामा भौतिक शिक्षाको अपरिहार्यता हुन्छ । नेपालको सन्दर्भमा त्यो भौतिक शिक्षा, संस्कृति र संस्कार सित जोडिएको खण्डमा मात्र पूर्ण हुनेछ ।

आजको सञ्चार प्रधान युगमा आफूले लिन खोजेको शिक्षा पुस्तकालय वा सामुदायिक पुस्तकालयबाट प्राप्त गर्न सकिन्छ । त्यसैले अथाहा ज्ञानको भण्डारलाई भुल्न नुहेन भण्डारी बताउँछन् । साहित्यकार भण्डारी आफ्नो कर्तव्य प्रति सदैव इमानदार र माटो र देशप्रति इमानदार हुने आफ्ना पुर्खा र पूर्वजहरूको सद्गुणलाई सिरोधार्य गरी अगाडि बढ्ने एक कुशल व्यक्ति हुनु जरुरी ठान्छन् । तसर्थ आफू भित्रका तमाम शोख चिन्तालाई धाती राखी आफ्नो कर्तव्य उन्मुख हुन् सदैव अहावान गर्ने एक स्रष्टा हुन् । भण्डारीले जीवनको कालखण्डमा थुप्रै बज्रपातहरू बेहोरे पनि कहिल्यै हार खाएनन् । वरु चुनौतीहरूलाई अवसरको रूपमा लिएर अग्रसर हुँदा आफ्नो ज्ञानबाट कहिल्यै गुम्नु नपरेको कुरा उल्लेख गरेका छन् । सतकर्म गर्ने, सत्य बोल्ने र जीवनका स्वर्णीय सपनाहरू सजाएर मात्र नहुने बरु सन्तुलित कार्यान्वयनका लागि पर्नुपर्ने कुरामा जोड दिन्छन् ।

**२.१७ निष्कर्ष**

जीवनको यात्रा अनन्त छ । यो कहिल्यै टुङ्गीदैन, जीवन समाप्ति पश्चात् मृत्युजन्य यात्राको क्षणिक चौतारी मात्र हो । साँच्चै जो कोहीलाई आफू जन्मेको धर्ती असाध्यै प्यारो लाग्नु स्वाभाविकै हो । आफू र आफ्नो जीवनप्रति प्रगाढ अनुराग र जिजीविषा हुन्छ । साहित्यकार भण्डारीको नेपाली साहित्यप्रति अनुराग भएर नै गद्य र पद्य विधामा अनवरत रूपमा कलम चल्दै आएको छ । साहित्य समाज निर्माण र सामाजिक चरित्र निर्माणको आधारशिला हो । साहित्यले समसामयिक समाजमा देखा परेका कुरीति, कुप्रथा र विषमता निवारण गर्ने ठाउँ

प्रशस्त प्रस्तुत गरेको हुन्छ । अनुभवजन्य अनुभूतिहरूको प्रकटीकरणको व्यक्तरूप नै साहित्य हो । अनुभव र अनुभूतिहरू त हरेक व्यक्तिका आफ्ना आफ्नै प्रकारका हुन्छन् । सबैका अनुभूतिहरू साहित्य बन्न सक्दैन । त्यसका लागि श्रम र साधनासँगै प्रकृतिको पनि महत्वपूर्ण योगदान मान्न सकिन्छ ।

मूलतः डोटेली साहित्य र संस्कृतिप्रतिको गहन अध्येता भण्डारी लोक कविको रूपमा चिनिन्छन् । भण्डारीका छन्दमा रचित थुप्रै कृतिहरू छन् त्यसमध्ये कर्तव्य बोध सन्देश २०५२, चेलीबेटीको विलौना २०५२, सावधान नयाँ युग आउँदैछ २०५६ आमा शोककाव्य, २०७१ दरबार हत्याकाण्ड २०५८ लगायतका कृतिहरू प्रकाशित भएका छन् । सुदूरपश्चिम क्षेत्रको साहित्य समाज, कैलाली जनपुस्तकालय, प्रतिभा सामूदायिक पुस्तकालय लगायतका प्रमुख साहित्यिक संघ संस्थाहरूसित आवद्ध रहनु भएका साहित्यकार  कवि एवं लोकसाहित्य प्रेमी भण्डारीले डोटेली लोक देउडा, डोटेली भाषा संरक्षण तथा डोटेली संस्कृति संरक्षणमा साहित्यको क्षेत्रबाट महत्वपूर्ण योगदान दिएको कुरा अविष्मरणीय छ ।

# अध्याय तीन

# निर्मलकुमार भण्डारीको व्यक्तित्व

## ३.१ परिचय

मानिसको आचरण र उसको व्यवहारिक क्रियाकलापले उसको व्यक्तित्व निर्माण गर्दछ । आफ्नो व्यक्तित्व निर्माण गर्न मानीसहरू स्वयम सक्रिय हुन अनिवार्य छ । व्यक्तित्व व्यक्तिका समस्त जैविक, जन्मजात, विन्यास, उद्वेग, झुकाव, क्षुधा, मूल प्रवृत्ति तथा आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो । यसबाट व्यक्तित्व वंशपरम्परागत जैविक वृतिपुञ्जका रूपमा सुजीत हुन्छ र शिक्षा दीक्षा, संगीत र वातावरणका अवलोकनबाट प्राप्त वा अनुभवद्वारा समृद्ध बन्छ ।

डोटी जनपदस्थ जोरायल बेलटुक्रा ग्राम निवासी साहित्यानुरागी श्री निर्मलकुमार भण्डारीको ६ दशक लामो जीवन अवधिमा हालसम्म सुदीर्घ जीवन, शैक्षिक, सामाजिक र साहित्यिक विविध क्षेत्रमा क्रियाशील बनाउँदै आएको देखिन्छ । भण्डारीले जीवन देखाउँदै आएका यही क्रियाशीलता र योगदान नै उनको व्यक्तित्व निर्माणको आधारशिला बनेको पाइन्छ । भण्डारीको करिब अढाई दशक सक्रिय कार्यालमा आर्जित गरेको व्यक्तित्वका विविध पाटाहरूलाई आन्तरिक व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ । निर्मलकुमार भण्डारीको प्रस्तुत लोकसाहित्य मध्ये चेलिवेटीको, बिलौना नामक मौलिक कृति डोटेली लोक साहित्यको बखान गर्ने कृतिको रूपमा लिन सकिन्छ । प्रस्तुत कृतिमा अशिक्षित र असभ्य कुना, कन्दराका कठिन जीवनयापन गरिरहेका चेलीवेटीहरूको वर्तमान अवस्था र त्यसको सुधारका लागि भावी कर्तव्य बारे स्पष्ट पारिएको छ । भण्डारीले मानिसलाई चेतनशील बनाउन मानवको सभ्यता, संस्कृति, पुरातन संस्कार, लोक मान्यता र आदर्श विर्सिनु हुन्न भन्ने सन्देशका सारथिको रूपमा उदयमान छन् ।

## ३.२ आन्तरिक व्यक्तित्व

व्यक्तित्व आचरण एवम् व्यवहारसँग सम्बन्धित व्यक्तित्वलाई नै वैयक्तिक वा निजी व्यक्तित्व भनिन्छ । मानिसको आन्तरिक व्यक्तित्वले बाह्य व्यक्तित्वलाई प्रभाव पार्दछ । व्यक्तिका बारेमा सही ज्ञानका लागि उसको बाह्य आकार प्रकार र स्वभाव, आचरण र प्रवृत्तिका आधारमा स्पष्ट हुने हुनाले यहाँ सोही अनुसार अध्ययन गरिएको छ ।

आन्तरिक व्यक्तिले व्यक्तिमा अर्न्तनिहित गुण, स्वभाव र समग्रमा उसले गर्ने जीवनका कार्यसँग सम्बन्ध राख्दछ । साहित्यकार निर्मलकुमार भण्डारीको आन्तरिक व्यक्तित्वलाई नियाल्दा यिनी सानैदेखि जिज्ञासु र सरल स्वभावका देखिन्छन् । जिद्दी नगर्ने मिलनसार सहयोगी भण्डारी एक बौद्धिक व्यक्तित्वको रुमा चिनिन्छन् । समयसँगै आएको शारीरिक तथा बौद्धिक परिवर्तनले यिनलाई शान्त र गम्भीर स्वभावमा परिणत गरिदियो । शब्दहरूलाई केलाएर अन्यन्त छोटो तरिकाले स्पष्ट र ठोस निर्णय दिनसक्ने क्षमता भण्डारीमा देखिन्छ । उनी समाजमा देखापरेका विकृतिप्रति धेरै चिन्तित देखिन्छन् । कुनै पनि मानिसले व्यक्तिगत स्वार्थभन्दा सामाजिक र राष्ट्रिय स्वार्थका लागि आफ्नो जीवनलाई सदुपयोग गर्नु पर्दछ भन्ने उनको दृष्टिकोण रहेको छ । उनी मानिसलाई आस्थाका आधारमा भेदभाव गर्दैनन् । बरु उसको भएको गुण र दोषको आधारमा वर्गीकरण गर्दछन् । मिष्ठभाषी एवं शान्त स्वभावी भण्डारी एक फरक व्यक्तिको रूपमा चिनिन्छन् । उनी सादा जीवन, उच्च विचारमा भरोसा गर्दछन् । त्यसैले उनलाई सम्भाव्य व्यक्तिका रूपमा लिन सकिन्छ ।

### ३.३ वाह्य व्यक्तित्व

बाहिरबाट देखिने शारीरिक बनावट र आकार प्रकार नै वाह्य आकृति हो । अग्लो कद, परिपुष्ठ जिउडाल, हँसिलो मुहार, शिष्ट र नम्र बोली, गहुगोरो, मिलनसार व्यवहार उनको व्यक्तित्वको पहिचान हो । भण्डारी अग्लो शरीर भएका गहुँगोरो वर्ण, हट्टा-कट्टा बलियो हँसिलो, ठूलो अनुहार कालो कपाल ५ फिट ६ ईन्च अग्लो उचाई भएका आज सम्म पनि ५१ वर्षको उमेर हुँदा समेत शारीरिक सौन्दर्यता आकर्षक नै देखिन्छ । शान्त र गम्भीर स्वभावका भण्डारी शब्दलाई तौली तौली अत्यन्त स्पष्ट भाषामा जेजति बोल्छन् सबै निचोड र पूर्ण कुरा बोल्दछन् ।

त्यसैले उनका कुरा काट्न कसैले साहस गर्दैनन् । भण्डारीमा कतिपनि तडकभडक देखिदैन, उनी धेरै समय साधारण पोषाकमा नै रहन्छन् । स्वभिमान वैचारिक अडान र समाजसेवामा महत्वपूर्ण योगदान पुऱ्याएका उनी एक महत्वपूर्ण व्यक्तित्वको रूपमा चिनिन्छन् ।

### ३.४ सार्वजनिक व्यक्तित्व

साहित्यकार निर्मलकुमार भण्डारीले कयौं वर्ष आफ्नो जन्म भूमिलाई कर्म भूमि बनाई शिक्षण पेशामा समय बिताए । देशकाल परिस्थितिका कारण उनले जागिर छोडेर घरमै बस्नु पऱ्यो । आफ्नो जन्मभूमिमा बस्ने इच्छा हुँदाहुँदै पनि उनलाई जन्मभूमि छोड्न कुनै तत्वले

बाध्य बनायो । यति हुँदाहुँदै पनि उनले सामाजिक भावनाको कमी हुन दिएन । सामाजिक कार्यमा सक्रियता देखाउने भण्डारी हाल साहित्य साधना उपासना तथा साहित्यकृतिहरूको सम्पादनमा व्यस्त देखिन्छन् ।

### ३.५ साहित्यकार व्यक्तित्व

भण्डारी साहित्यिक क्षेत्रमा एक प्रखर व्यक्तित्वको रूपमा चिनिन्छिन् । साहित्यिक आकाशमा एक उज्ज्वल नक्षत्रको रूपमा उदयमान भण्डारीले आफ्नो साहित्यको सुरुवात छन्द कविताबाट गरेको देखिन्छ । प्रकृतिप्रेमी एवं साहित्यसाधक भण्डारीले वढी जस्तो कविता क्षेत्रमा कलम चलाएको देखिन्छ । त्यसपछि उनले डोटेली लोकसंस्कृति संरक्षणका निमित्त डोटेली देउडा गीतको कृति चेलिबेटीको बिलौना प्रकाशित गरेको पाइन्छ ।

साहित्यकार साहित्यिक व्यक्तित्वको बारेमा थाहा पाउन उनका कृति एवं साहित्यिक रचनाका बारेमा अध्ययन विश्लेषण गर्नुपर्ने हुन्छ । उनको लोकसाहित्य र लोक संस्कृतिको जगेर्ना गर्ने खालका कृतिहरूबाट उनको साहित्यिक व्यक्तित्व झल्किन्छ । बहुप्रतिभाका धनी भण्डारीले २०५२ सालमा कर्तव्य बोध कविता संग्रह कृति प्रकाशन गरी औपचारिक रूपमा आफ्नो साहित्यिक यात्रा आरम्भ गरेका हुन् । जीवनमा थुप्रै पटक हण्डर खानुभएका भण्डारीले साहित्य क्षेत्रकै मूर्धन्य व्यक्तित्व . विश्वेश्वरप्रसाद कोईरालाको साहित्यिक रचना पढेको आरोपमा स्थानीय पञ्चेहरूले २०४६ सालमा भण्डारीलाई प्रहरीमार्फत गिरफ्तार गराई जिल्ला प्रहरी कार्यालय डोटीमा राखेर दुःख दिएको पाइन्छ । आफ्नो जीवनको तीन दशक लामो यात्रामा रहेका भण्डारी साहित्यिक क्षेत्रमा निरन्तर कलम चलाई रहेका छन् ।

#### ३.५.१ डोटेली लोकसाहित्यका सङ्कलक र विश्लेषक व्यक्तित्व

डोटी मूल शब्दमा ऐली परसर्ग लागेर बनेको डोटेली विशेषण शब्दले डोटीका वा डोटी सम्बन्धी भन्नेकुरा जनाउँछ । अझ विस्तृतमा डोटेली जनमानसको आफ्नोपन परम्परा र त्यसको स्थानीय विशेषतालाई इङ्गित गर्दछ । डोटीको समग्र भाषा, कला, साहित्य संस्कृति, रीतिरिवाज सभ्यता र मूल्यमान्यता नै डोटेली शब्दले वहन गरेको छ । डोटी स्थान विशेषका समग्र वाह्यान्तर क्रियाकलापहरूको उद्घोष गर्ने डोटेली शब्दले डोटीको सम्पूर्ण भौगोलिक भावनात्मक तथा पारस्परिक परिवेशलाई छर्लङ्ग पार्दछ ।

लोक शब्दले मानिस जनता, जनजीवन र लोकजीवन यस्तै यस्तै अर्थ वहन गर्दछ । साहित्य भनेको त्यही जनजीवनका मान्छे र समग्र लोकजीवनको कलात्मक अभिव्यक्ति हो । जो जीवन जगतसँग घटना वस्तुस्थिति र वातावरण अनुसार यथार्थ रूपमा प्रकट एवं प्रतिविम्बित हुन्छ । यसो त साहित्यमा समाजहित सुधार र चेतनाको भावना हुन्छ । यदा-कदा जीवन यात्राका अकल्पनीय, पिर, पिडा, प्रेम प्रसंग र जैवनीक व्यवहार बोकेको लोकसाहित्य लोक जीवनको त्यो संगालो हो, जसभित्र मानव जीवनचक्रको विविध छायाङ्कन पाइन्छ ।

डोटेली लोकसाहित्य र कविता विधामा आफ्नो जीवनको सम्पूर्ण दिनहरू समर्पित गर्ने अठोट गरेका भण्डारीले लोकसाहित्य कै क्षेत्रमा कलम चलाए वाफत विभिन्न क्षेत्रबाट सम्मानित भएको पाइन्छ । साहित्य लेखन नै उनको चिन्तन हो । डोटेली साहित्य क्षेत्रमा कलम चलाएर नाम कमाएका भण्डारीले आफ्नो सम्पूर्ण समय साहित्य साधना र उपसनामा विताउने बताएका छन् । साहित्य क्षेत्रमा अनवरत रूपमा लाग्ने भण्डारी साहित्यका एक पश्चिमेली बलिया खम्बाका रूपमा उभिएका छन् ।

### ३.५.२ साहित्येतर व्यक्तित्व

हरेक व्यक्तिका जीवनका विविध पाटाहरू हुन्छन् । साहित्यिक व्यक्तित्व जीवनको एउटा पाटो हो भने साहित्यतर व्यक्तित्व अर्को पाटो हो । निर्मलकुमार भण्डारी बहुमुखी प्रतिभा भएका व्यक्तित्व हुन् । यिनका साहित्यतर पाटाहरूलाई क्रमशः प्रस्तुत गरिएको छ ।

### ३.५.३ अध्यापक व्यक्तित्व

निर्मलकुमार भण्डारी साहित्य क्षेत्रमा मात्र सिपालु नभएर अध्यापन क्षेत्रमा पनि उतिकै सिपालु व्यक्तित्व हुन् । २०४० सालदेखि २०६२ सालसम्म निरन्तर अध्यापन गराउँदै आएका भण्डारी शिक्षण पेशामा पनि माहिर नै थिए भनिन्छ । किताबी ज्ञानभन्दा व्यवहारिक एवं नैतिक शिक्षामा बढी जोड दिने भण्डारी विद्यालयमा असल तथा कुशल पठन पाठन गरेकोमा नेपाल सरकारको शिक्षा मन्त्रालयद्वारा २०४९ सालको राष्ट्रिय शिक्षा पुरस्कारद्वारा सम्मानित भएका थिए । २०३८ सालमा कैलालीको सहजपुर भन्ने स्थानमा बस दुर्घटनामा परी उनको खुट्टामा गहिरो चोट लाग्यो । दुई महिनासम्म स्कुल जान सकेनन् । स्कुलबाट उनलाई तलब दिएनन् । दुई महिनाको तलब नपाएपछि सबैतिर सल्लाह लिए अनुरोध गरे तर पनि केही नलागेपछि तत्कालीन श्री ५ वीरेन्द्र राजालाई तलब उपलब्ध गराई पाऊँ भनी विन्ति पत्र समेत लेखेर

पठाएछ । राजाबाट निजको तलब नरोकी चाँडो भन्दा चाँडो उपलब्ध गराउन विद्यालयलाई आदेश पत्र पठाएछन् तर पनि विद्यालय व्यवस्थापन समिति र केही पन्चेहरूले उहाँलाई फेरिपनि तलब उपलब्ध गराएनन् । यति हुँदा पनि भण्डारीले अध्यापन पेशा अथवा शिक्षण पेशालाई छोडेनन् । २०६२ सालमा ने.क.पा. माओवादीबाट पीडित भण्डारीलाई माओवादीका कार्यकर्ताले राजिनामा दिन बाध्य बनाएर राजिनामा नदिएमा ज्यान मार्ने धम्की समेत दिए पछि भण्डारीले बाध्य भएर शिक्षण पेशा छोड्नु पऱ्यो । अझै पनि उनमा शिक्षण पेशाप्रतिको झुकावको कमी भएको छैन ।

### ३.५.४ सम्पादक व्यक्तित्व

निर्मलकुमार भण्डारीको सम्पादक व्यक्तित्व पनि उत्तिकै महत्वपूर्ण देखिन्छ । भण्डारीका आफ्नै कृतिहरूको सम्पादन कर्तव्यबोध सन्देश २०५२, चेलीबेटीको विलौना २०५२, सावधान नयाँयुग आउँदैछ २०५४, आमा २०७१, दरबार हत्याकाण्ड २०५८, निर्मलमणि २०७२, प्रेमराज २०६५, माया दुरिदैन २०७५ आदि । यसका साथसाथै सुदूरचिनारी २०७५, प्रतिभा स्मारीका २०७७ लगायत विभिन्न नवप्रतिभावान साहित्यकारहरूका विभिन्न कृतिहरू सम्पादनको काममा सहभागी रहनु भएको पाइन्छ । यिनै सम्पादन क्रियाकलापहरूले भण्डारीले सम्पादन व्यक्तित्व झल्किन्छ ।

### ३.५.५ पत्रकारिता क्षेत्र

कवि तथा साहित्यकार निर्मलकुमार भण्डारीले साहित्यिक क्षेत्रमा मात्र योगदान पुऱ्याएका छैनन् । उनी एक कुशल पत्रकार पनि हुन् । राज्यको चौथो अंगको रूपमा मानिने पत्रकारिता क्षेत्रमा आफ्ना जीवनका कयौ दिनहरू सक्रिय भएर विताएको पाइन्छ । एउटा कुशल समाजसेवी, साहित्यकार, शिक्षक एवं पत्रकार भण्डारीले २०४० सालदेखि २०६२ सालसम्म आफ्नै गाउँको श्री शिवपुर मा.वि. चनकट्टेमा शिक्षण पेशामा लागि कुशल शिक्षण गराएको पाइन्छ । कुशल शिक्षण गरे वाफत उनलाई २०४९ सालमा शिक्षा मन्त्रालयबाट राष्ट्रिय शिक्षा पुरस्कार प्राप्त भएको पाइन्छ । २०६२ सालमा नेपालमा ने.क.पा. माओवादीको सशस्त्र द्वन्द्वको चपेटामा परी सरकारी शिक्षकको जागिरबाट राजिनामा गरी कैलाली जिल्लामा बसाई सरेको देखिन्छ ।

भण्डारीले २०६३ सालमा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र दिपायलमा जम्मा ६ महिना कार्यक्रम प्रस्तोता भएर काम गरेको देखिन्छ । त्यसपछि उनले २०६४ साल देखि ६ वर्ष सम्म २०६९ साल सम्म कैलालीमा रहेको खप्तड एफ.एम.मा कार्यक्रम सञ्चालक भएर काम गरेको देखिन्छ । त्यस्तै २०६३ सालमा ३ महिना घोडाघोडी एफ.एम. कैलालीमा काम गरेको देखिन्छ । हालसम्म कैलालीका विभिन्न स्थानीय एफ.एम.हरूमा काम गर्दै आएको देखिन्छ । यसरी उनले आफ्नो जीवनमा साहित्यको क्षेत्रमा मात्र नभएर पत्रकारीता क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

### ३.५.६ समाजसेवी व्यक्तित्व

सरस्वतीनगर गा.वि.स. वडा नं. ६ वेलटुक्रा जोरायल डोटीमा २०१३ साल माघ १२ गते जन्मीनु भएका कवि एवं साहित्यकार निर्मलकुमार भण्डारी एक समाजसेवी व्यक्तित्व पनि हुन् । साहित्यिक क्षेत्र, पत्रकारिता क्षेत्रका साथै सामाजिक क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । डोटी स्थित गाउँमै रहँदा तीन वर्ष निःशुल्क प्रौढ शिक्षा सम्बन्धी कक्षा सञ्चालन गरेका थिए । जुन सेती परियोजना मार्फत सञ्चालन भएको थियो । गाउँमा जनचेतनामूलक कार्यक्रम अन्तर्गत चर्पी बनाउनु पर्छ भन्ने अभियान, मलखाद व्यवस्थापन आधुनिक चर्पी अभियान र खानेपानी सम्बन्धी निःशुल्क अभियान सञ्चालन गरी समाजसेवामा समर्पित भएको पाइन्छ । साहित्य साधना र उपासना मात्र नभएर सामाजिक अध्ययनमा संलग्न हुनु भण्डारी वास्तवमा सामाजिक व्यक्तिको रूपमा चिनिन्छन् ।

### ३.५.७ जीवनी व्यक्तित्व र कृतित्वबीचको अन्तर्सम्बन्ध

निर्मलकुमार भण्डारीले आफ्नो जीवन व्यतित गर्ने क्रममा विविध क्षेत्रमा संलग्न भई महत्वपूर्ण कार्य गर्दै आएको देखिन्छ । यिनै महत्वपूर्ण कार्यहरूले भण्डारीको जीवनी एक साहित्यिक व्यक्तित्वका रूपमा स्थापित भएको देखिन्छ । उनले गरेको कार्यहरूबाट निर्मित उनको व्यक्तित्व र उनिद्वारा लिखित कृतिहरू बिच परस्मर निकटता र सम्बन्ध भेटिन्छ ।

समाजसेवा र साहित्य सेवा नै सवै भन्दा ठूलो सेवा हो । भण्डारीले जीवन यात्राका क्रममा देखेका र भोगेको घटनाहरूको प्रमुख यिनको साहित्यिक लेखनमा पर्न गएको देखिन्छ । आफ्नो नितान्त जीवन भोगाईका तिता मिठा क्षणहरूलाई आफ्नो साहित्य लेखनी मार्फत्

उल्लेख गरेको पाइन्छ । जीवन व्यतित गर्ने क्रममा हरेक मोडमा घटेका तिता मिठा घटनाहरूलाई साहित्यिक लेखनीको विषयवस्तु बनाएको पाइन्छ ।

साहित्यकार भण्डारीका हाल सम्म जम्मा आठ वटा कृतिहरू प्रकाशनमा आएको देखिन्छ । शान्त शालीन र सभ्य व्यक्तित्व भण्डारीको आर्थिक स्थितिले सहयोग नदिँदा कयौं अप्रकाशित कृतिहरू प्रकाशनको मार्गबाट विचलित देखिन्छन् । एकातिर पारिवारिक जिम्मेवारी र अर्कोतिर आर्थिक अवस्था कमजोर रहँदा पनि साहित्य साधनना र उपासनाको निरन्तरता कायमै रहेको पाइन्छ । विभिन्न साहित्यिक सँघ संगठनहरूमा रहँदै नवप्रतिभावान साहित्यकारहरूका कृतिहरू सम्पादनको काममा व्यस्त भण्डारीको समग्र जीवनको मूलभूत पक्ष महत्वपूर्ण कार्य र त्यसबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनका विविध पक्षहरूको प्रभाव उनका कृति लेखनमा गएको देखिन्छ ।

यसरी हेर्दा अत्यन्त परिश्रमी अध्ययनशील र कर्मठ स्वभावका भण्डारीको जीवनी व्यक्तित्व कृतित्वका बीचमा परस्पर प्रभाव र प्रेरणा प्राप्त भई अन्यौन्याश्रित अर्न्तसम्बन्ध स्थापित भएको पाइन्छ ।

# अध्याय चार

## ४.१ कृतित्वको अध्ययन

निर्मलकुमार भण्डारीका सात आठ वटा ससाना कृतिहरू भेटिए पनि उनी मूलतः साहित्यका अध्यताका रूपमा देखा पर्दछन् । यसमा पनि डोटेली लोक साहितयका देउडा गीत काव्य, उखानटुक्काजस्ता लगायतका विधाका साथै कविता विधामा पोख्त देखिन्छन् । उनका धेरै कविताहरू मन्दाक्रान्ता छन्द, शार्दूलविक्रीडित छन्द, अनुष्टुप छन्द लगायतका छन्दहरूमा लेखिएका पाइन्छन् । यी सबै छन्दहरूको प्रयोग गरी कविता रचना गरिए पनि सबैभन्दा बढी शार्दूलविक्रीडित छन्दमा कविता लेखिएको देखिन्छ । अरु छन्दहरूमा साघुरो घेराभित्र बसेर कविता लेख्नुपर्ने भएकाले सबैभन्दा बढी शर्दूलविक्रीडित छन्द रोजी कविता लेखिएको पाइन्छ । शार्दूलविक्रीडित छन्दमा करुणिकता पोख्न पाइने भएकाले यस छन्दको बढी प्रयोग गरिएको कवि भण्डारी बताउनु हुन्छ । प्रवृत्तिको कुरा गर्दा राष्ट्रकवि माधवप्रसाद घिमिरेको प्रवृत्तिसँग मिल्ने प्रवृत्ति भएका भण्डारीले आफ्नो जीवनका यथार्थ भोगाईहरूलाई साहित्यिक विषयवस्तु बनाएको पाइन्छ ।

कवि निर्मलकुमार भण्डारी सानै उमेरदखि साहित्य क्षेत्रमा अध्ययन अनुसन्धानतर्फ उत्सुक भएको पाइन्छ । लोकसाहित्यका विभिन्न विधामा कलम चलाउँदै आउनु भएका भण्डारीले डोटेली डेउडागीतको कृति चेलिबेटीको विलौना प्रकाशनमा ल्याई सकेका छन् । त्यस्तै उनले विभिन्न पत्रपत्रिकामा डोटेली फाग, धमारी, चैत्य, हुडकेली, होली जस्ता विधामा पनि कलम चलाइ सकेको देखिन्छ । एकातिर शिक्षण पेशा, पत्रकारिता तथा साहित्य साधना र उपासना जस्ता तिन वटा विधामा राम्ररी अध्ययनरत रही कलम चलाएर एक बहुमुखी प्रतिभाको रूपमा चिनिएको पाइन्छ । लोक जीवनको अनुभूति र अभिव्यन्जना व्यक्त गर्ने सशक्त माध्यमका रूपमा लोकसाहित्य तथा लोकसंस्कृति प्रमुख माध्यम देख्ने भण्डारीले कविता विधालाई पनि उत्तिकै सशक्त रूपमा अगाडि बढाएको पाइन्छ । पाश्चात्य संस्कृतिले हैकम जमाइरहेको हाम्रो लोकसंस्कृतिमाथि अन्याय भएको मान्ने भण्डारी आफ्नो कलात्मक लोक संस्कृतिलाई जागाउन, संरक्षण गर्न र असल संस्कारको अनुसरण गर्न सबैमा अनुरोध गर्दछन् ।

साहित्यको प्रमुख विधाको रूपमा रहेको कविता विधा हाल लोप हुँदै जानुमा पाश्चात्य संस्कृतिको अनुसरण हालका पुस्तामा बढी पाइएको छ । लोपोन्मुख अवस्थामा रहेको कविता

विधा जोगाउनु हामी सबैको कर्तव्य रहन्छ । हाम्रा संस्कार र संस्कृतिको संरक्षण गरी जीवन्त राख्नु हाम्रो कर्तव्य हो । राम्रो संस्कार र संस्कृतिले असल परिचय बनाउन उनी बताउँछन् । आफ्नो संस्कार र संस्कृतिको संरक्षण गर्नु पहिलो कर्तव्य ठान्ने भण्डारीका कृतिगत अध्ययन गर्नु पूर्व भण्डारीको साहित्य लेखनको चरणगत रूपमा अध्ययन गर्नु आवश्यक र सान्दर्भिक देखिन्छ ।

### ४.२ निर्मलकुमार भण्डारीको साहित्यिक लेखनीको चरण विभाजन

निर्मलकुमार भण्डारी साहित्यिक क्षेत्रमा देखा परेका कुशल संकलक, अध्येता र अनुसन्धानदाताको रूपमा देखा पर्दछन् । यिनको हाल सम्मको जीवनलाई हेर्दा विभिन्न परिवेश र चक्रहरूबाट गुज्रेको देखिन्छ । यस समग्र हालसम्मको जीवनमा उनको साहित्यिक यात्रालाई मुख्यतः दुई चरणमा विभाजन गर्न सकिन्छ ।

क) पूर्वार्द्ध चरण २०३८ देखि वि.सं. २०६२ सम्म

ख) उत्तरार्द्ध चरण वि.सं. २०६३ देखि हाल सम्म

### क) पूर्वार्द्ध चरण

वि.सं. २०३६ सालमा शिक्षक सेवा आयोगले लिएको परीक्षामा उत्तीर्ण भएपछि शिक्षण पेशामा संलग्न भएका निर्मलकुमार भण्डारीको रुचीको विषय नै साहित्यलेखन थियो । सानै उमेरदेखि नै कविता लेख्न सिपालु भण्डारी जागर देखाएर २०३८ सालदेखि साहित्य क्षेत्रमा लागेको देखिन्छ । विद्यार्थी जीवन छदामा पनि विभिन्न साहित्यिक कार्यक्रममा भाग लिई राख्ने उनी साहित्य साधना र उपासनालाई आफ्नो मुख्य रुचिको क्षेत्र मान्दछन् । २०३८ सालदेखि निरन्तर साहित्य साधनामा लागेपनि उनले वि.सं. २०५२ सालमा आएर मात्र आफ्नो पहिलो कृति कर्तव्य वोध (कविता संग्रह) प्रकाशनमा ल्याएको पाइन्छ । त्यस अघिको समयमा रेडियो नेपाल तथा विभिन्न पत्रपत्रिकामा आफ्नो साहित्यिक रचनाहरू प्रसारण गराउने प्रकाशन गराउने काम निरन्तर गरिरहे । रेडियो नेपालको नियमित स्रोता बनी विभिन्न कार्यक्रमहरूमा माग लिँदै आउनु भएको थियो । डोटेली लोकसंस्कृतिमा भाग लिदै आउनु भएको थियो । डोटेली लोकसाहित्य तथा लोकसंस्कृति एवं कविता विधाप्रति अभिरुचि तथा अध्ययन विश्लेषणमा उनले ठूलो योगदान पुऱ्याएको देखिन्छ । यस चरणमा उनका कयौँ रचनाहरू रेडियो नेपालबाट प्रसारण तथा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भएको देखिन्छ । यस बाहेक उनका तीन वटा

कृतिहरू प्रकाशनमा आएको देखिन्छन् । उनका कर्तव्यबोध सन्देश (कविता संग्रह २०५२), चेलीबेटीको विलौना (गीति काव्य २०५२) र सावधान नयाँ युग आउँदैछ (खण्डकाव्य २०५४), दरबार हत्याकाण्ड २०५८ आदि प्रकाशनमा आएका देखिन्छन् ।

साहित्य साधना, उपासना, समाजसेवा तथा पत्रमित्रता जस्ता रुचिहरू भएका भण्डारी एक लगनशील, प्रतिभावान, सरल, तथा स्वावलम्बी व्यक्ति भएको पाइन्छ । उनी साहित्यका एक अध्यताका रूपमा चिनिन्छन् । आफ्ना जीवनको तीता मिठा भोगाइहरूलाई कलात्मक रूपमा कवितामा उतार्ने भण्डारी एक कुशल शिक्षक, एक कुशल पत्रकार र कुशल, साहित्यकार हुन भन्ने कुरा उनका विभिन्न क्रियकलापहरू र प्रकाशन कृतिहरूले जनाउँदछ । कविता विधामा अलि बढी कलम चलाउन सिपालु भण्डारीले डोटेली लोक साहित्य देउडाको अध्ययन अनुसन्धान गरी विश्लेषणात्मक कृति समेत प्रकाशनमा ल्याएर उनी कवि मात्र नभई लोक साहित्य प्रेमी एवं अध्येता र संकलनकर्ता पनि हुन भन्ने कुरा प्रमाणित हुन्छ ।

**ख) उत्तरार्द्ध चरण वि.सं. २०६३ देखि हालसम्म**

यस चरणमा आईपुग्दा साहित्यकार निर्मलकुमार भण्डारीका केही महत्वपूर्ण कृतिहरू प्रकाशनमा आएका देखिन्छन् । खासगरी विभिन्न शोक काव्यहरू तथा डोटेली लोकसाहित्यका विधामा केन्द्रित पुस्तकहरू रहेकाछन् । डोटी क्षेत्र मात्र नभएर सुदूरपश्चिम तथा मध्यपश्चिमका केही क्षेत्रमा विभिन्न मेलापात गर्दा होस या विभिन्न चाडपर्वमा गोलो घेरामा केटा केटा र केटी-केटी मिलेर गाइने डेउडा गीतको संकलन गरी माया दुरीदैन डोटेली गीत काव्य प्रकाशनमा ल्याएका छन् । कविता विधा तथा डोटेली लोकसाहित्यमा निरन्तर अध्ययन अनुसन्धानमा संलग्न भण्डारीका उत्तरार्द्ध चरणका कृतिहरू यस प्रकार रहेका छन् ।

जस्तैः प्रेमराज शोककाव्य २०६५, आमा शोक काव्य २०७१, निर्मलमणी कविता संग्रह २०७२ र माया दुरीदैन (डोटेली गिती काव्य) २०७५ आदि । उपर्युक्त कृतिहरू कविता विधा र डोटेली लोक साहित्य सम्बन्धी रहेका छन् । त्यसैले भण्डारीलाई छन्द कवि एवं लोक साहित्य र लोकसंस्कृतिका अध्येताको रूपमा लिन सकिन्छ । साहित्यको जेठो विधाको रूपमा रहेको कविता विधा दिनानुदिन लोप हुँदै गईरहेको परिप्रेक्ष्यमा यसको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हुन जान्छ । कविता विधा जेठो मात्र होइन यस विधामा भावको सशक्तीकरणको तीव्रता पाइन्छ । ठूलाठूला राष्ट्रिय कविहरूले यसै विधामा कलम चलाउँदै नाम कमाएको पाइन्छ ।

लोक कवि भानुभक्त आचार्यले रामायण जस्ता महाकाव्य कविता विधाको प्रयोग गरी लेखिएको पाइन्छ । तसर्थ भण्डारी पनि एक सशक्त कवि एवं साहित्यकार हुन भन्ने प्रमाणित हुन्छ ।

### ४.३ कर्तव्यबोध सन्देश कृतिको अध्ययन

कर्तव्यबोध सन्देश वि.सं. २०५२ सालमा प्रकाशनमा आएको निर्मलकुमार भण्डारीज्यूको पहिलो कृति हो । मानव जीवनलाई कर्तव्यबोधको मार्गतिर अग्रसर गराउन कर्तव्यको बोध गराउने भावनाहरूले ओत प्रोत भएको पाइन्छ । यस कविता संग्रहका अत्याधिक पदहरू शिक्षाप्रद र मननयोग्य भएको हुँदा कवि भण्डारीले यस संग्रहलाई जीवन्तता दिने प्रयास गर्नु भएको छ ।

निश्चय नै यो कृति कविको व्यक्तित्व जीवनका आदर्श र उत्कृष्ट व्यवहारयुक्त मान सिकताको उपज मानिन्छ । यस कृतिले राष्ट्रिय स्तरका साहित्यिक संघ संस्था तथा साहित्यप्रेमी पारखी व्यक्तित्वहरूद्वारा उचित मूल्याङ्कन एवं संरक्षण पाएको पाइन्छ । कर्तव्यबोध सन्देश बयानब्बे पेजमा समेटिएइको पाइन्छ । यसमा विभिन्न उपशीर्षकहरू रहेको पाइन्छ । जस्तै पापी हिउँद, माघ, आमाको सम्झना, नवविहानी अनित्य जीवन, धर्ती, गाउँतिर फर्क यी दुष्प्रवृत्तिहरू हटाई देऊ सरस्वती आराधना, तराईका वर्तमान स्थिति र भावी अवस्था, शिवपुर, प्रगाढ प्रेम, विहानी वातावरण, आँसु, विद्यार्थीलाई उपदेश, एक तवस्वीको अज्ञात यात्राको अनुभूति, कथा गुरुको, कला शिष्यको, पुज्यगुरुदेवको अन्तिम सन्देश, अभिमानी नवन, निस्सार जीवन, अमर आत्माको अनुभव, तिमीलाई सम्झँदा, सिन्दुर सोभा, वन तथा वन्यजन्तुको पुकार, गङ्गाकी परी, छैन केही निसानी, सुन्द, कृष्ण भक्ति, वन दुल्हन सँग, मानिसको कर्मले ठूलो हुन्छ जातले होइन, धुम्रपान, कर्तव्य बोध बाचेर यो के भयो , गायत्री वेदमाता प्रति, विदाई अभिनव प्रजातन्त्र महामानव वि.पी. प्रतिको उद्गार आदि यो कृति शार्दूलविक्रीडित छन्द र मन्दाक्रान्ता छन्दमा लेखिएको छ भने यसमा करुण रस अभिव्यञ्जित छ ।

#### ४.३.१ माया दुरीदैन (२०७५) को अध्ययन

माया दुरिदैन कृति सुदूरपश्चिमेली कला साहित्य र संस्कृति संरक्षणको पहरेदार मानिन्छ । डोटेली भाषा, संस्कृति संरक्षणको दायित्व बोध गराउने उक्त कृतिमा शुद्ध डोटेली भाषा प्रयोग गरिएको पाइन्छ । डोटेली भाषाको अस्तित्व खोज्ने हो भने यो परम्परादेखि बोलीचाली गर्दै आएको भाषा मानिन्छ । समग्र सुदूरपश्चिममा बोलिने यो भाषाको आफ्नै ऐतहासिक पृष्ठभूमि

भेटिन्छ । सोही डोटेली भाषा प्रयोग गरी लेखिएको उक्त कृतिभित्र आफ्नो भाषा, संस्कृति, संस्कार, रीतिरिवाज, चालचलन तथा आफू जन्मे हुर्केको ठाउँको सम्झनामा कवि विरही देखिएको र विरह बेदना पोखिएको पाइन्छ ।

जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी भनेझैं आफू जन्मेको हुर्केको ठाउँ सबैलाई प्यारो लाग्छ । यो ठाउँबाट ऊ धेरै टाढा रहेपनि माया कहिल्यै पनि टाढा हुँदैन भन्ने सन्देश यस कृतिबाट पाइन्छ । कविको आफ्नो नितान्त व्यक्तिगत जीवनका भोगाईका क्षणहरूलाई समेटेर लेखिएको कृति बडो सान्दर्भिक र समसमीयकता बोकेको देखिन्छ । एउटा निराकार फलामलाई हजारौं चोट प्रहार गरी आकार दिन सकिए जस्तै कवि भण्डारीले पनि आफ्नो जीवनमा कयौं चोटहरू खाएर मात्र साहित्य साधनालाई विषयवस्तु बनाएको देखिन्छ । एउटा कवि र कविताको नङ मासुको सम्बन्ध रहे जस्तै कवि र जनमभूमिको पनि उत्तिकै गहिरो सम्बन्ध हुन्छ ।

यस कृतिभित्रका रचनाहरूको शीर्षक चयन गर्ने अभिधात्मक रूपमा रहेका छन् । खासगरी आफ्नो जन्मभूमिप्रतिको अथाह माया दर्शाइएको पाइन्छ । पहाडी क्षेत्रमा मेलापत गर्दा होस या जन्तीजात्रा जाँदा होस् मनका विरह पोखी मन हलुंगो गराउने तथा रमाइलो गराउने उद्देश्यले देउडा गाइन्छ, खेलिन्छ ।

साङ्लो अड्याएझै एकले अर्काको पाखुराभित्र हात घुसाई खुट्टाको ताल मिलाएर गायकहरूले गाउँदा गोलाकार घेरामा अगाडि बड्दछन् । यसको गायनमा ड्यौडे चालमा एक पाईला अगाडि बढाई आधा पाइला पछाडि सरिने हुनाले यसलाई देउडा भनिएको हो । गायन अवसर, गायक, गायन शैली, अवस्था, समय जसता विभिन्न कारणबाट यसका नाममा विस्तार आएको पाइन्छ । त्यस हिसाबले चर्चित यसकाकेही नामको उल्लेख यहाँ गरिएको छ ।

जस्तै : वनगीत, देउडा, चोर देउडा भगन्याउला आदि ।

मूलतः यी गितहरूको प्रतिपाद्य विषय प्रेम र श्रृंगार रहने गरेको भएतापनि कवि निर्मलकुमार भण्डारीबाट प्रस्तावित गीतहरूमा भने संयोग श्रृंगार भन्दा विप्रलम्मको बढी प्रयोग भएको पाइन्छ । संयोगावस्थाको सुखद अनूभति, माधुर्य, उल्लास्व, उमंग र दप्त प्रेम यसमा जसरी व्यक्त हुनुपर्ने हो त्यसको उल्टो वियोगावस्थाको समयको पट्यार लाग्दो दुरी र विह्विगत मनोदशाको कारण यस अवस्थाको विषयलाई अझै मार्मिक बनाएको छ । यसमा लोक जीवनका संयोग, वियोग, दुःख हर्ष, विस्मात्, राग, विराग, हासो, रोदन, आसक्ति, अनासक्ति, आस्था,

अनास्था, कोमलता, कठोरता, नीति भक्ति, ज्ञान, वैराग्य र वेदना जीवनानुभूतिका साथै धर्म, संस्कृति, प्रकृति, मातृभूमिप्रतिको अगाध माया र पवित्र प्रेम प्रकट भएको छ । श्रृंगारपछि यस्ता गीतहरूमा करुण, हास्य र भक्ति रसले क्रमिक प्रश्रम पाएको हुन्छ भन्ने मान्यता रहिआएको छ । यसको मुख्य वोल प्रत्येक चार चार र छ वर्णमा विश्राम भएको दुई चरणका गीतमा आधारित हुन्छ । लयका भेद अनुसार सामान्य मध्य र तीव्र तीनैथरि गीतका नृत्यमा यसको संगीतमा नाच्न सकिन्छ । यस संगीतमा वादनको अभाव पाइन्छ र रागात्मक लयमा प्रस्तुत हुने यसका कतिपय भेदमा नृत्य पनि हुँदैन । तयसैले यसलाई सामान्य गायन र नृत्ययुक्त गायन गरी दुई थरी प्रस्तुति भएको संगीतका रूपमा चिनाउन सकिन्छ । तुलनात्मक रूपमा परम्परागत महत्व यसको कम भएपनि व्यापक प्रभाव क्षेत्रगत विस्तार र अत्यधिक जनतासम्मको पहुँचका दृष्टिले यसलाई डोटेली समाजको सर्वोपरी संगीत भन्न सकिन्छ ।

यसको प्रयोगमा महिला र पुरुषको संलग्नता पाइन्छ । विभिन्न चाडपर्व, जात्रा, खेल र जीवन संस्कारका अवसरमा गाइने सामान्य र प्रश्नोत्तरात्मक ड्यौडा गीतमा यसको प्रयोग हुन्छ । यसरी गीत संगीत र संरचनाको परम्परामा आफ्नै किसिमको अस्थित्व एवम् पहिचान कायम गरेर यसको लय प्राचीन कालदेखि वर्तमान्सम्म चलन चल्तीमा रहेको पाइन्छ । यसको भाषा सामान्य लोकजीवनमा दैनिक प्रयोग गरिने व्यवहारिक हुन्छ । भाषा विज्ञान र साहित्यका शास्त्रीय नियमहरू अध्ययन गरेर उपयुक्त भाषिक छनोट गर्न सक्ने शास्त्रनिष्णात व्यक्तिहरूले रचना गर्ने गीत यो होइन ।

यो त मनमा आएका भावनाहरूलाई वा जीवनका यथार्थ अनुभूतिहरूलाई जस्ताको त्यस्तै उतार्ने एउटा माध्यममात्र हो । यसमा दृष्टान्त, अन्योक्ति, उत्प्रेक्षा, स्वभावोक्ति, स्मरण, उपमा, रूपक पाइन्छ । यसमा जबरजस्ती अलंकार प्रयो गरेको पाइदैन । देउडा गीत डोटी क्षेत्र र खस भाषाभाषी क्षेत्र भनेर चिनिने कर्णाली, भेरी, राप्ती एवं भारतका कुमाउँ तथा गढवालसम्म पनि प्रचलित छ । विषयवस्तुको विविधता भाव र अर्थको गाम्भीर्य, दुई वटा चरणमा आवद्ध संरचना, एउटै छन्दमा अनेक भाकाको प्रयोग, स्वच्छन्दता, अन्त्यानुप्रासप्रति मोह र प्रतिकारात्मकता जस्ता विशेषताहरू यसमा पाइन्छ । लय वा ढपका आधारमा यी गीतहरूलाई जुन लय वा ढपमा गाउन सकिन्छ । जस्तैः न्याउल्या वा नेउल्या, वैरा, खेलमेरी दर्कादरी, सु सु, वाजमेरी, मेरी बौजु वा मेरी बौज्यु, लौ मैले क्या भन्या भन पन, जौ पात,

झुपारेल्पन, मसुर्दानी, ला, कठै आदी आदि भनेर देउडा नामक आफ्नो अनुसन्धानात्मक कृतिमा डा. जयराज पन्तले उल्लेख गर्नुभएको छ ।

- जननी जनमभुमि, स्वर्गभन्दा ठुली ।
  यो परानी छन्जेल, सम्म सकिदैन भुली ॥
- वारीपारी हरियाली, गाउँबस्ती बसीगै ।
  मैले पाईला टेक्यै थली, आजभोल कसी भै ॥
- बाडीले बगैचा लैग्यो, खोलाले खेत लैग्यो ।
  कैले व दिमाग लैग्यो, कैले ब चेत लैग्यो ॥
- रक्षा अस्या चण्डेश्वर, जोराईल थलीको ।
  दुभाव दमन अन्या, यै घोर कलीको ॥
- साढीमी बसारा छुटि, वासली जागिरी ।
  दशवर्से जनयुद्ध चली, मेरी छाती चिरी ॥
- विकाशको नारा दिन्या, चुनाव हुनतक ।
  आफ्ना नारा किलाई भुल्या, मन्तरी हुनतक ॥
- चौविसौ गुरु हो आत्मा, देहसित हुन्छ ।
  आत्मा गुरु माण्णे मान्छे, विश्व गुरु हुन्छ ॥
- यहीछ स्वर्ग यहि छ नर्क, आफनाई व्यवहारमी ।
  स्वर्ग नर्क कैले देख्यो, अर्खा संसारमी ॥
- दया धर्म केही आछीन, कलिका मान्छेलाई ।
  पच्काउने चलन आयो, सोझा निमुखालाई ॥
- यो धरती, यो आकाश, खाली रामछायाँ हो ।
  दुई दिनको मनुष्य चोला, खाली घामछायाँ हो ॥

यसमा संकलित गीतहरू देवताको स्तुति भक्ति, जन्मभूमिको माया, आमाप्रतिको स-सम्मान, साथीसंगीहरूको सम्झँना, प्रेमी जोडीको प्रेम, सामाजिक, राजनीतिक र आर्थिक अवस्थाको चित्रण, जीवन दर्शन, दुःख, पीडा, विरह, वेदना, छटपट्टी, वैराग्य, विरक्ती, कल्पना,

व्यङ्ग्य, एदाकदा छेडखानी, उपहास र प्रतिकूल सम्बन्ध जस्ता अनुभूति र भाव, सामाजिक साँस्कृतिक यथार्थ सौन्दर्य, वर्णन,  राजनीतिक युगीन चेतना, मनोविज्ञान, ध्वनि विम्व र प्रतीक, सामान्य प्रश्नोत्तर कूटप्रश्न, सुक्ति र उखान टुक्का जस्ता विषयहरू गीतका माध्यमले प्रस्तुत गरेको पाउन सकिन्छ ।

यस क्षेत्रका प्राचीन काल किवदन्तीहरू प्रचलित छन् । आसुकविको रूपमा लिइने गितेरुहरू सदा सदा जिउँदा रहेका हुन्छन् ।

(वासुदेव पाण्डे नेपाल प्रज्ञा प्रतिष्ठान सदस्य, कृति माया दुरीदैन, पृष्ठ १४)

### ४.३.२ शीर्षक, संरचनागत अध्ययन

माया दुरिदैन वि.सं. (२०७५) निर्मलकुमार भण्डारीको आठौं कृति हो । यस कृतिमा डोटेली लोक संस्कृति, कला, चालचलन, रीतिरिवाज, समाज, राजनीति, प्रेम, मानवको वैराग्यपन, विरह, वेदना, छटपटी, विरक्ती, व्याङ्ग्य जस्ता विषयवस्तुमा लेखिएको पाइन्छ । विशेष गरेर देउडा संस्कृतिमा आधारित रहेर यो कृति निर्माण गरिएको छ । डोटी क्षेत्रको आफ्नै भाषा, चलन, परम्परा, संस्कृति, कला साहित्यका हिसाबले धनी मानिन्छ । माया दुरिदैन, डोटेली कला संस्कृति र सामाजिक जनजीवनको एक अध्ययन हो । डोटेली गीति छन्दमा लेखिएको यो कृति डोटेली भाषा, संस्कृति संरक्षणको एक प्रयास हो ।

यो कृति डोटेली जनजीवनको अध्ययन त्यस क्षेत्रमा वर्षभरि लाग्ने जात्रा, जन्ती, मेलापात जाँदा गाउने सामुहिक एवम् एकल खेल भाकाको वर्णात्मक अध्ययन गरिएको छ । यस कृतिमा जम्मा १४६ पृष्ठ रहेकाछन् । यस कृतिलाई जम्मा एक खण्डमा बाडिएपनि विभिन्न १०२ उपशीर्षकहरूमा गीति छन्दहरू लेखिएको छ । यस कृतिमा डोटेली ग्रामीण क्षेत्रमा महिलाहरूले मेलापात जाँदा गाइने गीतहरू, जन्ती जात्रामा लगाई देउडा खेल (दोहोरी) एकल गाउने गीतहरू समावेश छन् । विभिन्न शीर्षकहरूमा लेखिएका गीतहरूले आफ्नो आफ्नो क्षेत्रको प्रतिनिधित्व गरेको छ।  संरचनागत रूपमा १४६ पृष्ठ रहेको यस कृतिले समग्र डोटेली छन्दोबद्ध गीतको प्रतिनिधित्व गरेको पाइन्छ । डोटेली लोक जीवनका विभिन्न क्षेत्रहरूको बारेमा डोटेली गीति छन्द मार्फत् वर्णन गरिएको छ । सम्झनाको संगालोको रूपमा यो कृति रहेको पाइन्छ । यो कृति लोक छन्दमा लेखिएको छ ।

### ४.३.३ कर्तव्यबोध सन्देश कृति (२०५२) को अध्ययन

कर्तव्यबोध (वि.सं. २०५२) निर्मलकुमार भण्डारीको पहिलो कृति हो । कविता विधामा निकै राम्रो ज्ञान भएका भण्डारीले साहित्य क्षेत्रमा सबैभन्दा बढी कविता विधामा कलम चलाएको पाइन्छ । हालसम्म जम्मा ८ वटा कृतिहरू प्रकाशनमा ल्याएका भण्डारीले ८ मध्ये ६ वटा कृतिहरू कविता विधामा रहेर लेखेको पाइन्छ । साहित्यका विभिन्न विधाहरू मध्ये सबैभन्दा जेठो विधाको रूपमा रहेको कविता विधा हाल लोपोन्मुख अवस्थामा रहेका विभिन्न कविहरूको भनाई छ । कविताको लागि विभिन्न छन्द, ध्वनी रस, गुण जस्ता कुराहरू चाहिन्छ ।

नेपाली कविताको प्रारम्भ १९ औं शताब्दीको पूर्वाद्धदेखि भएको र यसको विकास विभिन्न चरण र मोडहरूमा आजसम्म गतिशील रूपमा बढिरहेको छ । सुवानन्ददासदेखि नेपाली कविताको विकासमा नेपाल र भारतका विभिन्न भू भागको योगदान रहेको छ । भारतको सुदूरपूर्वाञ्चल क्षेत्र अघिको वृहत असम जो हाल सात राज्य, असाम, मेघालय, मणिपुर, अरुणाञ्चल, त्रिपुरा, नागाल्याण्ड, मिजोरममा विभाजित भएको छ । यस क्षेत्रमा भारतका सबैभन्दा बढी संख्यामा नेपालीहरू बसोबास गर्दछन्, भारतका बनारस, देहरादुन, दार्जिलिङ्ग, सिक्किम, असाम जस्ता अनेक क्षेत्रमा नेपाली साहित्यको लेखन र विकास भएको पाइन्छ ।

(अन्तराष्ट्रिय नेपाली साहित्य समाज) को अर्न्तदृष्टि पृ.नं. १४)

९२ पेजमा लेखिएको कर्तव्यबोध सन्देश सानो आकारको भएपनि मानव जातिले आफ्नो समाज प्रति, देशप्रति, राष्ट्रि प्रतिको कर्तव्य के हो ? कर्तव्य पुरा गर्न के के कुराहरूको जरुरी हुनआउँछ र कर्तव्य भुल्न नहुने कुराको सन्देश दिएको पाइन्छ । यस कर्तव्यबोध सन्देश कृतिले मानव जातिले आफ्नो कर्तव्य भुल्न नहुने कुरामा जोड दिएको पाइन्छ । विषयवस्तु सुहाउँदो शीर्षक राखिएको यस कृतिको बनावट सामान्य रहेपनि यस पुस्तकको विभिन्न उपशीर्षकहरू दिई कविता लेखिएको पाइन्छ । मन्दाकान्ता छन्द र शार्दूलविक्रीडित छन्दको प्रचुर मात्रामा प्रयोग गरिएको छ ।

हरेक नेपालीले आ-आफ्नो कर्तव्यलाई भुल्न नहुने विषयवस्तुको केन्द्रियतामा रहेर पुस्तक लेखिएको पाइन्छ । यस कृतिमा जम्मा बयालिस ओटा कविताहरू समावेश रहेको पाइन्छन् । “मानिस को हो ? के गर्न आयो ? क्षणिक जगमा जन्म पाई मनुष्य हाम्रो कर्तव्य के

हो ? बुझ यति सबै कर्ममा लाग स्वच्छ यात्रा गन्तव्य लामो विकट पथको लोक परलोक तर्दा मर्दामा साथ जाने अवयव, कुन हुन सम्झ ती काम गर्दा"

मानव जाती यस क्षणिक ठाउँमा किन आयो र उसको कर्तव्य के हो ? यस लोकमा हुँदा राम्रो असल काम गर्नुपर्छ, भोलि सबैले मरेर जानु छ त्यसकारण सबैले आफ्नो कर्तव्य पुरा गर्नमा पछि पर्नु, हुँदैन भन्ने भनाई यस पुस्तकको सारतत्व रहेको पाइन्छ । आफ्नो कर्तव्यबाट विलिन हुनुहुँदैन भन्ने आशय यस कृतिको मूल सन्देश रहेको पाइन्छ ।

### ४.३.४ चेलिबेटीको बिलौना कृति २०५२ को अध्ययन

चेलीबेटीको विलौना गितीकाव्य (वि.सं. २०५२) निर्मलकुमार भण्डारीको दोस्रो कृति हो । साहित्यको दुवै विधा गद्य र पद्य विधामा कलम चलाउने कवि हुन् । साहित्य क्षेत्रलाई आफ्नो मुख्य रुचि ठान्ने भण्डारीले हाल सम्म ८ ओटा कृतिहरू प्रकाशनमा ल्याउनु भएको छ भने कयौँ कृतिहरू प्रकाशन गर्न नसकेको कुरा भण्डारीले बताएका हुन् । आफ्नो दोस्रो कृतिको रूपमा रहेको यो कृति डोटेली लोक साहित्य अन्तर्गतको रहेको छ । डोटेली लोक साहित्यमा देउडा विधालाई मुख्य विषय बनाएको यस कृतिमा ग्रामीण जनजीवनमा आधारित विषय केन्द्रित गरेका छन् ।

पहाडी ग्रामीण बस्ती, जहाँ अंधकार, अविश्वास, रुढीवादी र अशिक्षाले जरा गाडेको छ । त्यस्तो बस्तीमा रहेका कयौ छोरी चेलीको व्यथामा आधारित यो कृति यथार्थपरक रहेको छ । साहित्यले समसामयिक समाजमा देखा परेका कुरिति कु प्रथा विषयमता निवारण गर्ने पाठ प्रस्तुत गर्नुका साथै समय समयमा आत्मा निरक्षण र आत्मा सुधार गर्ने गर्दछ । कवि वा लेखकको लेखनीको अग्रभागमा विश्व समस्याको समाधान रहेको हुन्छ भन्नु अतिशयोक्ति नहोला रवि र कवि यी दुवै अन्धकार नाशक हुन् ।

प्रस्तुत चेलिवेटीको वह र व्यथा नामक मौलिक कृतिमा असभ्य, अशिक्षित कुना कन्दरा र समाजका जीवन यापन गरी रहने चेली वेटीहरूको वर्तमान अवस्था र त्यसको सुधारको लागि भावी कर्तव्य बारे समुल प्रष्ट्याइएको छ भने गीतका हरफकहरूको माध्यमबाट ती प्राधिनतामा रहेका महिलाहरूको मनोभावना व्यक्त गर्दै एक प्रभावकारी समीक्षा प्रस्तुत गरिएको प्रसंग प्रशंसनीय रहेको छ । नारी जातिप्रति असीम आदर्श र मर्यादा राखी उनीहरूका विरह

वेदनाप्रति भावुक बन्दै भावनात्मक मल्हमपट्टीद्वारा पीडित नारीहरूका घाउ चोटहरू पुर्न चाहने लेखक हृदयदेखि नै उदार, आत्मीय र उदान्त छन् ।

आर्य संस्कृतिमा पुरुष जस्तै नारी वर्गको पनि अधिकार र कर्तव्य वर्णित छ । एउटा पुरुषले चलाउन सक्ने घर व्यवहार, बन्द व्यवहार, स्याहार, सुसार र समाजमा पर्न सक्ने अगुवाईको काम एउटी सभ्य र शिक्षित नारी जातीले पनि सहजै गर्न सक्ने क्षमता राख्छिन । अझै पुरुष भन्दा बढी झन्झट, टण्टा र अभावहरूलाई सहन गर्न र सो को समस्या समाधान गर्न सक्ने शक्ति नारी जातिमा हुन्छ । त्यसैले त नारी जातिलाई एउटा गृहलक्ष्मीको रुपमा मान्न सकिन्छ । जो सर्वदा मधुर मुस्कान एवं सौम्य आकृतिले जस्तोसुकै विषम परिस्थिति माथि पनि विजय प्राप्त गर्न सक्ने सामर्थ्य राख्छिन् ।

एउटा भिन्नता के छ भने उनीहरूमा अर्काको घरमा गई पराधीनतालाई स्वीकार गर्नुपर्ने हुन्छ । आफ्नो पूर्व जन्म स्थललाई छोडेर पराया स्थानलाई आफ्नो मान्नु पर्ने । यही एक कारणले मात्र पुरुष र नारीको जैवनिक गति चक्रमा भिन्नता देखा पर्दछ । पराधीनता जसले सदैव मानव मन मस्तिष्क, जैवनिक कृपापद्धति उत्कृष्ट एवं जागरुक विचार धारालाई दमित तुल्याई दिन्छ । अरुको आज्ञा विना स्वइच्छा पूर्वक उसले कुनै पनि कार्यको थालनी गर्न सक्दैनन् । आफ्नो बोली, व्यवहार र कार्यलाई सर्वदा निम्न अवस्थामै राख्नु पर्ने देखिन्छ । उनीहरूको मनमा बोझिलो अनुभव अनुभूत हुने अवस्था यही नै हो ।

उतातिर आफ्नो जन्म स्थानबाट वियुक्त माता पिता तथा बन्धुबान्धवको स्नेह सद्भावबाट वञ्चित, अर्कोतिर पराया घरलाई नै आफ्नो मान्नु पर्ने नियम हुँदा हुँदै पनि त्यही घरको विषम परिवेशलाई स्वीकार गर्न नसकि कतिपय छोरी चेलीहरू एक घरबाट अर्को घर, अर्को घरबाट अर्को मुलुक गर्दा गर्दै स्थानान्तरित हुन्छन् । कतिपय छोरीचेलीले आफ्नो माइतीको इज्जतको डरले मनमा थुप्रै विरह दुःख कष्ट राखी तथा असाध्य पीडा राखी दुःख खेपिरहेको पाइन्छ । कतिपय छोरी चेलीले आफ्नो दुःखदायी जीवन जिउन नसकी आत्महत्या गरी देह त्याग गरेको पनि समाजमा देख्न सकिन्छ भने कतिपय छोरी चेलीले आफ्ना दुःखहरूलाई गीतमार्फत् यसरी व्यक्त गर्न पुग्दछन् ।

♦ पातल घङ्गारु पाक्या-को चरि खानलाग्यो ।
हौसीया परानी मेरा-दुखैमा जानलाग्यो ॥

- ♦ गौं हरिया जौं हरिया-भैसीका भाउनीका ।
  माईत दुःखै पोईल दुःखै-इजुकी छाउनीका ॥
- ♦ गोठका कुनामी रन्छु-तिन दिनकी छुईछु ।
  संगेनी माँझमा इजु-कर्म दुःखी मैछु ॥
- ♦ एक मानेमी के छ के छ -दुई मानेमी दहीछ ।
  कठै इजु मै छोरीत-अभागीनी रैछु ॥
- ♦ दुल्लुका छिनटा बाटी-दैलेख देखियो ।
  दुखी घरको बुको सेवा-कर्ममा लेखियो ॥
- ♦ दाईको दर्पन मेरो काईयो -रनवन हरायो ।
  जै देश जन्माए इजु-कई देश परायो ॥
- ♦ डोटी भन्दा डडेल्धुरा-टाढा त टाढै हो ।
  घर धान्नु वुवाका नाउले -गारो त गारोई हो ॥
- ♦ वर्खामास गोठालाले -घाँस काटी ल्याउनुछु ।
  छकाल गएका काम-बाईतिक आउनुछ ॥

उल्लेखित डोटेली गीत, डोटेली लोक साहित्य अन्तर्गत पर्दछ । शुद्ध डोटेली भाषाको प्रयोग गरी ग्रामीण परिवेशलाई समेटी लेखिएका यी रचनाले ग्रामीण जनजीवनको झल्को दिने गर्दछ । ग्रामीण जीवनकी छोरी चेलीले आफ्नो विरह र वेदना एकान्त ठाउँ बनपाखामा पोख्ने गीति लय हाली गाईने गीतहरूलाई समेटिएको पाइन्छ । देउडा गीत भन्ने वित्तिकै सुदूर तथा मध्यपश्चिमका जिल्लाहरूको ग्रामीण भेगमा छोरी चेलीहरूले बनपाखा गर्दा गाउने गर्दछन् । त्यति मात्र नभएर सुदूर तथा मध्य पश्चिमका जिल्लाहरूमा मेला, जात्रामा खेल लगाई यस्ता खालका देउडाहरू खेल्ने प्रचलन अझैसम्म रहिआएको पाइन्छ । खास गरी देउडा गीत २ प्रकारले गाइने गर्दछन् ।

**१. एकल देउडा**

एकल देउडा भन्ने वित्तिकै एक जनाले गाई गोरु, मेला पात जाँदा बनपाखामा कानमा औला हाली आफ्ना मनका विरह र वेदनाहरू पोख्ने गर्दछन् । त्यस्तै अर्को संयुक्त देउडा खेलः

संयुक्त देउडा खेल भन्ने वित्तिकै महिला महिला वा पुरुष, पुरुष वा महिला पुरुष, धेरै जना मिली एकले अर्काको हात समाती गोलो घेरा बनाई संयुक्त रूपमा गाइने गर्दछन् । जस्तै संयुक्त देउडामा पनि दुई वटा पक्ष भएर गाउँने गर्दछन् । एक पक्षले गाई सकेपछि फेरी त्यही गीत अर्को पक्षले गाउने हुनाले यसलाई डेउडा खेल भनिन्छ ।

साङ्लो अड्याएझै एकले अर्काको पाखुराभित्र हात घुसाई खुट्टाको ताल मिलाएर गायकहरूले यो गाउँदा गोलाकार घेरामा अगाडि बढ्दछन् । एक पाइला अगाडि बढाई आधा पाइला पछाडि सार्ने हुनाले यसलाई डेउडा भनिएको हो । डेउडा अन्तर्गत वनगीत, देउडा, चोर डेउडा, भगन्याउला र एकल डेउडा गरी चार भागमा विभाजन गर्न सकिन्छ । यस्ता गीतहरू प्रायःजसो प्रेमगीत, श्रृंगार र विरहीपना बढी पाइने गर्दछन् । श्रृंगारपछि यस्ता गीतहरूमा करुण, हास्य र भक्ति ज्ञान, वैराग्य, जीवनानुभूतिका साथै धर्म, संस्कृति, प्रकृति, मातृभूमिप्रतिको अगाध माया पवित्र प्रेम प्रकट भएको पाइन्छ ।  यस कृतिमा भण्डारीले करुण रसलाई बढी प्राथमिकता दिएको पाइन्छ ।

यसको मुख्य बोल चार चार र ६ वर्णमा विश्राम भएको दुई चरणका गीतमा आधारित छन् । लयको भेद अनुसार सामान्य, मध्यम र तिव्र गरी तिनैथरि गीतका नृत्यमा  संगीतमा नाच्न सकिन्छ ।

यसरी गीत संगीत र संरचनाको परम्परामा आफ्नै किसिमको अस्तित्व एवम् पहिचान कायम गरेर यसको लय प्राचीन कालदेखि वर्तमानसम्म चलनचल्तीमा रहेको पाइन्छ । यसको भाषा सामान्य लोकजीवनमा प्रयोग गरिने व्यवहारिक हुन्छ । भाषा विज्ञानका शास्त्रीय नियमहरू अध्ययन गरेर उपयुक्त भाषिक छनोट गर्न सक्ने व्यक्तिहरूले रचना गर्ने गीत यो होइन । यो त मनमा आएका भावनाहरूलाई वा जीवनका यथार्थ अनुभूतिहरूलाई जस्ताको त्यस्तै उतार्ने एउटा माध्यम मात्र हो ।

यसमा दृष्टान्त, अन्योक्ति, उत्प्रेक्षा, स्वभावोक्ति स्मरण, उपमा, रूपक वृत्यानुप्रयास, अन्त्यानुप्रास, श्लोक, अतिशयोक्ति जस्ता अलङ्कारहरू यसमा पाइन्छन् । देउडा गीत डोटी क्षेत्र र खस भाषा भाषी क्षेत्र भनेर चिनिने कर्णाली, भेरी राप्ती एवं भारतका कुमाउ तथा गडवालसम्म पनि प्रचलित छ । विषयवस्तुको विविधता, भाव र अर्थको गाम्भिर्यता  दुई वटा

चरणमा आवद्ध संरचना, एउटै छन्दमा अनेकौं भाकाको प्रयोग, स्वछन्दता, अन्त्यानुप्रासप्रतिको मोह र प्रतिकात्मकता जस्ता विशेषताहरू यसमा पाइन्छन् ।

(वासुदेव पाण्डे नेपाल प्रज्ञा प्रतिष्ठान प्रज्ञा सभा सदस्य, (२०७६) सुरभी पृ.नं.१८)

### ४.३.५ सावधान नयाँयुग आउँदैछ (वि.सं. २०५४) को अध्ययन

सावधान नयाँयुग आउँदैछ २०५४ साहित्यकार तथा लोक साहित्यका अध्येता निर्मलकुमार भण्डारीद्वारा रचित तथा सुदूरपश्चिमाञ्चल साहित्य समाजद्वारा २०५४ मा प्रकाशित तेसो कृति हो । सानो तथा सुन्दर (१०८) । एक सय आठ ओटा कविताहरू समाविष्ट यो कृति जम्मा १८ वटा पेजमा सिमित रहेको छ । संरचनात्मक हिसाबले कम कविताहरू समावेश भएपनि गुणात्मक हिसाबले धेरै अर्थ देखाउने खालको छ । उक्त सावधान नयाँयुग आउँदैछ  खण्डकाव्य खास गरी आर्य संस्कृतिका अनुयायीहरूलाई आफ्ना पूर्वजहरूले दिएर गएका साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्न तर्फ अभिप्रेरित गराउन खोजेको छ ।

लोकसाहित्य र संस्कृतिको भण्डार मानिने काली कर्णालीको मनोरम धर्ती आधुनिक नेपाली साहित्य स्रष्टाको आधारमा भने, पछि परेको छ भन्नुमा अतिसयोक्ति नहोला । विविध विधामा कलम चाल्नु भएका स्व. पहलमान सिं स्वार, शान्तिका द्वितीय बुद्ध मानिने मानवतावादी राजा जयपृथ्वी बहादुर सिंह, दिन दुखीका हृदयका आवाज एन डि प्रकाश चटौतलाई जन्माइ सकेको यो पावन धर्तीले छन्द विधाका सशक्त प्रतिभावान कवि निर्मलकुमार भण्डारीलाई पनि जन्माउन सफल भएको छ ।

यस सावधान नयाँयुग आउँदैछ नामक खण्डकाव्यका माध्यमद्वारा कविले दिनानु दिन पतनोन्मुख विश्व समुदाय खास गरी आर्य संस्कृतिका अनुयायीहरूलाई आफ्ना पूर्वजहरूले दिएर गएका साँस्कृतिक सम्पदाको संरक्षण गर्न तर्फ अभिप्रेत गरेका छन् । यथार्तमा मानव जीवन जति दुर्लभ छ त्यति नै क्षणभंगुर पनि छ । मनुष्य जुनी भनेको नै लाखौ लाख जीव योनीहरूबाट माथि उठेको उत्कृष्ठ मुक्तिमार्गको संघार हो । प्रस्तुत जीवनमा रही सत्कर्म गर्ने व्यक्तिले पुनः चौरासीको चक्करमा नपर्नुपर्ने र जीवन विपरीत कर्तव्य गर्ने जोसुकैले पुनः चौरासीका फेरमा भट्कदै मुक्तिको महत्तम् उपलब्धिबाट सदाका लागि वञ्चित रहनुपर्ने सुनिश्चित छ, भन्ने कुरा आर्यग्रन्थहरूमा उद्घाटित भएको पाइन्छ । अतः जीवन हुँदै सत्कर्म गर्नुपर्दछ भन्ने कुरालाई कविले कविताको माध्यमबाट व्यक्त गर्न खोजेका हुन् ।

कृति संरचनागत हिसाबले एक खण्डमा प्रकाशित यो काव्य खण्डकाव्यको रूपमा प्रकाशित कृति हो । सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढीद्वारा प्रकाशित यो कृति मर्मस्पर्सी भावले ओतप्रोत तथा राष्ट्रभावले भरिपूर्ण देखिन्छ । शार्दूलविक्रीडित छन्दमा लेखिएको यो कृति संख्यात्मक हिसाबले कम कविता समेटएको भएपनि, गुणात्मक हिसाबले अथाह जस्तो देखिन्छ । मानवले यस घर्तीमा जन्म लिइसकेपछि केही असल काम गरेर मृत्युवरण गर्नु नै औचित्य सावित हुन्छ । नत्र खराब पाहुना जस्तै मात्र हो भन्ने भाव दर्सिन्छ । तसर्थ असल मान्छे उसको असल कर्मद्वारा चिनिन्छ । असल कर्म नै मानवको पहिचान हो । असल मानवको भौतिक शरीर मरे पनि असल कर्म कहिल्यै मर्दैन । जीवनमा मानवले परोपकारयुक्त काम गर्न सकेन भने जिउँदै मरे जस्तो हुन्छ । तसर्थ मात्र पेटको निमित्त जन्मिनु भनेको धिक्कार जीवन मात्र हो, भन्ने भावले भरिपूर्ण यो कृति मानव जीवनको असल कार्य, असल मानवजीवनको प्रतीकको रूपमा प्रकाशित कृति हो । भन्ने कुरा तलका कविताका हरफहरूबाट पनि थाहा पाउन सकिन्छ ।

हामीबाट विशिष्ट कर्म नभए, धिक्कारको जन्म छ ।
हामीबाट परोपकार नभए, धिक्कारको जन्म छ ॥
हामीबाट अकीर्ति क्यै, हुन गए, धिक्कारको जन्म छ ।
मात्रै पेटको निमित्त बाच्दछन् भने, धिक्कारकै जन्म छ ॥

सेता शैल हिमालका शिखरमा, एक्लै कसोरी पुगे ।
स्वप्नै हो तर लाग्छ सत्य विपना, जस्तै झस्की उठे ॥
देख्छु, हिमगीरीका दुवै कालमा, माता, गुरुजी पनि ।
विचैमा छ सुरम्यमूर्ति हसीलो, ती हंशकी वाहीनी ॥

मान्छे होइन सावधान अव रे, फिर्दैछ निलो यूग ।
प्रज्ञाको अवतार ल्याई जगमा आयो सबै सम्मुख ॥
एकातर्फ विनासको चक्र चल्यो निर्माण अर्का तिर ।
सन्धीकाल माहा सचेष्ट अब भै लागौं सुमार्ग तिर ॥

सन्धीकाल विनाश सिर्जन हुँदै, आयामको विन्दु हो ।
एउटाको अवसान उद्भव हुने, वेला माहासीन्यु हो ॥
गर्छन धार्मिक व्यक्तिले हरघडी चिन्तन् समुत्थानको ।
गर्छन व्यार्थ अनर्थका कृतिहरू, मान्छेहरू मुढ जो ॥

### ४.३.६ दरबार हत्याकाण्ड (२०५८) को अध्ययन

दरबार हत्याकाण्ड (वि.सं.२०५८) साहित्यकार एवं लोककवि निर्मलकुमार भण्डारीद्वारा लिखित तथा प्रकाशित चौथो शोक काव्य हो । नेपालमा राजा वीरेन्द्रले राज्य गरिरहेका बेला २०५८ साल जेठ १९ गते अप्रिय घटना घट्यो । राजदरबारमा घटेको त्यो घटनाले राजपरिवारका कयौ सदस्यहरूले ज्यान गुमाउनु पऱ्यो । नेपाली जनताका लोकप्रिय राजा मानिने वीरेन्द्र सरकारको मृत्युले नेपाली जनता शोकमा डुबेका बेला साहित्यकार निर्मलकुमार भण्डारीज्यूले उक्त घटनालाई मध्येनजर गरी आफ्नो कृति दरबार हत्याकाण्ड प्रकाशनमा ल्याएका थिए ।

त्यतिबेला पाठकहरूको रोजाईमा पर्न सफल दरबार हत्याकाण्डका धेरै पुस्तकहरूको माग रहेको थियो । शान्त एवं मिलनसार व्यक्तित्व छन्दको राम्रो ज्ञान भएका कवि भण्डारीले दरबार हत्याकाण्डलाई कलात्मक रूपमा काव्यलाई प्रभावकारी बनाउन अथक प्रयास गरेको पाइन्छ । "जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि भनेझैं, देशको समसामयिकता दुःख, दर्द, संस्कार, संस्कृति र रीतिस्थितिलाई विषयवस्तु बनाई कविका कलम चलेका हुन्छन् । दरबार हत्याकाण्ड कृति नेपाल सरकारको सूचना विभागद्वारा प्रकाशत कृति हो । २५ पच्चीस पेजमा रहेको यो काव्यमा ९० वटा कविताहरू समेटिएको पाइन्छन् । शार्दूलविक्रीडित छन्दमा लेखिएको यो कृति परिवेश सुहाउँदो भएकाले कृतिको महत्व बढ्दै गएको पाइन्छ ।

अनुभवजन्य अनुभूतिहरूको प्रकटीकरणको व्यक्त रूप नै साहित्य हो । अनुभव र अनुभुतिहरू त हरेक व्यक्तिहरूका आफ्ना आफ्नै हुन्छन् तर सबैको अनुभुतिहरू साहित्य हुँदैनन् । त्यसका लागि साधनासँगसंगै प्रकृतिको पनि महत्वपूर्ण योगदान मान्न सकिन्छ ।

वौद्धिक सम्पत्तिका रुमपा रहेका साहित्य र कला मानिसका मानसिक र मौलिक सिर्जना हुन् । मौलिक सिर्जनाहरू बौद्धिक सम्पत्तिका रूपमा रहेका कला र साहित्य एकातिर मानव सभ्यताका अमूल्य निधि हुन भने अर्कातिर भाषासंस्कृति, कला र साहित्य हरेक राष्ट्रका

परिचायक र समृद्धिका सूचक समेत हुन् । प्रतिभाशाली र महान स्रष्टाहरूको संरक्षण सम्वर्द्धन र उचित सम्मानबाट राष्ट्रले गहकिला कालजयी रचनाहरू प्राप्त गर्न सक्छन् ।

कुनै पनि राष्ट्रवको समृद्धिको सूचक सास्वत सम्पत्ति र अमूल्य गहना भनेकै स्रष्टा र उनीहरूका सिर्जनाहरू हुन् । आफ्नो राष्ट्रका गहना र गौरवका रूपमा रहेका स्रष्टा र तिनका रचनाहरूको खोजी गर्नु, संरक्षण र सम्वर्द्धन गर्नु, प्रकाशन गर्नु, प्रकाशित रचनाको जगेर्ना गर्नु, स्रष्टाहरूलाई प्रोत्साहित गर्नु राष्ट्रको कर्तव्य र दीयित्व हुन जान्छ । नेपालमा वौद्धिक सम्पत्तिको रूपमा साहित्यिक सिर्जनाहरूको महत्वपूर्ण स्थान रहेपनि यसको उपयोग संरक्षण र प्रतिलिपि अधिकारको क्षेत्रभित्र पर्ने साहित्यिक रचना र त्यसको प्रकाशन सम्बन्धमा हाल सम्म सरकारी र गैरसरकारी निकायबाट कुनै पहल भएको छैन । साहित्यकार निर्मलकुमार भण्डारीद्वारा रचित दरबार हत्याकाण्ड कृतिभित्र हाम्रो जस्तो अविकसित समाजमा रहेको कुरीति, रुढीवादी परम्परा र एकले अर्कोको खुट्टा तान्ने प्रवृत्तिका बारेमा प्रसस्त बोलेको पाइन्छ ।

साहित्यको सबैभन्दा जेठो विधाको रूपमा मानिने कविता विधा हाल लोपोन्मुख अवस्थामा रहेको परिपेक्ष्यमा कवि, साहित्यकार निर्मलकुमार भण्डारीले यस विधामा कलम चलाएर साहित्य क्षेत्रलाई अतुल्य योगदान दिएको पाइन्छ । साहित्यका विभिन्न विधामा कलम चलाएर उच्च छवि राख्नु भएका साहित्यकार भण्डारीले समसामायिक विषय परिवेशमा डुबी सोही विषयमा कलम चलाउने गरेको पाइन्छ । हालसम्म थुप्रै साहित्यिक कृहिरू प्रकाशनमा ल्याई सकेको कविताका थुप्रै अप्रकाशित कृतिहरू पनि रहेका छन् । आर्थिक अभावका कारण प्रकाशनमा ल्याउन नसकेका कृतिहरूलाई क्रमशः प्रकाशनमा ल्याउने सोचमा रहेका कविले आफ्ना रचनाहरूमा समसामयिक विषयवस्तुहरूलाई उठाउने गरेको पाइन्छ ।

समाजमा भएका विकृति, विसंगति र रुढीवादी मान्यताका विरुद्धमा आफ्ना कृतिहरूमा प्रमुख स्थान दिने काम गर्दै आउनु भएको छ । सोही क्रममा दरबार हत्याकाण्ड पनि २०५८ सालमा प्रकाशनमा ल्याएको पाइन्छ । यो कृति धेरै पाठकहरूले चाखपूर्वक अध्ययन गरेको पाइन्छ । राजदरबारमा भएको नरसंहारकारी घटनाले नेपाली जनताले स्वीकार गरेको अवस्था छैन । त्यसको सत्यतथ्य वा सत्यता अझै गर्भमा रहेको छ । त्यस्तो दुःखदायी घटनाको भर्त्सना गर्दै कविले यस्ता प्रकारका घटनाहरू राजपरिवारको इतिहासमा बेलाबेला हुने गरेको कुरा उल्लेख गरेका छन् । जे भएपनि यस्ता प्रकारका घटनाहरू किन हुन्छन् ? र कसरी हुन्छन् ? के

का लागि हुन्छन् भन्ने कुरा अनुसन्धानको पाटो रहला तर सत्य तथ्य अझै पनि सार्वजनिक भएको छैन ।

कवि भण्डारीले यसै विषयवस्तुको केन्द्रीयतामा रहेर आफ्नो कृति प्रकाशनमा ल्याएको पाइन्छ । यस कृतिले अझैसम्म पनि त्यही २०५८ जेठ १९ गते को घटनालाई ताजा बनाउँछ । जहाँ पुग्दैनन् रवि त्यहा पुग्छन् कवि भनेझै कविले आफ्नो कल्पना शक्ति प्रयोग गरी जाने बुझे र सुने अनुसारमा सो घटनाको बारेमा लेख्ने प्रयास गरेका छन् ।

तसर्थ यो कृति एक ऐतिहासिक कृतिको रूपमा रहेको छ । समाज, देश र राष्ट्रमा भए गरेका तिता मिठा घटनाहरूको कलात्मक अध्ययन, विश्लेषण गरी सार्वजनिक गर्नु । कविको दायित्व रहन्छ । त्यस कारण यो कृति समयसान्दर्भिक, कारुणिक र पठनयोग्य कृतिका रूपमा रहेका छन् ।

(दरबार हत्याकाण्ड कृतिको लेखकीयबाट पृ.नं. १)

### ४.३.७ प्रेमराज (शोधकाव्य) (वि.सं. २०६५) को अध्ययन

प्रेमराज शोककाव्य (वि.सं. २०६५) कवि, साहित्यकार एवं लोक साहित्यका अध्येता निर्मलकुमार भण्डारीद्वारा लिखित एक पाँचौ कृति हो । खासगरी प्रेमराज सत्य घटनामा आधारित कृति भएकाले पाठकहरूले धेरै नै रुचाएको कृतिका रूपमा यसलाई लिइन्छ । शार्दूलविक्रीडित छन्द र कमै मात्रामा बसन्ततिलका छन्दको प्रयोग गरी लेखिएको पाइन्छ ।

पहाड घर डोटी जोरायल निवासी बसाइ सरी कैलाली आएका समाजसेवी, सामाजिक कार्यकर्ता एवं नेपाली काँग्रेस पार्टीका स्थानीय कार्यकर्ता, मिलनसार तथा सहयोगी व्यक्तित्व प्रेमराज जोशीको जीवनीमा आधारित कृति प्रेमराज नितान्त शोक काव्य हो । यो काव्य जम्मा ( ५० पचास पेजमा समेटिएको पाइन्छ । सत्य घटनामा आधारित यस कृतिमा समाजसेवी व्यक्तित्व प्रेमराज जोशीको जीवनीका बारेमा पढ्न पाइन्छ । प्रेमराज जोशीकी धर्मपत्नी सावित्री जोशीले प्रकाशनमा ल्याएको उक्त कृति सुदूरपश्चिम साहित्य समाज धनगढीले विमोचन गरेको पाइन्छ ।

सामाजिक व्यक्तित्व प्रेमराज जोशी कैलालीको अत्तरियामा रहेको दुर्गालक्ष्मी उच्च माध्यमिक विद्यालयको कामले काठमाडौं गएको बेलामा, फर्किदा खेरी मुग्लिनटारमा बस दुर्घटनामा परी उहाँको मृत्यु भएको थियो । सोही प्रभावशाली, सामाजिक व्यक्तित्व प्रेमराज

जोशीको जीवनीको बारेमा लेखिएको प्रेमराज काव्य अत्यन्त रोचक, पठनयोग्य शोक काव्य हो । यस काव्यमा जो कोही असल बन्न हर प्रयासमा रहन्छ तर ऊ असल बन्न सक्दैन । जो असल मान्छे हुन्छ उसलाई समाजका केही खराब विचार भावना भएका मानिसहरूले खराब बनाउन हर प्रयास गर्दछन् तर खराब बनाउन सक्दैनन् ।

असल र खराबको यो दोहोरी चलिरहँदा जीवनमा केही गरौँ भन्ने भावना भएका मान्छेहरूलाई भगवानले उनको त्यो सपना पुरा गर्न दिदैन । प्रेमराज एक पार्टीका कार्यकर्ता भएपनि उनी एक असल समाजसेवी थिए भन्ने कुरा उनको क्रियाकलापले जनाउँछन् ।

मानिस यस घर्तीमा पाहुनाको रूपमा आएपनि उसले जीवनमा केही राम्रो काम गर्नुपर्छ भन्ने भावना नभएको मानिसहरू पनि थुप्रै भेटिन्छन् । केही यस्ता व्यक्ति पनि छन् जो मरेर पनि अमर रहेका छन् । जसको कामले उहाँहरू सदैव अमर बनेका छन् । दुई दिने मानव चोलामा असल मान्छे भएर जीउनु पर्छ । केही न केही आगामी पिडीका लागि गरेर जानु पर्छ भन्ने भावना भएका प्रेमराज जोशी जस्ता सामाजिक व्यक्तित्व फेरी पनि जन्मिनु आवश्यक छ । यिनै प्रेमराज जोशीको जीवनीमा आधारित उक्त प्रेमराज कृति निकै सान्दर्भिक रहेको देखिन्छ ।

समाज र व्यक्तिबिचको अन्योन्याश्रित सम्बन्ध भएजस्तै प्रेमराज र उनको कार्यको सम्बन्ध पनि माछा पानी जस्तै देखिन्छ । सामाजिक हितमा बोल्ने, लेख्ने र काम गर्ने व्यक्ति भएका कारण आज उनि यस भौतिक संसारमा नभएपनि उनको कामले उनलाई यहि भएको आभाष दिलाएका छन् । यिनै प्रेमराज जोशीको जीवनीमा आधारित भएर रचना गरिएको प्रेमराज शोककाव्य कविको एक उत्कृष्ट काव्यको रूपमा चिनिन्छ ।

यस कृतिको रचनाको शीर्षक निकै सान्दर्भिक देखिन्छ । खासगरी शार्दूलविक्रीडित छन्दमा लेखिएको उक्त कृति करुणिक भावमा लेखिएको छ । मानिसको जन्म र मृत्युबिचका बाँकी दिनहरूमा मानवले गर्ने क्रियाकलापले उसको जीवन सार्थताको मूल्यांकन गर्दछ । तसर्थ जीवनमा केही न केही असल काम गर्नु त्यो समाज, राष्ट्र र स्वयं व्यक्तिका लागि पनि असल काम हुन जान्छ । उक्त कृति करुणा रसको प्रयोग गरी लेखिएको छ ।

### ४.३.८ आमा (वि.सं. २०७१) को अध्ययन

आमा (वि.सं. २०७२) साहित्यकार निर्मलकुमार भण्डारीद्वारा लिखित एवं प्रकाशित कारुणिक भावले भरिपूर्ण कृति हो । सत्य घटनामा आधारित उक्त कृति, कवि स्वयम्को जन्म

दिने आमाको देहावसानमा कवि भाव विह्वल भई आफ्नी स्व. आमाप्रति समर्पित गरी लेखिएको कृति हो । वास्तवमा संसार क्षण भंगुर छ । मनुष्य जीवन पनि जति दुर्लभ छ त्यति नै क्षणभंगुर छ भन्ने कुरा विविध आर्य वाङ्मय तथा शास्त्र पुराणहरूले बारम्बार उद्घोष गरिरहेकै छन् यसरी "दुर्लभो मानुषो देहो देखिना" भागवत ।

हाम्रा एक अर्का संगका रगत सम्बन्धमा नाता सम्पादित नाता एवं अन्य जीवन जगतका पदप्रतिष्ठा, प्रभाव, वैभव आदि सबै कुराहरू क्षणभंगुर, भ्रामक र निस्सार देखिन्छन् । यिनै क्षण भंगुरता, भ्रामकता र निस्सारता भित्र मान्छे आफूलाई अमर सम्झेर बाचेको छ । जीवनको यात्रा अनन्त छ यो कहिल्यै टुंगिदैन । एउटा जीवन समाप्ति पश्चात्को मृत्यु यात्राजन्य विश्रामको क्षणिक चौतारी जस्तै मात्रै हो । जहाँ केही क्षंण थकान मेटाए पछि मृतात्माले फेरि आफ्ना कृत कर्म अनुसारको जन्म लिन्छ र आफ्ना कृत कर्म अनुरूप नै उसको विलय हुन जान्छ । कुनै पनि चेतनशील व्यक्तिको उत्थान र पतनको कारकतत्व उसको जीवन छउन्जेलकै कृत कर्म हो । भन्ने कुरालाई आर्यग्रन्थ भागवतले पुन यसरी प्रष्ट्याउँदै भनेको छ । "कर्मणा जायेते जन्तुः कर्मणैव विलीयते" भागवत मानव जीवनको समाप्तिलाई नै श्रृंखलाको सबै समाप्त सम्झनु अज्ञानता ठहरिन्छ । यथार्थको धरातललाई टेकेर भन्ने हो भने हजारौ हजार जन्मदेखिको पुण्य संचयबाट हामीलाई यो मनुष्य चोला प्राप्त भएको हो । यदि प्रस्तुत जीवनमा सतकर्म, सतचिन्तन, परोपकार स्नेह, दया, धर्म आदि गरियो भने अग्रीम जीवन अवश्य नै देवोपम हुन्छ । यसको विपरीत यदि मनुष्यरूपी चेतना चोला पाएर पनि जसको कर्तव्य गन्तव्य तथा जीवनजन्य अन्य क्रियाकलाप निष्कृष्ट स्तरको बन्यो भने पुनः चौरासी लाख योनीको परिभ्रमण र घटनाक्रम सिवाय अरु केही हुँदैन ।

साँचिकै हामीलाई आफू जन्मेको धर्ती अति प्यारो लाग्छ । रमाइलो लाग्दछ । मनमोहक र सुन्दर लाग्दछ । अनि त्यसै गरी आफू र आफ्नो जीवनप्रति प्रगाढ अनुराग र जिजीविषा हुन्छ । तसर्थ कुनै पनि मान्छे आफू जन्मेको धर्ती र आफ्नो जीवन जगतलाई लोभ्याउने परिसर, परिदृश्य र परिवेशलाई छोड्न सक्दैन । ती वातावरणबाट अलगिदा उसलाई आफ्नो मुटु चुडिएजस्तै लाग्छ,तर पनि परमेश्वरले निर्धारण गरेको समयको खटनपटन अनुसार नै हरेक मानिसको जन्म, मृत्यु व्याधि दुःख सुःख उत्थान पतन आदि हुन्छ ।

निश्चयनै आज हामी जीवन जगतको एकै गन्तव्य विन्दुमा उभिएका छौं । जहाँबाट सृष्टिका चेतशील प्राणीहरूको आवागमन भै रहन्छ त्यहाँ कोही अस्ति हिजो गयो । कोही आज गयो एवम् कोही जान तयार छ । यो आवागमनको क्रम निर्धारण एवं निर्विवाद चलेकै र चल्ने नै छ । त्यही क्रममा विगत वि.सं. १९८९ साल श्रावण २ गते शनिवारका दिन यस धरातलमा पर्दापण गरेर वि.सं. २०७० साल चैत्र ७ गते शुक्रवारका दिन अपरान्ह १२:१० बजे झण्डै ८१ वर्षको जीवन यात्राको परिसमाप्ति गर्दै भएको लेखक स्वयम् यात्राको आमाप्रति श्रद्धा आस्था एवं आंशियतालाई आत्मा साथ गर्दै ती घोर निरासाका दिनका आसोचमय अवस्थाका पूर्वार्ध मै एक महिनाको समयाविधिमा आमा नामक शोक काव्य सिर्जना भएको पाइन्छ ।

यसभित्र आमाको प्रणान्त भएका दिनदेखि अन्त्यष्टिजन्य पन्द्र दिन सम्मका यथार्थ कुराहरू शोकमय शब्दचित्रमा जस्ताको त्यस्तै उतारेको पाइन्छ । यस शोककाव्यमा वर्तमान अवस्थाको देशको जीवन बोलेको छ । यस हिसाबमा शोककाव्यको अन्तर वेशारको रूपमा देश काल परिवेशको सूक्ष्म छायाङ्कन भएकाले यो कृति पठन योग्य देखिन्छ । यो कृति मन्दाक्रान्ता छन्दमा र शार्दूल विक्रिडित छन्दका कविताहरूले भरिभराउ छ । उक्त तलका पंक्तिहरू शार्दूल विक्रिडित छन्दमा यसरी बगेका छन् ।

बसन्ती वनमा थियो मधुरता, पाला पलाईकन ।
जम्मै पत्झर वृक्षले धरणिमा, फर्दै थिए जीवन ॥
बोल्थे न्याहुल दुर रम्य वनमा, नाना विलौना गरी ।
बोल्थे कोयल प्रात दोहरमा, डाकेर कोहो गरी ॥

आयो झट्ट फिरेर चैत्र महिना, अल्पी दिँदा फागुन ।
वासन्ती मधुमासमा पनि थियो, मेरो नियास्रो मन ॥
सिर्ज्यो मातृवियोग दैव गतिले, त्यै सत्तरी सालमा ।
मैना चैत्र दिनाङ्ग सात दिउँसो, झण्डै सवा बाह्रमा ॥

यसरी यो आमा शोककाव्य संरचनागत हिसाबले गुणात्मक हिसाबले परिवेशगत हिसाबले सान्दर्भिक देखिन्छ ।

### ४.३.९ निर्मलमणि (वि.सं. २०७२) को अध्ययन

निर्मलमणि (वि.सं.२०७२) साहित्यकार निर्मलकुमार भण्डारीको सातौ कृति हो । महाकाव्यकार मनिराज जोशी र निर्मलकुमार भण्डारीको संयुक्त कृतिको रूपमा रहेको निर्मलमणि शार्दूलविक्रीडित छन्दमा लेखिएको कृति हो । निर्मलमणि काव्यलाई २ खण्डमा विभाजन गरिएको पाइन्छ । (क) निर्मल खण्ड (ख) मणि खण्ड । (९१) एकानब्बे पेजमा रहेको यो कृतिमा विभिन शीर्षकहरूका कविताहरू पाइन्छन् । छन्दका उत्कृष्ट सर्जक वरिष्ठकवि निर्मलकुमार भण्डारी एक छन्दवादी शान्त स्वभावका, मिलनसार एवं सबैप्रति सदासहायता राख्ने साधना र उपासनालाई आफ्नो दैनिकी बनाई साहित्यिक यात्रालाई निरन्तर अगाडि बढाइ राख्ने एक श्रष्टा हुन् । प्रस्तुत निर्मलमणि कृति दुई वटा खण्डमा विभाजन गरिएको छ ।

**खण्ड (क) निर्मलखण्ड**

यस खण्ड अन्तर्गत छन्द कवि निर्मलकुमार भण्डारीका शार्दूलविक्रीडित छन्द र मन्दाक्रान्ता छन्दमा लेखिएका विभिन्न शीर्षकका लामा तथा छोटा उन्नाईस वटा कविताहरू समावेश गरिएका छन् । प्रत्येक कविता शीर्षक अनुसार विषय प्रवेश सुहाउँदा तथा रसात्मक कविताहरू छन् । मानव जीवनलाई नजिकबाट नियाल्न खोजिएको पाइन्छ । मानव जीवनका जीवित दिनहरू विताउने क्रममा आईपर्ने विभिन्न खालका समस्याहरू, चुनौतीहरू र गर्नुपर्ने सामना तथा मानव जीवनका सुख, दुःख हाँसो, आँसु जस्ता क्षणहरूको कविता मार्फत मसिनो रूपमा विश्लेषण गरिएको पाइन्छ । मानव जहिले पनि स्वतन्त्र जन्मिन चाहन्छ । स्वतन्त्र जीवन जिउन चाहन्छ, तर उसले सोचेजस्तो कहिल्यै पनि हुँदैन । हुनत सोचेजस्तो र रोजे खोजे जस्तो जीवन कहिल्यै पनि हुँदैन भनिन्छ । तर पनि मानिस आफ्नो जीवन आफ्नै इच्छा अनुसार जिउने प्रयासरत रहन्छ, तरपनि ऊ सफल हुन सक्दैन । असफल जीवनमा सफलताको दियो बाल्न तम्सिएको मान्छे त्यो दियो बल्दा बल्दै चुनौतीरूपी तुफानले क्षणभर मै निभाई दिँदा क्षण उसका इच्छा, आकांक्षाहरू विलिन हुन जान्छन् ।

यसरी चुनौतीको पहाडसँग प्रयत्नको पाईलाहरू अगाडि बढाउँदै जाँदा स्वर्णीम सपनाहरू नतुहिउन भन्ने उसको चाहना हुन्छ । चाहनालाई जीवित राख्ने इच्छा हुँदाहुँदै थुप्रै हण्डरले मानव अनुभवको आभास र सिकाईबाट प्रेरणा लिदै नवीनतम् विधि प्रक्रियालाई अंगिकार गर्न पुग्दछ । तथापि ऊ सफल हुन सकेन भने जीवनको अर्थलाई अनर्थ ठान्दै

जीजीविषालाई  तिलान्जली दिन पछि पर्दैन । जे भएपनि जीवन जिउने क्रममा आउने थुप्रै बाधा र व्यवधानको व्यवस्थापन गर्दै अगाडि बढ्नुपर्ने र जीवन सम्झौता ठान्दै जीउनु पर्ने बाध्यता सबै सँग हुन्छ र कविसँग पनि रहेको देखिन्छ । थुप्रै साहित्यिक रचनाहरूलाई व्यवस्थापन गर्ने क्रममा कवि निर्मलकुमार भण्डारीले आफ्नो सातौँ कृतिको रूपमा यस निर्मलमणि कृतिको जन्म दिएका छन् । कृति आकारगत हिसाबले सानो देखिएतापनि गुणात्मक हिसाबले उत्तम रहेको पाइन्छ।  यस कृतिमा मानव जीवनका थुप्रै पाटाहरूलाई नियाल्दै मानव मस्तिष्कको समेत विश्लेषण गरिएको पाइन्छ । तसर्थ यो कृति समयसान्दर्भिक देखिन्छ । विभिन्न शब्दाअलंकारले सिंगारिएको यो कृति रसात्मक कृतिको रूपमा रहेको पाइन्छ ।

**खण्ड (ख) मणि खण्ड**

यस खण्ड अन्तर्गत निर्मलमणि खण्डकाव्यका लेखक महाकाव्यकार, लक्ष्मीप्रसाद देवकोटा पुरस्कारले पुरस्कृत साहित्यकार मनिराज जोशीका सत्रवटा विभिन्न शीर्षकका लामा तथा छोटा कविताहरू समावेश गरिएका छन् । साहित्यिक क्षेत्रमा मनिराज जोशी एक प्रमुख नाम हो । लोक साहित्यका अध्येता थुप्रै महाकाव्य र खण्डकाव्य लेखी चर्चामा आउनुभएका महाकाव्यकार जोशीले हालसम्म पाँचवटा महाकाव्य र अन्य थुप्रै खण्डकाव्य तथा भजन संग्रहहरू समेत प्रकाशनमा ल्याईसकेका छन् । थुप्रै साहित्य संस्थाहरूमा आवद्ध रही काम गर्दै आउनुभएका महाकाव्यकार मनिराज जोशीले यस निर्मलमणि खण्डकाव्यमा शार्दूलविक्रीडित छन्दका कविताहरू राख्नु भएको छ । साहित्यकार मनिराज जोशीका कविताहरूले यस खण्डकाव्यको रोचकता बढाएको पाइन्छ । लामो समयसम्म साहित्यिक क्षेत्रमा रही कलम चलाउँनु भएका मनिराज जोशीका कविताले यस कृतिको महत्व बढाएको पाइन्छ । विभिन्न शीर्षकहरूमा लेखिएका कविताले कविको क्षमता प्रदर्शन गरेको छ । तलका कविता निर्मलमणि कविता संग्रहबाट लिइएको हो । उक्त कविता शार्दूल विक्रिडित छन्दमा लेखिएको छ । जस्तै :

कालो पत्थर बन्छ ईश्वर भने, कालो छ मेरो कला ।
चोर्ला पाठकवृन्दका हृदयको, मीठो रसीलो गला ॥
काँटा सिर्जना गर्छ मात्र विधिले, घोचेर जाला भनी ।
त्यस्तै रंगविहीन दीनपनको, मेरो छ यो जीवनी ॥

एउटा पल्लवले गुराँस वनमा, फक्रेर मोल्यो भने ।
मैले गौरव गर्दछु रहरका, आसा आकांक्षा बुने ॥
जो फुल्दैन तरु हुँदैन यसमा, काँटा लता पल्लव ।
चल्दामा पद भीरमा गईपरे, दुर्भाग्यको वास्तव ॥

**मनिराज जोशी निर्मलमणि-पृ.नं.५६ बाट**

यी र यस्ता सार्दूलविक्रीडित छन्द र मन्दाक्रान्ता छन्दमा लेखिएका कयौं कविताहरूले यस कृतिको अझै शोभा बढाएको पाइन्छ । यस खण्डले मानव, जीवन जिउँदा आईपर्ने चुनौती र गर्नुपर्ने सामाना तथा प्रकृतिको राम्रो चित्रण गरिएको पाइन्छ । यस खण्डका कवितामा सामाजिक जीवन, कला, संस्कृति तथा धर्म संस्कारको संरक्षण गर्नुपर्ने कुराको सन्देश पनि दिन खोजिएको पाइन्छ ।

साहित्यकार द्वय निर्मलकुमार भण्डारी र महाकाव्यकार मनिराज जोशीको संयुक्त साझेदारीमा यो कृति प्रकाशित भएको पाइन्छ । संरचनागत हिसाबले यो कृति सानो देखिएतापनि गुणात्मक हिसाबले अतुलनीय रहेको छ ।

### ४.३.१० निर्मलमणि (वि.सं. २०७२) को सान्दर्भिकता

निर्मलमणि (२०७२) कवि, साहित्यकार एवं महाकाव्यकार द्वय मनिराज जोशी र निर्मलकुमार भण्डारीद्वारा लिखित एवं प्रकाशित कृति हो । यस कृतिमा निर्मलकुमार भण्डारीको मात्र योगदान नभई महाकाव्यकार मनिराज जोशीको पनि महत्वपूर्ण योगदान रहेको पाइन्छ । आफ्नै किसिमको महत्व वोकेको यो कृति, समय सापेक्ष तथा समसामयिक परिस्थितिमा सान्दर्भिक रहेको देखिन्छ ।

हामीले हाम्रा राम्रा संस्कार गौरवगाथा र पुर्खाहरूको त्याग तपस्या, उपदेशहरू भुलिरहेका बेलामा कविहरूको साधना कृति रचनाहरू मार्फत् आफ्नो संस्कृति, धर्म संस्कार र उपदेश भुल्नु हुँदैन भन्ने आशय बोकेको हुँदा पाश्चात्य संस्कृतिको विरोध गरिएको पाइन्छ । पाश्चात्य संस्कृतिले हाम्रो संस्कृति माथि हमला गरिरहेको वर्तमान परिप्रेक्ष्यमा कविले आफ्ना रचनाहरू मार्फत् आफ्ना पुर्खाहरूको योगदान उपदेश र आफ्नो कला, संस्कृति नभुल्नु आग्रह गरिएको पाइन्छ ।

अहिलेको पुस्ता पाश्चात्य संस्कृतिप्रति मौलिएको देखिएकाले यस्ता खालका छाडापन भएको संस्कृति अंगाल्न रचनाहरू मार्फत् आग्रह गरिएको पाइन्छ । आफ्ना पुर्खाको उपदेशहरू भुल्दै गएको, नैतिक शिक्षाबाट टाडा हुँदै गएको, आफ्नो धर्म, संस्कार भुल्दै गएको बेला यस्ता सन्देशमूलक कृतिको सान्दर्भिकता रहेको पाइन्छ ।

### ४.३.११ साहित्यकार निर्मल भण्डारीका कृतिमा छन्दको प्रयोग

कवि निर्मलकुमार भण्डारीका कृतिहरू, कर्तव्यबोध सन्देश, २०५२, चेलिवेटीको विलौना २०५२, सावधान नयाँयुग आउँदैछ २०५४, दरबार हत्याकाण्ड २०५८, प्रेमराज २०६५, आमा २०७१, निर्मलमणि २०७२, र माया दुरीदैन २०७५ मा प्रयोग भएका छन्दहरू, जस्तैः शार्दूल विक्रीडित छन्द, मन्दाक्रान्ता छन्द, बसन्ततिलका छन्द, श्रग्धरा आदि छन्दको प्रयोग गरिएको छ । विशेषगरी शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको पाइन्छ ।

### ४.३.१२ साहित्यकार निर्मलकुमार भण्डारीका कृतिहरूमा प्रयोग भएका छन्दहरू

साहित्यकार निर्मलकुमार भण्डारीका हालसम्म प्रकाशन भएका कृतिहरूमा प्रयोग भएका छन्दहरू यस प्रकारका छन् । जस्तैः बसन्ततिलका छन्द, शार्दूलविक्रीडित छन्द मन्दाक्रान्ता छन्द आदि । जस्तैः

#### ४.३.१२.१ बसन्ततिलका छन्द

साहित्यकार निर्मलकुमार भण्डारीद्वारा लिखित कर्तव्यबोध सन्देश कविता संग्रह बसन्ततिलका छन्द प्रयोग गरी लेखिएको छ । उक्त कृतिको कुनै एक कविता यसरी बगेको छ :

**पापी हिउँद**

आग्यो महा घनघटा नभ बिच आज ।
देखिन्न प्रातः रविको नव कान्ति ताजा ॥
वर्षन्छ मेष जलधार लिइ खरामा ।
देखिन्छ श्वेत रंगको हिम टाकुरामा ॥
जाडो भयो सकल लोकहरू कमायो ।
हा, कष्ट के भनि सबैकन याद आयो ॥
ठण्डी ऋतु कति छिटो अब साम्य होला।
भन्छन् सधै जनहरू अब गाउँ टोल ॥

लामो छ रात कति मुश्किल हुन्छ काट्न ।
दिन चट्ट, झट्ट ढविने बिजुली सरीछन् ॥
चल्ने चिसो पवन सिर्सिर दिन भरैमा ।
बित्ने भयो समय यो अब छिन भरैमा ॥

छन् वृक्ष बोटहरू पाप विहीन नाङ्गा ।
देखिन्छ रम्यु प्रकृति सब यो उदाङ्ग ॥
बोल्दैन कोकिल मिठो स्वरले अलापी ।
जा हिउँद ए अति छिटो अब घोर पापी ॥

### ४.३.१३ शार्दूलविक्रीडित छन्द

साहित्यकार निर्मलकुमार भण्डारीको आमा शोककाव्यका सम्पूर्ण कविताहरू शार्दूल विक्रिडित छन्दमा लेखिएका छन् । जसमध्ये आमा भईन अल्विदा शिर्षकको कविता यस्तो छ :

**आमा भइन् अल्विदा**

छोराले दिनुपर्छ भन्छ दुनियाँ, त्यो दागबत्ती पनि ।
तस्मात् पालन गर्न तत्पर भयौं, त्यै लोकवाणी अनि ॥
राँको हात लिएर दाह गरँदा, दुख्दै थियो हुत्तल ।
है अग्लने, नबनी प्रचण्ड अहिले, बन्नू तिमी शीतल ॥

सल्क्यो शुष्क चिता दुवै तरफको, आगो बल्यो दन्दन ।
जल्दा आज मुमा चिता सित यहाँ, रोईरहन्थ्यो मन ॥
स्रष्टाको रचना अतीत दिनको, जल्दैछ यो भत्भती ।
यस्तै हो सबको यहाँ गतिविधी, ज्यूनू छ कल्ले कति ॥

मान्छे हो सून यज्ञ यो शरिरको, चल्दैछ है घाटमा ।
हामी याज्ञिक हौं सबै जनहरू, आई रहेका यहाँ ॥

हाम्रै दृष्टि अगाडि अर्पित भयो, यो देहको आहूति ।
जन्मेका दिनदेखि मृत्युतकको, यैं हुन्छ पूर्णाहुतिः ॥

### ४.३.१४ मन्दाक्रान्ता छन्द

साहित्यकारले निर्मलकुमार भण्डारी कर्तव्यबोध कृतिमा समेटिएको मन्दाक्रान्ता छन्दको आमाको सम्झना शीर्षकको कविता यस्तो रहेको छ ।

**आमाको सम्झना**

अस्तायो रे, रबि क्षितिजमा कान्ति छाएर मन्द ।
फूलवारीका सुमनहरूमा आज छैनन् सुगन्ध ॥
डाँडा काँडा नद-नदी सबै देखिए छन् निस्याम्म ।
घर्ती जम्मै धुमिल हुन गो शोकले पूर्ण साम्य ॥

मेरी आमा, मकन कसरी आज छाडी गयौ नि ।
एक्लै त्यागी भुवन तलमा स्वर्गवासी भयो नि ॥
मै छू सानो प्रबल अब छन् सम्झना आज धेर ।
न्यानो माया सुदृढ गरियो बोल्छु आमा भनेर ॥

बिर्सू आजै म कसरी स्नेहको कोख तिम्रो ।
हुर्के पाइ अमृतमय त्यो दूधको धार तिम्रो ॥
तिम्रै माया अविरल थियो आज सम्मन मलाई ।
आजै छाडी कुनतिर गयौ प्यार मेरो जलाई ॥

## अध्याय पाँच

### ५.१ उपसंहार, निष्कर्ष

यस शोधपत्रको पहिलो अध्याय अन्तर्गत शोधप्रस्तावको रूपरेखा प्रस्तुत गरिएकोछ । यस अन्तर्गत शोध शिर्षक, शोधप्रयोजन, विषय परिचय, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री संकलन शोध विधि र सोधपत्रको रूपरेखा गरिएको छ ।

दोस्रो अध्ययन अन्तर्गत जीवनी बारे अध्ययन गरिएको छ । यस क्रममा निर्मलकुमार भण्डारीको जन्मस्थल, वाल्यकाला शिक्षादीक्षा, अध्यापन पेशाको सम्बन्धमा अध्ययन तथा पत्रकारिता पेशाको अध्ययन गरिएको छ ।

ब्राह्मण कुलमा जन्मेका उनको पारिवारिक आर्थिक अवस्था सामान्य रहेको पाइन्छ । निर्मलकुमार भण्डारी वुवा स्व. भानदत्त भण्डारी र माता स्व. धर्मादेवी भण्डारीको कोखबाट वि.सं. २०१३ साल माघ १२ गतेका दिन सरस्वतीनगर गा.वि.स. वडा नं. ६ बेल्टुक्रा जोरायल डोटीमा भण्डारीको जन्म भयो । सानैदेखि नै लगनशील, मेहनती र मिलनसार भण्डारीले प्राथमिक तहको शिक्षा गाउँकै स्कूल श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टेमा वि.सं. २०२१ सालमा भर्ना भएर कक्षा पाँचसम्मको पढाई गरेका थिए । वि.सं. २०२६ सालमा श्री रघुनाथ माध्यमिक विद्यालय निरौली डोटीमा कक्षा ६ मा भर्ना भएका भण्डारीले श्री घण्टेश्वर माध्यमिक विद्यालय जोरायल डोटीबाट वि.सं. २०३० सालमा एस.एल.सी. पास गरेका थिए । एस.एल.सी. दिइसकेपछि घरको विविध समस्याका कारण उच्च शिक्षा हाँसिल गर्न नसकिने अवस्था सिर्जना भयो । विभिन्न दुःख कष्टहरू सहेर घरमै बस्नुपर्ने बाध्यता भयो । त्यसपछि निरन्तर तीन वर्ष सम्म गाई भैसी हेर्ने र गोठालो जाने काम सिवाय अर्को कुनै विकल्प रहेन ।

भण्डारी गाई गोठालो जाँदा होस् या पानी पधेरो जाँदा होस् उनको साहित्यिक यात्रा त्यतिखेरदेखि नै सुरु भैसकेको थियो । विभिन्न कठीनाईसँग जुझ्दै अघि बढेका भण्डारीले वि.सं. २०३३ साल देखि २०३५ सालसम्म श्री घण्टेश्वर माध्यमिक विद्यालय जोरायल डोटीमा अस्थायी रूपमा शिक्षण कार्य गर्ने अवसर पाएका थिए । उनले वि.सं. २०३६ सालमा स्थायी शिक्षकमा नाम निकालेपछि उनलाई थप उर्जा मिल्यो । त्यसपछि उनी वि.सं. २०३९ सालमा श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टे जोरायल डोटीमा स्थानान्तरित भएका थिए । उत्कृष्ट शिक्षण सेवा

कार्य गरेवाफत् नेपाल सरकार शिक्षा मन्त्रालयले उनलाई २०४८ सालमा राष्ट्रिय शिक्षा पदकले सम्मानित गरेको थियो । विभिन्न बाध्यताका कारण आफ्नो पढाई बिचैमा छोडेका भण्डारीले वि.सं. २०४० सालमा एस.एल.सी. पास गरिसकेपछि पुनः पढ्ने मनसाय बनाएर २० वर्षको अन्तराल पछि वि.सं. २०५० सालमा कैलाली बहुमुखी क्याम्पस धनगढी कैलालीबाट इन्टर पास गरेका थिए । वि.सं. २०३९ साल देखि श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टेमा कार्यरत रहेका भण्डारीलाई अकस्मात ठूलो वज्रपात पऱ्यो । उनको पिताको स्वर्गारोहण भयो र घरको सबै जिम्मेवारी उनकै टाउकोमा आईपऱ्यो ।

त्यसपछि उनको पढाई प्रमाणपत्र तहमै सिमित रह्यो । २०४६ सालबाट उनि गायत्री तिर्थ शान्तिकुञ्ज हरिद्वारबाट प्रकाशन हुने विशुद्ध धार्मिक पत्रिका अखण्डज्योती हुलाकबाट भगाई पठन-पाठन गर्न थाले । तत्कालिन स्थानीय पञ्चेहरूले उनलाई विपी कोइरालाका साहित्यिक रचनाहरू हुलाकबाट मगाई पढ्ने गरेको आरोप लगाई जिल्ला प्रहरी कार्यालय डोटीमा थुनाई दिनु सम्म दुःख दिएका थिए ।

त्यतिमात्र होइन, त्यसपछिका दिनहरूमा उनले अझ धेरै ठूलो समस्याको समाधान गर्नुपर्ने पस्थितिको सिर्जना भयो । देशमा ठूलो परिवर्तन ल्याउने भनेर नेपाल कम्युनिष्ट पार्टीको दश वर्षे जनयुद्ध चल्यो । जनताका पक्षमा बोल्ने भनेर गाउँघरमा ठूलो ठूला नारा थन्किन्थे । तर विद्यालयमा पढाउने शिक्षक भएर गाउँका विद्यार्थीलाई शिक्षाको ज्योती दिने शिक्षकलाई तिनै जनताका नेताहरू भन्नेहरूले नोकरीको अवधिको बाह्र वर्ष बाँकी रहेकै बेला बाध्यात्मक परिस्थिति सिर्जना गरी नोकरी छाड्न विवश बनाए । वि.सं. २०६२ साल कार्तिक ३० गतेकादिन माओवादीको पिडा सहन नसकेर नोकरीबाट राजीनामा दिई घर छाडेर भाग्नु पऱ्यो । आफूलाई परेको समस्या लेखेर सम्बन्धि निकायसम्म धाउँदा पनि नेताले विगारेको देशमा सोझा साझा जनताका कुरा सुन्ने मान्छे कोही भेट्टिएनन् । एक दिन राती १२ बजेको समयमा माओवादी समूहले भण्डारीको घरलाई घेराहाले पछि ढोका खोल्न भने भण्डारीले ढोका खोलेपछि खाना र बस्न दिन भनियो । ६० जनाको संख्यालाई खान बस्न दिन नसकिने कुरा गर्दा उनको घर कब्जागरी ति मानिसहरू त्यहि बस्न थाले । उनलाई आफ्नो घरमा बस्ने वातावरण नमिलेपछि असजिलो महसुश हुन थाल्यो । माओवादीले कब्जा गरिएको घर छोडेर जान बारम्बार धम्की दिन थाले ।

त्यहाँ बस्ने अवस्था नरेहपछि उनी नजिकैको छिमेकी गाउँको आफन्त कहाँ गएर बसे । केही समयपछि जोरायलमा माओवादीका सुदूरपश्चिम कमाण्डर लेखराज भट्ट आउँदा भण्डारीले आफ्नो समस्या राखे समस्या सुनेपछि लेखराज भट्टले भण्डारीको कब्जागरिएको घर छोड्न भनि आफ्नो तर्फबाट आफन्तेहरूबाट चिट्ठी लेखिदिए । त्यति गर्दापनि उनिहरूले भण्डारीको कब्जा गरेको घर छोडेनन् । उल्टै भण्डारी बसेको छिमेकी गाउँमा गएर हाम्रा कुराहरू लेखराज भट्टसँग लगाउने भन्दै धम्क्याउन थाले र ज्यान मार्ने धम्की समेत दिन थाले । नौकरी खाईदिने सम्मको धम्की आएपछि अन्ततः भण्डारीले आफ्नो नौकरीबाट २०६२ सालमा राजीनामा दिएर कैलाली आईपुगे । डोटी जोरायलबाट कैलाली आएपनि आफ्नो जन्मभूमिको माया मार्न नसकेर उनले साहित्य लेखनलाई झन बेजोड तरिकाले अगाडि बढाउन थाले । यी थुप्रै गास बास खोस्ने कुरा देखि लिएर थुप्रै समस्या चुनौतीको सामना गर्नु परेको भण्डारी, साहित्य लेख्ने, समाजसेवा गर्ने, धार्मिक आचरणका शान्त स्वभावका मानिस हुन् । उनको साहित्य तर्फ कविता, गीत, लेखरचना आदिमा रुची रहेको छ । उनि खेलहरूमा भलिबल अति रुचाउँने गर्दछन् । भण्डारीले हाल सम्म कर्तव्यबोध सन्देश २०५२, चेलीबेटीको विलौना २०५२, सावधान नयाँयुग आउँदैछ २०५४, दरबार हत्याकाण्ड २०५८, प्रेमराज २०६५, आमा २०७१, निर्मलमणि२०७२ र माया दुरीदैन २०७५ कृतिहरू प्रकाशनमा ल्याएका छन् ।

कवि निर्मलकुमार भण्डारीका थुप्रै फुटकर कविता लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा बेला बेला प्रकाशनमा आईसकेका छन् र आउने गरेका छन् । विभिन्न सञ्चार माध्यमहरूमा रहेर उहाँले काम गर्नुभएको छ । रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र दिपायलमा तथा कैलाली कञ्चनपुर जिल्लाका विभिन्न रेडियो एफ.एम.हरूमा समेत काम गरी सक्नु भएको छ । उनि थुप्रै साहित्यिक क्षेत्रहरमा संलग्न भएको देखिन्छ । जस्तैः सुदूरपश्चिम साहित्य समाज धनगढीमा आजीवन सदस्य, कैलाली जनपुस्तकालय धनगढीमा आजीवन सदस्य, रेडियो एफ.एम.का थुप्रै साहित्यिक कार्यक्रमहरमा समावेश सुदूरचिनारी डोटेली द्वैमासिक, पत्रिकाको कार्यकारी सम्पादक तथा सम्झनाको सँगालो जोरायल दुर्घटनामा २०७१ को स्मृतिग्रन्थको सम्पादक आदि , कवि तथा साहित्यकार निर्मलकुमार भण्डारीले साहित्य क्षेत्रमा कलम चलाएर साहित्य साधना र उपासना गरेवाफत उनलाई थुप्रै पुरस्कार तथा सम्मान गरिएको पाइन्छ ।

जस्तैः विद्यार्थी साहित्य प्रतिष्ठान कैलाली क्याम्पस २०४५, राष्ट्रिय शिक्षा पुरस्कार शिक्षा मन्त्रालय २०४९, गा.वि.स. सरस्वतीनगर, लक्ष्मीनगर २०५७, जिल्ला विकास समिति डोटीबाट २०४७ र २०६१, सु.प. साहित्य पुरस्कार धनगढी २०६१, चण्डेश्वरी यूवाक्लब जोरायल डोटीमा २०५८, लोटसआई इङ्गलिस बोर्डिङ्ग स्कुल अत्तरिया २०६६, नेत्रज्योति यूवा क्लब मालाखेती कैलाली २०६६, सुदूरचिनारी डोटेली पत्रिका २०७१, नवरत्न साधना सम्मान २०६९, खप्तड एफ.एम. धनगढी २०६४, लोकदोहोरी प्रतिष्ठान धनगढी २०७१, सुदूरपश्चिम महोत्सव धनगढी २०७१, रेडियो महाकाली महेन्द्रनगर २०७३, दिनानाथ राष्ट्रिय प्रतिभा पुरस्कार २०७३, घण्टेश्वर सेती महाकाली क्याम्पस जोरायल २०७४, ज्योति सामुदायिक पुस्तकालय पुनर्वास कञ्चनपुर २०७४, एभरेष्ट एकेडेमी अत्तरिया सम्मान २०७५, अवधि साँस्कृतिक प्रतिष्ठान नेपालगञ्ज बाँकेद्वारा सम्मान २०७५, श्री शिवपुर माध्यमिक विद्यालय जोरायलद्वारा सम्मान २०७५ र दुर्गालक्ष्मी बहुमुखी क्याम्पस अत्तरियाद्वारा सम्मान २०७६ आदि ।

यसका अलवा साहित्यकार भण्डारीलाई स-साना साहित्यिक तथा साँस्कृतिक समूहबाट पनि विभिन्न समयमा विभिन्न सम्मान गरिएको देखिन्छ । अन्ततः सरल र मिजासिलो स्वभावका भण्डारी त्यतिकै ईमान्दार, सहयोगी, मिलनसार पनि छन् । सामान्य खाना र साधारण पहिरनमै सन्तुष्ट हुने उनी साहित्य सिर्जना, चिन्तनमनन र पत्रपत्रीाक अध्ययनमा रुची राख्दछन् । भण्डारीले कार्यक्षेत्रका दृष्टिले मुख्यतः शिक्षण क्षेत्रमा संलग्न भएका व्यक्ति हुन् ।

कुनै पनि राजनीतिप्रति संलग्ननभएका भण्डारी स्वतन्त्रप्रेमी व्यक्ति हुन् । भण्डारीको लोक साहित्य तथा समाजसेवा क्षेत्रमा ठूलो योगदान रहेको देखिन्छ । भण्डारीले देशभित्र र बाहिर धार्मिक भ्रमणहरू गरेका छन् । साहित्य साधना र उपासना भण्डारीको जीवनको मूल कार्यहरू हुन् ।

माटो र देशप्रति इमान्दार हुनुपर्ने विचार राख्ने भण्डारी स्वतन्त्रतापूर्वक बाँच्न पाउने सबैको अधिकार हो । कसैको आशा नगरी कुनै पनि क्षेत्रमा संघर्ष गऱ्यो भने अवस्य सफलता प्राप्त हुन्छ । कर्म गर्दै जानुपर्छ सफलता जीवनमा जे जस्ता अप्ठ्यारा आईपर्दछन् । तिनीहरूको सामना पनि गर्नुपर्दछ भन्ने धारणा भण्डारीको रहेको छ । जीवनलाई आशावादी रूपमा हेर्ने भण्डारी प्रतिभा सम्पन्न व्यक्ति हुन् ।

तेस्रो अध्यायमा निर्मलकुमार भण्डारीको व्यक्तित्वको चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुगोरो वर्ण, खाईलाग्दा देखिने उनि प्रभावशाली र आकर्षक देखिन्छन् । भण्डारीको लोकसाहित्यका संकलक, विश्लेषण व्यक्तित्व सार्वजनिक व्यक्तित्व, सम्पादक व्यक्तित्व, पत्रकारिता क्षेत्र, शिक्षण क्षेत्र, साहित्यत्तर व्यक्तित्व र सामाजिक व्यक्तित्वमा फैलिएको छ भने उनको जीवनी व्यक्तित्व, कृतित्वबिच अन्तरसम्बन्धका बारेमा अध्ययन गरिएको छ ।

पत्रकारिता क्षेत्र अन्तर्गत निर्मलकुमार भण्डारीले २०६३ सालमा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र दिपायल डोटीमा जम्मा ६ महिना मात्र काम गरेतापनि पछि उनी २०६४ सालदेखि खप्तड एफ.एम. धनगढीमा करिब ६ वर्ष काम गरेको लामो अनुभव भण्डारीसँग छ । त्यसपछि पनि उनी कैलालीको घोडाघोडी एफ.एम. लगायतका सुदूरपश्चिमका धेरै एफ.एम.मा कार्यसम्पादन गरी पत्रकारिता क्षेत्रमा ठूलो योगदान गरीसक्नुभएको छ ।

डोटेली भाषा राम्ररी बोल्न र लेख्न सक्ने भण्डारी रेडियो एफ.एम.हरूमा डोटेली भाषाका कार्यक्रमहरू सञ्चालन गर्थे । उनका कार्यक्रम सुन्ने स्रोताहरू नगण्य संख्यामा हुन्थे, सारै मिठो स्वर, शव्य चयनकला र स्थानीयताको सिप रहेका भण्डारी एक कुशल सञ्चारकर्मी पनि हुन् भन्ने कुरा उनको कार्यसम्पादनले बनाउँछ । यति मात्र नभई भण्डारीका साहित्यिक लेख रचनाहरू अहिलेसम्म विभिन्न सञ्चार माध्यमहरूमा प्रसारण भईरहेको सुन्न र पढ्न पाइन्छ । तसर्थ भण्डारी एक सञ्चारकर्मी पनि हुन भन्दा अतिसयोक्ति नहोला ।

चौथो अध्याय अन्तर्गत` कृतित्वको अध्ययन गरिएको छ । २०१३ सालमा जन्मिएका भण्डारी सानै उमेर देखि साहित्य लेखन तर्फ उत्सुक रहेको पाइन्छ । जीवनमा पढ्ने इच्छा हुँदा हुँदै पनि इच्छाए अनुसार पढ्न नपाएका भण्डारीको घरको अवस्थाले गर्दा उनको शिक्षा प्रमाणपत्र तह सम्म भै रोकियो । २०३६ सालमा लोक सेवा आयोगको परीक्षाबाट उत्तीर्ण भएर आफ्नै गाउँको स्थानीय प्राथमिक विद्यालयमा शिक्षण पेशामा लागेका उनले शिक्षण अवधि पुरा गर्न पाउनु भएन । २०५२ साल देखि नेपालमा चलेको ने.क.पा. माओवादीको शसस्त्र द्वन्द्वको चपेटामा परी जागीर अवधिको बाह्र वर्ष बाँकी छँदाको समयमै नौकरीबाट राजीनामा दिएर उनि कैलाली जिल्लामा २०६२ मा झरेका थिए ।

जीवनमा यति ठूलो चोट खाएर पनि भण्डारीले साहित्य लेखन यात्रालाई रोकेनन् । अझ झन उनको साहित्यिक यात्रा फराकिलो हुँदै गयो । यस अवधिमा उनले थुप्रै कृतिहरू प्रकाशनमा पनि ल्याए । अझै पनि उनका कयौ कृतिहरू प्रकाशनको तयारीमा रहेका छन् । विगतमा शिक्षण पेशामा हुँा पनि उनले आफ्नो साहित्यिक यात्रा रोकेका थिएनन् । आज शिक्षण पेशा छोडेपछि पनि उनी साहित्य क्षेत्रमा निरन्तर लागि रहेका छन् । साहित्य लेखन अवधिमा आजसम्म भण्डारीले निम्न बमोजिमका कृतिहरू प्रकाशनमा ल्याइसकेका छन् । जस्तैः कर्तव्य बोध २०५२, चेलीवेटीको बिलौना २०५२, सावधान नयायुग आउँदैछ २०५४, दरबार हत्याकाण्ड २०५८, प्रेमराज २०६५, आमा शोक काव्य २०७१, निर्मलमणी २०७२ र माया दुरीदैन २०७५ आदि ।

साहित्यकार भण्डारीका कयौं कृतिहरू अप्रकासित रहेका छन् । २०३८ साल देखि साहित्य लेखनमा अनवरत रूपमा कलम चलाउँदै आउनु भएका भण्डारीले साधना र उपासनामा निरन्तर लागिरहेका छन् । साहित्यलाई एक प्रमुख माध्यम मान्ने भण्डारी साहित्यका एक प्रमुख धरोहर मानिन्छन् । साहित्य साधना र उपासनामा अहोरात्र खट्ने भण्डारीले स्थानीय साहित्य प्रतिभाहरूको कृतिहरू सम्पादनको काम निरन्तर गरिरहनु भएको छ । साथै डोटेली साहित्य पत्रिका (द्वोमासिक) सुदूर चिनारीको कार्यकारी सम्पादक भएर काम गरिरहनु भएको छ । विगतमा पनि शिक्षण पेशाका साथ-साथै साहित्य साधनालाई उत्तिकै समय दिने भण्डारी हाल डोटेली लोक साहित्य तथा कविता विधाको बारेमा गहन अध्ययन गरिरहनु भएको छ । उनका कयौ कृतिहरू आर्थिक अभावका कारण प्रकाशनमा आउन सकेका छैनन् । आशा गरौं आगामी दिनहरूमा बाँकी प्रकाशनमा रहेका कृतिहरू पनि प्रकाशनमा आउने छन् ।

**५.२ निष्कर्ष**

` जन्म वि.सं. २०१३ साल माघ महिनाको १२ गते सरस्वतीनगर गा.वि.स. वडा नं. ६ बेलटुक्रा जोरायल डोटीमा वुवा स्व. भानदत्त भण्डारी र माता स्व. धर्मा देवी भण्डारीका कोखबाट जेष्ठ सुपुत्रको रूपमा भएको हो । उनको औपचारिक शिक्षा स्थानीय गाउँकै श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टे जोरायलमा वि.सं. २०२१ सालमा भर्ना भएका थिए । सानै उमेर देखि लगनशिल मेहनती र मिलनसार भण्डारीले वि.सं.२०२६ सालमा श्री रघुनाथ

माध्यमिक विद्यालय निरौली डोटीमा कक्षा ६ मा भर्ना भएका थिए । वि.सं. २०३० सालमा श्री घण्टेश्वर माध्यमिक विद्यालय जोरायल डोटीबाट एस.एल.सी. पास गरेका थिए ।

एस.एल.सी. पास गरिसकेपछि घरको विविध समस्याका कारण उच्च शिक्षा हासिल गर्ने सपना पुरा नहुने भयो । उनले केही वर्ष घरमै गाईभैसी डुलाउँदै, पानी पँधेरो गर्दै बिताउनु पर्ने भयो । विभिन्न समस्याहरूसँग जुझ्दै अगाडि बढेका भण्डारीले वि.सं. २०३३ साल देखि वि.सं. २०३५ साल सम्म श्री घण्टेश्वर साधारण माध्यमिक विद्यालय जोरायल डोटीमा अस्थायी शिक्षकको रूपमा शिक्षण गर्नु भयो । उनले वि.सं. २०३६ सालमा नेपाल सरकारबाट लिइने लोकसेवा आयोगको परीक्षामा सम्मिलित भई नाम निकाल्न सफल हुनुभयो । त्यसपछि उनि २०३९ सालमा स्थानीय श्री शिवपुर प्राथमिक विद्यालय चनकट्टे डाटीका स्थायी शिक्षकको रूपमा काम गर्न थाले । शिक्षण पेशामा रहँदा पनि उनको साहित्य लेखन उत्तिकै अगाडि बढीरहेको थियो । शिक्षण पेशामा उत्कृष्ट तथा इमानदारी गरेको कारण उनलाई नेपाल सरकार शिक्षा मन्त्रालयले वि.सं. २०४८ सालमा राष्ट्रिय शिक्षा पदकले सम्मानित गऱ्यो ।

यसरी शिक्षण कार्य र साहित्यलेखनलाई सँग-सँगै आगाडि बढाई राख्नुभएका भण्डारीको जीवनमा एक ठूलो समस्या खडा भयो । त्यो थियो उच्च शिक्षा, एस.एल.सी. पास गरेको झण्डै २० वर्ष पछि उनले उच्च शिक्षा हासिल गर्ने हेतुले वि.सं.२०५० सालमा कैलाली बहुमुखी क्याम्पस कैलालीमा ११ कक्षामा भर्ना भएर इन्टर पास गऱ्यो । त्यसपछि उनलाई फेरि ठूलो समस्या खडा भयो । उनको पिताको स्वार्गारोहण भयो । घरको सबै जिम्मेवारी उनकै काधमा आईपऱ्यो ।

२०४६ सालमा उनी गायत्री तीर्थ शान्तिकुञ्ज हरिद्वारबाट प्रकाशन हुने विशुद्ध धार्मिक पत्रिका अखण्ड ज्योति हुलाकबाट मगाएर पढ्ने गर्थे । तत्कालीन स्थानीय पँचेहरूले उनलाई विपीको साहित्यिक रचना पढेर उनको विचारको समर्थन भएइको भन्दै उजुरी गरेपछि उनलाई नेपाल प्रहरीले पक्रेर जिल्ला प्रहरी कार्यालय डोटीमा थुनामा राख्यो र दीनुसम्म दुःख दियो ।

त्यहाँबाट पनि उनी छुट्न सफल भए । त्यसपछि उनलाई ने.क.पा.माओवादीले दिनु दुःख दिन थाले । उनको जोरायल स्थित बस्दै आएको घर कब्जामा लिएर उनलाई घर निकाला समेत गरिदिए । उनी केही समय त त्यही घरमा लुकी छिपी बसे । फेरि उनलाई घर छाड्न धम्की दिएपछि उनी आफ्नो घर छोडी छिमेकी आफन्तको घरमा बस्न पुगे त्यही पुगेर

माओवादीले ज्यान मार्ने धम्की दिएपछि फेरि उनी चिन्तित भए । उनलाई जबरजस्ती जागीरबाट राजीनामा गर्न बाध्य बनाईयो । यति ठूलो समस्या पर्दा पनि साहित्यकार भण्डारी समस्यादेखि कहिल्यै डराएनन् । उनी साहित्य साधना र उपासना कार्यलाई निरन्तरता दिदै गए ।

यसरी यस क्षेत्रमा अगाडि बढ्दै जाँदा उनले हालसम्म जम्मा आठ वटा साहित्य कृतिहरू प्रकाशनमा ल्याउन सफल हुनुभएको छ भने कयौ अप्रकासित कृतिहरूको पनि सिर्जना भएको छ । साहित्यकार भण्डारीले आफ्नो निरन्तरको प्रयासले वि.सं.२०५२ सालमा कर्तव्यबोध सन्देश कविता संग्रह प्रकाशन गरी आफ्नो साहित्य यात्रालाई औपचारिक रूपमा अगाडि बढाए । त्यसपछि क्रमशः उनका वि.सं. २०५२ सालमै चेलीबेटीको बिलौना गीति काव्य, वि.सं. २०५४ मा सावधान नयाँयुग आउँदैछ खण्ड काव्य, वि.सं. २०५८ सालमा दरबार हत्याकाण्ड शोक काव्य, वि.सं. २०६५ मा प्रेमराज शोक काव्य, वि.सं. २०७१ मा आमा शोक काव्य, वि.सं. २०७२ सालमा निर्मलमणि कविता संग्रह र वि.सं. २०७५ सालमा माया दुरिदैन डोटेली गीीतसंग्रह प्रकाशनमा ल्याई सक्नु भएको छ भने उहाँका धेरै कृतिहरू प्रकाशित रहेका छन् ।

साहित्य क्षेत्रमा लोकसाहित्य र कविता विधामा बढी कलम चलाउने भण्डारी कविता विशेष गरेर मन्दाक्रान्ता छन्द, शार्दूलविक्रीडित छन्द र बसन्ततिलका छन्दमा कविता लेख्ने गर्दछन् । डोटेली साहित्य अन्तर्गत उनले आफ्ना दुई वटा कृतिहरू डोटेली गीतिसंग्रह भनी नाम दिएका छन् । डोटीको स्थानीय जनजीवन, त्यहाँको कला, भाषा, संस्कृति र मौलिकपनको प्रचार प्रसार तथा जगेर्ना गर्ने उद्देश्यले भण्डारीले डोटेली लोक साहित्य अन्तर्गतको डोटेली देउडाको बारेमा अध्ययन गरेको पाइन्छ । उहाँका हाल सम्म जम्मा ८ वटा प्रकाशित कृतिहरू रहेका छन् ।

### १. कर्तव्य बोध सन्देश

कर्तव्यबोध सन्देश कविता संग्रह वि.सं.२०५२ सालमा प्रकाशनमा आएको पहिलो कृति हो । यस अगाडि उहाँले आफ्ना फुटकर कविता, लेख तथा विश्लेषणहरू स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियोहरूमा प्रसारण भइसकेका थिए । बयानब्बे पेजमा रहेको यो कृति भित्र कयौ शीर्षकहरूमा कविताहरू रहेका छन् । शार्दूल विक्रीडित छन्दमा लेखिएका कविताहरू यस कृतिमा समावेश गरिएका छन् । यस कृतिमार्फत् कविले साहित्यको पहिलो विधा कविता विधा हाल लोप हुने अवस्थामा पुगेकाले यस विधाको गरिमा महिमा र यस विधालाई संरक्षण गर्न

यस विधाको बारेमा बोलेका छन् । साथै हाम्रा संस्कृति, मौलिक परम्पराहरू नासिदै गएको र पाश्चात्य संस्कृति हावी हुँदै गएको वर्तमान समयमा हाम्रो पहिचान बचाई राख्न आग्रह गरेका छन् । पूर्खाहरूको त्याग तपस्यालाई मनन गर्न जरुरी छ भनेका छन् । हाम्रो संस्कार र पुर्खाले देखाएको बाटो कहिल्यै नभुल्नु भनि साहित्यलेखन मार्फत सबैमा आग्रह गरिएको छ । पुर्खाको आदर्श, आफ्नो भाषा, संस्कृति, परम्परा र पहिचान नरहे हामी नेपालीको पहिचान पनि नरहने भन्दै कविले यस कृति मार्फत सबैमा अनुरोध गरेका छन् । हाम्रो मौलिक परम्परा पुर्खाले देखाएको मार्ग, संस्कारहरू, जोगाउने काम हामी सबै नेपालीको हो । यो हाम्रो पहिलो कर्तव्य हो । यसलाई कर्तव्यबोध गर्नुपर्नेमा आग्रह गरिएकाले यो कृति अमुल्य र समसामयिक कृतिको रूपमा रहेको छ ।

**२. चेलिबेटीको विलौना (गिती संग्रह) २०५२**

चेलिबेटीको बिलौना गिती संग्रह` दोस्रो प्रकाशित कृति हो । यस कृतिमा थोरै लामा गिती कविताहरू समावेश भएका छन् । जम्मा २६ पेजमा लेखिएको यस कृतिमा डोटेली ग्रामीण बस्तीमा बस्ने छोरी चेलीले भोग्नुपर्ने सबै समस्याहरूलाई यस कृतिमा मौलिक रूपमा गिती सन्देश मार्फत सन्देश दिन खोजिएको छ । शिक्षाको उज्यालो ज्योतीबाट टाढा रहेका ग्रामीण छोरी चेलीहरूले आफ्नो जीवनमा भोग्नुपर्ने कयौं दुःख, कष्ट तथा जन्म ठाउँ छोडी परायाको घरलाई आफ्नो घर ठान्नुपर्ने बाध्यता लगायतका थुप्रै कथा र व्यथाहरू समेटिएर यस कृतिको सिर्जना गरिएको पाइन्छ ।

आर्य संस्कतिमा पुरुष जस्तै नारी वर्गको पनि समान अधिकार र कर्तव्य वर्णीत छ । एउटा पुरुषले चलाउन सक्ने घर व्यवहार, बन्द व्यवहार, स्याहारसुहार र समाजमा गर्न सक्ने अगुवाई र समाजसेवा एउटा नारीले पनि गर्न सक्छ । तर पराधीनताले सदैव नारी मन मष्तिष्क, जैवनिय क्रियापद्धति, उत्कृष्ठ एवं जागरुक विचार धारालाई दमित तुल्याई दिन्छ । अरुको आज्ञा विना उसले आफ्नो स्वइच्छा अनुसार कुनैपनि कार्यको थालनी गर्न सक्दैन ।

सधै पराधीनमा रहेर जीवन जिउनुपर्ने, अशिक्षित, अज्ञानी जीवन सधै चुलो चौका र मेला पातमै विताउनुपर्ने जस्ता कार्यहरूलाई नै आफ्नो जीवन ठान्नुपर्ने हुँदा यस्ता छोरी चेलीको व्यथाहरू समेटेर भण्डारीले यस कृतिमा समावेश गरेका छन् । तसर्थ यो कृति

अनुसन्धानात्मक कृतिको रूपमा रहेका छ । यस कृतिले ग्रामीण जीवनका अशिक्षित अवला नारीहरूको प्रतिनिधित्व गर्दछ ।

**३. सावधान नयाँयुग आउँदैछ (वि.सं. २०५४)**

सावधान नयाँयुग आउँदैछ खण्ड काव्य (२०५४) कृति कवि भण्डारीको तेस्रो कृति हो । अठार पेजमा समेटिएको यो कृतिमा विभिन्न शिर्षकका धेरै कविताहरू समेटिएका छन् । सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढीद्वारा प्रकासित यो कृतिका कविताहरू सार्दुल विक्रीडित छन्दमा लेखिएका छन् । सावधान नयाँयुग आउँदैछ कृतिका माध्यमद्वारा कविले दिनानुदिन पतनोन्मुख विश्व समुदाय खास गरी आर्य संस्कृतिका अनुयायीहरूलाई आफ्ना पूर्वजहरूले दिएर गएका साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्न तर्फ अभिप्रेरित गर्नु भएको छ । दर्जनो प्रकासित तथा अप्रकासित कृतिका स्रष्टा भण्डारीले यस युगमा जन्मिनु आफैमा भाग्यको कुरा भएकाले यस जुनिको सहि सदुपयोग गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

यस जुनिमा केही राम्रा, असल र परपयोगी काम गरेभने आगामी पुस्ताले पनि सोही कुराको अनुसरण गर्ने मौका पाउँछन् । तसर्थ पुर्खाले जोगाएका राम्रो संस्कार र संस्कृतिको यस पुस्ताले पनि अनुशरण गर्न आवश्यक रहेको छ भन्ने आशय व्यक्त गरेका छन् । यस युगमा गरेका राम्रा कामको अनुशरण योग्य पुस्ताको लागि असल हुनु र असल बनाउनु जरुरी छ । त्यस कारण सावधान हुन आवश्यक छ किन की नयाँ युगका लागि केही न केही राम्रो काम गरेर यस जीवनलाई सार्थक तुल्याउन सबैमा आग्रह गरिएको छ ।

**४. दरवार हत्याकाण्ड (वि.सं. २०५८)**

दरबार हत्याकाण्ड २०५८ साहित्यकार निर्मलकुमार भण्डारीको एक शोक काव्य हो । यो जम्मा ५४ पेज रहेका छन् । यस कृतिमा जम्मा ४५ वटा कविताहरू रहेका छन् । यस कृतिमा सबै कविताहरू सार्दुल विक्रीडित छन्दमा लेखिएका छन् । भण्डारीको चौथो कृतिको रूपमा रहेको यो काव्य कृति करुणिक रसमा लेखिएका कविताहरू मर्मस्पर्सी भावले भरिपूर्ण देखिन्छन् । सुदूरपश्चिमाञ्चल साहित्य समाजद्वारा प्रकासितकृतिमा नेपालको राजपरिवार र २०५८ साल जेठ १९ गते राजदरवारमा भएको नरसंहारकारी हत्याकाण्डको विषयमा केन्द्रित रहेको छ ।

सयौं वर्ष देखि नेपालमा राजकिय व्यवस्था सम्हाल्दै आएका राजपरिवारको अन्त्य हुने गरी भएको दरबार हत्याकाण्डमा नेपाली जनताले आफ्ना प्यारा राजा श्री ५ वीरेन्द्रको हत्याकाण्ड कसरी भयो ? किन भयो भन्ने बारेमा आजसम्म चित्त बुझ्दो जवाफ आउन सकेको छैन । नेपाली जनता अझै प्रष्ट भैसकेका छैनन् । यसै सेरोफोरोमा रहेर साहित्यकार निर्मलकुमार भण्डारीले आफ्नो कृति दरबार हत्याकाण्डको विषय केन्द्रित गरेका छन् ।

**५. प्रेमराज वि.सं.२०६५**

प्रेमराज शोक काव्य साहित्यकार निर्मलकुमार भण्डारीद्वारा लिखित तथा सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढीद्वारा प्रकाशित कृति हो । जम्मा ५४ पेजमा रहेको यो कृतिमा जम्मा ४१ वटा कविताहरू रहेका छन् । भण्डारईको पाँचौ कृतिको रूपमा रहेको काव्य शार्दूलविक्रिडित छन्दमा लेखिएका विभिन्न शीर्षकका कविताहरू सत्य घटनामा आधारित छन् ।

डोटी जोरायल पहाड घर भएका र हाल कैलाली बस्दै आएका प्रेमराज जोशी एक सामाजिक व्यक्तित्व हुन् । उनी समाज सेवाको कार्यमा निरन्तर लागि रहने व्यक्ति पनि हुन् । केही वर्ष अघि श्री दुर्गालक्ष्मी उच्च माध्यमिक विद्यालय अत्तरियाको स्कुलको कामले काठमाण्डौं गएको प्रेमराज जोशी काम गरेर घर फर्कने क्रममा बाटोमा बस दुर्घटनामा परेका थिए । बस दुर्घटनामा उनले ज्यान गुमाउनु पर्‍यो ।

उनै समाजसेवी नेता प्रेमराज जोशीको जीवनीमा आधारित प्रेमराज कृति शोक कृति हो । यस कृतिमा समाजसेवी प्रेमराजको जीवन दर्शन प्रस्तुत गरिएको पाइन्छ । मान्छे संसारमा जन्मिन्छ तर केही न केही राम्रा काम गरेर जानु असल मानिन्छ । जोशीले पनि आफ्नो जीवनमा थुप्रै समाजसेवाको काम गर्दै अगाडि बढेको पाइन्छ । यिनै प्रेमराज जोशीको जीवन कथामा आधारित प्रेमराज एक लोकप्रिय काव्य हो ।

**६. आमा (वि.सं. २०७१)**

आमा वि.सं. २०७१ शोक काव्य साहित्यकार निर्मल भण्डारीको छैठौं शोक कृति हो । छत्तीस पेजमा रहेको यो कृतिमा कवि भण्डारीका जम्मा १२ वटा लामा कविताहरू समेटिएका छन् । मन्दाक्रान्त र बसन्ततिलका तथा शार्दुल विक्रीडित छन्दमा लेखिएको उक्त कृति सानो भएपनि मूल्यवान कृतिको रूपमा लिइन्छ ।

कवि निर्मलकुमार भण्डारीको आफ्नै जीवन कहानीमा आधारित यथार्थपरक यो कृति उनले आफ्नो आमाको सम्झँनामा प्रकाशन गरेको पाइन्छ । आफ्नो जन्म दिने आमा र जनभूमि एउटै मान्ने कविले एउटा असल छोरा जन्माउनुमा आमाको धन्य भएको ठान्दछन् ।

हाल आमा बुवाप्रति छोराछोरीको व्यवहार परिवर्तनले आमा बुवाले छोरा छोरीबाट टाढा वृद्धाश्रममा बस्नुपर्ने बाध्यता भएको परिप्रेक्ष्यमा असल छोरो छोरोले आफ्नो  जन्म दिने आमा बुवालाई दुःख नदिन आग्रह गरेका छन् । आमा भन्दा ठूलो संसारमा अरु कुनै नाता नभएकाले सबैले आफ्नो आमाप्रति सदासयता देखाई छोराको कर्तव्य पालना गर्न अनुरोध गरिएको छ ।

**७. निर्मलमणिवि.सं. २०७२**

निर्मलमणि २०७२ कविता संग्रह साहित्यकारको  सातौं कृति हो । एकानब्बे पेजमा रहेको यस कृतिभित्र विभिन्न फरक-फरक शीर्षकमा लामा तथा छोटा कृतिहरू रहेका छन् । निर्मलमणि कविता संग्रहलाई दुई भागमा विभाजन गरेको पाइन्छ । (१) निर्मलमणिखण्ड (२) मणि खण्ड । निर्मलमणि खण्डमा साहित्यकार निर्मलकुमार भण्डारीका लामा तथा छोटा उन्नाईसवटा कविताहरू रहेका छन् भने मणि खण्डमा साहित्यका तथा महाकाव्यकार मनिराज जोशीका लामा तथा छोटा गरी जम्मा उन्नाईसवटा कविताहरू समावेश गरिएकाछन् ।

द्वय साहित्यकार निर्मल भण्डारी र मनिराज जोशीको संयुक्त कविताहरू समावेश गरिएको कृति निर्मलमणीमा शार्दूलविक्रीडितछन्द र मन्दाक्रान्ता छन्दको प्रयोग भएको पाइन्छ । महाकाव्यकार मनिराज जोशी ज्यूका थुप्रै काव्य कृतिहरू प्रकाशनमा छन् । उनी छन्द कविको रूपमा चिनिने गरिएका छन् । थुप्रै महाकाव्य, खण्डकाव्य र भजन संग्रहहरू प्काशनमा ल्याएका मनिराज जोशीका रसयुक्त कविताहरूले झन निर्मलमणी संग्रहको तौल बढेको देखिन्छ ।

छन्दका उत्कृष्ठ सर्जक वरिष्टकवि निर्मलकुमार भण्डारी भ्रमितको कला साहित्यको त कुरै छोडौ निरन्तर साधना र उपासनामा लागि रहने कवि भण्डारी एक प्रखर व्यक्ति हुन् । उनको कवित्व प्रवृत्ति राष्ट्र कवि माधव प्रसाद घिमिरेसँग मिल्न जान्छ ।

**८. माया दुरीदैन वि.सं. २०७५**

माया दुरिदैन वि.सं. २०७५ छन्दकवि निर्मलकुमार भण्डारीको आठौं कृति हो । एकसय छयालिस पेजमा रहेको यो कृति विसुद्ध डोटेली भाषाको प्रयोग गरी लेखिएको कृति हो । हजार भन्दा बढी डोटेली गीतहरू समावेश गरिएको उक्त कृति लोकसंस्कृति संरक्षणा लागि उदाहरण

कृति हो । यस कृतिले स्थानीय लोक संस्कृतिलाई जोगाइ उक्त संस्कृति संरक्षण गर्न प्रचार प्रसारको काम गरेको पाइन्छ ।

साहित्यकार निर्मलकुमार भण्डारीद्वारा प्रकाशित उक्त कृति आफ्नो जन्मभूमि तथा वाल्यकालको यादकर क्षणहरूको सम्झनाको सेरोफेरोमा आधारित छ । यस कृतिमा कविले आफू जन्मेको, हुर्केको ठाउँको सम्झनाले सताउँदा मन उतै उडिजाने प्रसंग उल्लेख गरेका छन् ।

साहित्यकार भण्डारीले डोटेली भाषाको संरक्षण, सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हुने कुरा औल्याएका छन् । भण्डारीले आफू जन्मेको हुर्केको ठाउँको माया नदुरिने बताएका छन् । मान्छे समय परिस्थितिले जति टाढा भएपनि जन्मभूमि र खेल्ने ठाउँ कहिले टाढा नहुने प्रसंग यस कृतिमा उल्लेख गरेका छन् । मौलिक कृतिको रूपमा रहेको माया दुरीदैन विगतका सम्झनाको संगालो हो ।

हाम्रो देश बहुजातिय, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक, परम्पराका जात जातिहरूको बसोबास भएको देश हो । पश्चिम महाकाली देखि पूर्व मेचीसम्म बसोबास गर्ने जातजातिहरूका फरक फरक चलन र परम्परा रहेको भएपनि हिन्दु आर्य परम्पराको धनिभूतरूपमा प्रभाव रहेको देखिन्छ । त्यसको मूलकारण एकिकृत नेपालको निर्माण पछि सदियौं सम्म हिन्दु आर्य परम्परावादी शासकहरू र उनका सेरोफेरोमा रहेको शासकहरूका शासन शैली एवं व्यवहारका कारण आर्य परम्पराले अग्रणी भूमिका खेल्दै त्यो परम्परा स्थापित हुँदै गएको देखिन्छ ।

नेपालका जनजातिहरू मूलतः मगर, गुरुङ्ग, राई, लिम्बू शेर्पा, तामाङ, थारु, धिमाल, चेपाङ, जिरेल, माझी, दनुवार, राजी, राउटे आदि जाजतजातिहरू देखिन्छन् । जो आर्य परम्परा भित्रका होइनन् । उनीहरू वर्ण व्यवस्थाभित्र पनि पर्दैनन् । हाल त्यस्ता जातजातिहरू पनि हिन्दू परम्परामा प्रभावित हुँदै गईरहेको अवस्था छ । यो दृष्टि कोणले हेर्दा नेपाल बहुराष्ट्रिय मुलुक जस्तो भएपनि यहाँ अनेकतामा एकता भएर आपसमा सहिष्णुता मुलुक जस्तो भएपनि यहाँ अनेकतामा एकता भएर आपसमा सहिष्णुता कायम रहँदै आईरहेको छ ।

अहिलेको युगसँग बाझिने परम्पराहरू दीर्घकालीन रूपले हट्नै जाने विषयहरूलाई नै साँस्कृतिक क्रान्ति भनिन्छ । यसबाट के बुझ्नु पर्दछ भने संस्कृति परम्परा परिवर्तनीय हुन्छ । त्यो दिर्घकालिन ढंगले मात्र परिवर्तन हुन सक्दछन् । त्यो परिवर्तन गर्न राजनीतिक परिवर्तन

जति सजिलो छैन । हाम्रा राम्रा सांस्कृतिक परपम्रालाई जोगाउने र हालको परिवेशसँग मेल नखाने रुढीवादी चलनलाई क्रमशः उखेलेर झ्याक्ने काममा विद्यमान वर्ग र यूवाहरूले अग्रणी भूमिका खेल्न गरुरी छ ।

सुदूरपश्चिम प्रदेश साँस्कृतिक रूपले अरु प्रदेश भन्दा धनी छ । यहाँ बसोबास गर्ने मानिसहरू मूलतः आर्य सभ्यताका रहेका छन् । तराईका जिल्ला कैलाली, कञ्चनपुरमा थारु जातीको बसोबास केही रूपमा र पहाडी भू भागको तल्लो भेगतिर केही हदसम्म आर्य मूलकै बोलबाला देखिन्छ । यहाँको सांस्कृतिक चाडपर्वहरू गौरा पर्व मूलरूपमा रहेको छ भने अन्य यहाँका मौलिकता झल्किने चाडपर्वहरूका साथै ड्यौडा गीत, तराईको सखिया नाँच एवं पहाडको भुवा नाँच आदि रहेका छन् ।

जे होस अनेक जातजातीका आ-आफ्नै खालका चालचलन, भेषभुषा र रितिरिवाज भएपनि सबैलाई आ-आफ्नै चालचलन राम्रो लाग्नु स्वाभाविकै हुन जान्छ । मानिस जहाँ जन्मन्छ, हुर्कन्छ र जहाँ खेल्दछ त्यो ठाउँ अत्यन्त प्यारो लाग्दछ । आमा जतिकै प्यारो लाग्ने ठाउँहरूलाई तुरुन्त भुल्न नसकिने कुरा कवि निर्मलकुमार भण्डारी आफ्नो कृति सन्देश मार्फत बताउँछन् । जस्तै :

पुर्ख्यौली थातथली छनाई, बासमति भात छनाई,
लागेकी नौकरी छनाई, दौतरी साथ छनाई ।

जोराईल स्वर्ग हो मेरो, सम्पदाको धनी,
प्रकृतिले सजिएको, शान्त रम्य भुमि ।

गोगनी काफली गाड, कर्नासाका साथी,
चनकट्टे छन् चन्डेश्वर, जलादेवि माथी ।

वारी-पारी डाँणा काँणा, बिच मेरो खेत,
वेलटुक्रा सम्जेका बेला, औला बौला चेत ।

नागवेली कनासी गाड, जोराईल बगन्छ,

काईछ बिच, काई किनार, हेरीरौं लागन्छ ।

यस माया दुरीदैन कृति भित्र कविले आफ्ना पुर्खाहरूको बारेमा केही बोल्न खोज्नु भएको छ । प्रस्तुत कृति गीत मात्र हुन भन्दा अन्याए हुनेछ । यो कृति खण्डकाव्यको रूपमा आएको देखिन्छ । यस कृतिमा कविका आफ्ना पिडा व्यथा मात्र नभएर जन्य भुमि प्रतिको प्रगाढ माया दर्साउनु भएको छ । यो कृति कविको आत्मापरक निबन्ध बन्न पुगेको छ । यसमा पौराणीक र ऐतिहासिक तथ्यहरू प्रस्तुत भएका छन् । त्यतिमात्र नभएर आत्मा देखि परमात्मा सम्मको विचरण यस काव्यमा कविले गर्नु भएको छ । तसर्थ यो कृति समय सान्दर्भिक एवम् कविको आफ्नै अनुभवजन्य अनुभूतिको संगालो बन्न पुगको छ ।

### ५.३ सम्भाव्य शोध शीर्षकहरू

लोक कवि एवं सर्जक निर्मलकुमार भण्डारीका कृतिका बारेमा भविष्यमा थप अध्ययन अनुसन्धानका सम्भावित शीर्षक रहेका छन् । यो शोध पत्रमा सबै पक्षको विवेचना र विश्लेषण सम्भव भएको छैन । अतः भविष्यमा निर्मलकुमार भण्डारीका कृतित्वको बारेमा शोध गर्ने शोधार्थीहरूको लागि निम्नलिखित शीर्षकहरूमा थप शोध कार्य गर्न सकिने देखिन्छ ।

सम्भाव्य शीर्षकहरू

१. निर्मलकुमार भण्डारीको कर्तव्यबोध कविताको भाषिक अध्ययन ।

- छन्दको अध्ययन
- अलङ्कारको अध्ययन

२. चेलीबेटीको विलौना कृतिको गीतहरूको भाषिक एवं सांस्कृतिक अध्ययन ।

३. निर्मलकुमार भण्डारीको दरबार हत्याकाण्ड कृतिमा सामाजिक अध्ययन ।

४. निर्मलकुमार भण्डारीको सावधान नयाँ यूग आउँदैछ कृतिको विधागत अध्ययन ।